CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

१३५ पूर्णाङ्क

हेलिओदोरको गरुडध्वज	३५९-३६०
लक्ष्मीनरसिंह मल्ल र सन्यासी	३६१-३७७
नेवारराज्यमा ब्राह्मण– थप २ थान ताम्रपत्र	३७८-३८६
नेवारराज्यमा ब्राह्मण– थप २ थान ताडपत्र	३८७-३९४
नेवारराज्यमा ब्राह्मण– जयप्रकाश मल्लले गरिदिएको जितापत्र	३९५-४०२
जयप्रकाश मल्लले गुह्यकालीको पुरश्चरण गर्न तयार गरिएको पुस्तक	४०३-४१२
गीर्वाणयुद्धविक्रम शाहको चिनाका चित्र	४१३-४२२
वि.सं. १८५६ देखि १८७१ भित्रका ९ पत्र	४२३-४३१
नयराज पन्तको, वि.सं. १९९४-१९९९ को टिपोट	४३१-४३५
तेत्तीसौँ वर्षको आम्दानीखर्चको विवरण	४३६

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटे गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

३४ वर्ष

३ अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ३००।-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बिक्रीमा भएका हाम्रा कृति

१.	*अभिलेख-संग्रह (६-१२ भाग)*	५।-
२.	*आदर्श, अ सप्लिमन्ट् टु पूर्णिमा, द जर्नल् अफ् द संशोधन-मण्डल (१-२ सङ्ख्या)*	५५०।-
३.	*इतिहास-संशोधन*	४००।-
४.	*इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ*	५।-
५.	*गोरखाको इतिहास (१-४ भाग)*	५००।-
६.	*त्रिकोणमिति*	२५।४०
७.	*दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको धूपघडी*	१००।-
८.	*धादिङ्मा फेला परेका नेपाली कविता*	७५।-
९.	*नयराज पन्तलाई चिनाउनको लागि*	२५।-
१०.	*नेपालको संक्षिप्त इतिहास*	१२५।-
११.	*नेपालसंवत्‌को राष्ट्रिय मान्यताको अनौचित्य*	५।-
१२.	*पञ्चाङ्ग-संशोधन*	१००।-
१३.	*पं. गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति*	१६।४०
१४.	*पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा*	८०।-
१५.	*पूर्णिमा (१३-३२, ३४-१३४ पूर्णाङ्क)*	६०७८।-
१६.	*प्राचीन र नवीन गणितको तुलना*	१५।-
१७.	*बडागुरुज्यू विजयराजसँग सम्बद्ध पत्रहरू*	५२५।-
१८.	*बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर*	५०।-
१९.	*रत्नदीप*	२।५०
२०.	*रत्नदीप १ भाग*	१०५।-
२१.	*रत्नदीप २ भाग*	९२।-
२२.	*राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी*	७५।-
२३.	*लिच्छवि-संवत्‌को निर्णय*	१००।-
२४.	*विद्या-रक्षा*	१००।-
२५.	*विश्रान्ति*	८२।-
२६.	*वृत्तशतक*	३।-
२७.	*व्याकरण-संशोधन*	४५।-
२८.	*श्री ३ महाराज पद्मशमशेरका कुरा*	१२।-
२९.	*सावधान-पत्र*	१२५।-
३०.	*हाम्रो उद्देश्य र कार्यप्रणाली*	१००।-
३१.	*हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना*	२९।-
३२.	*हू डिड् अंशुवर्मन् राइट् ?*	४०।-

हाम्रा कृति पाइने ठेगाना

संशोधन-मण्डल
२७ डल्लुआवासमार्ग, काठमाडौँ, नेपाल
फोन नं. ४६७०३८०, ४३०१०२५

११६ पावनगल्ली, धुम्बाराही, काठमाडौँ, नेपाल
फोन नं. ४४३५७४९, ९८४९२२१६४२

ई-मेल– samshodhanamandala@yahoo.com
पो.ब.नं. ४१६६, काठमाडौँ, नेपाल

साझा प्रकाशनका सबै पसलमा

हिमालयन बुक सेन्टर
रेडक्रस बिल्डिङ, बागबजार
पो.ब.नं. १३३९, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०८५

वज्र बुक शप
ज्याठाटेल
पो.ब.नं. २१७७९, काठमाडौँ, नेपाल
फोन नं. ४२२०५६२

रत्न बुक डिष्ट्रिब्यूटर्स
७१ क ब्याङ्कमार्ग, बागबजार
पो.ब.नं. ९८, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०७७, फ्याक्स नं. ४२४८४२१

रत्नपुस्तकभण्डार
ग्रीन हाउस २७१, माइतीघर, काठमाडौँ, नेपाल
फोन नं. ४२४०८५०

पाटन बुक शप
पाटन ढोका, ललितपुर, नेपाल
फोन नं. ५५५५२५६

बुक प्यार्‌अडाइस
जमल, काठमाडौँ, नेपाल
फोन नं. ४२३३४५६, ४३३१०६३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हेलिओदोरको गरुडध्वज

- नयराज पन्त

[नयराज पन्त (वि.सं. १९७०-२०५९)ले दिनकादिन जस्तो केहीनकेही लेख्ने क्रममा आफ्नो ३६ वर्षको उमेरमा संस्कृतमा लेखेको यो सानो लेख कलेजी रङ्गको, झण्डै ४०० पृष्ठ भएको, फूल्स्केप साइजको सजिल्द कापीको २९२ पृष्ठमा छ। उनकै हस्ताक्षरमा बाँसको कलमले काले पाको मसीले लेखिएको यो लेख अहिलेको भारतको मध्यप्रदेश राज्यमा भेलसाको बेसनगरको एउटा गरुडध्वजको उत्कीर्ण लेखबारे छ। यो उत्कीर्ण लेख यवन राजा अन्तिअलिकिदका दूत भई राजा भागभद्रकहाँ आएका हेलिओदोरको हो। भागभद्र राजा भएको चौधौँ वर्षमा यो उत्कीर्ण लेख राखिएको हो। विदेशी तथा विधर्मी हेलिओदोरले यस उत्कीर्ण लेखमा आफ्नो नाउँमा **भागवत** पद जोडी गरुडध्वज खडा गरेकाले उनी वैष्णवधर्मको भागवतमार्गका अनुयायी देखिन्छन्। त्यस वेलाको चलनअनुसार गद्दीनशीन राजा भागभद्रको राज्यवर्ष दिइएकोले यस उत्कीर्ण लेखको समय बाह्य प्रमाणको आधारमा विक्रमपूर्व पहिलो शताब्दीको हो भनी विद्वान्हरूले ठहर गरेका छन्। त्यतिअगाडि विधर्मीले भागवतमार्ग लिएको कुरा यस उत्कीर्ण लेखले देखाएकोले बुद्धिजीवीहरूमा यसको निकै चर्चा भयो। त्यसैले नयराज पन्तले पनि यस विषयमा लेखेको देखिन्छ।

प्राकृतभाषाको यस उत्कीर्ण लेखको संस्कृतच्छाया दिई यो लेख उठाइएको छ। त्यसपछिको कण्डिका त्यस उत्कीर्ण लेखबारे छ र प्राचीन पद्धतिको अनुसरण गर्दै अनुष्टुभ् छन्दका ३ पद्य लेखी यस लेखको उपसंहार गरिएको छ।

त्यहाँ दिइएको संस्कृतच्छाया नयराज पन्तले दीनेशचन्द्र सरकारको अभिलेखसङ्ग्रहबाट उठाएको देखिन्छ।[१] दीनेशचन्द्र सरकारले सन्धि नगरी पद पद छुट्ट्याएर दिएकोमा यहाँ सन्धि गरिएको छ।

दीनेशचन्द्र सरकारले प्राकृत उत्कीर्ण लेखको संस्कृतच्छाया बनाएको कुरा उठ्दा त्यति प्रासङ्गिक नभए पनि एउटा कुरा भन्नुपरेको छ। संस्कृतभाषामा दीनेशचन्द्र सरकारको त्यति अधिकार नभएको कुरा उनले आफ्ना पुस्तकमा संस्कृतमा लेखेका समर्पणवाक्यबाट स्पष्ट भएकोले त्यस विषयमा मैले अन्यत्र टिप्पणी गरी पनि सकेको छु।[२] यस कारण थुप्रा प्राकृत उत्कीर्ण लेखको संस्कृतच्छाया उनले कसरी गरे होलान् भन्ने प्रश्नको उत्तर उनकै यस

> **थ्याङ्क्स् आर् अल्सो ड्यू टु पन्डिट् क्षितीश् चन्द्र शास्त्री फर् सम् इन्टरिस्टिङ् कम्एन्ट्स् यान्ड् फर् हिज् असिस्ट्यान्स् इन् द प्रिपेरेशन् अफ् द स्यान्स्क्रिट् *छाया* अफ् मोस्ट् अफ् द प्राक्रिट् रेक्अर्डज् यान्ड् इन् करेक्टइङ् सम् अफ् द प्रूफ्-शीट्स्।**[३]
>
> **(चाखलाग्दा केही टिप्पणीको लागि र धेरैजसो प्राकृत अभिलेखको संस्कृतच्छायाको तयारीमा र प्रूफका ताउमध्ये केहीको संशोधनमा उहाँको मदतको लागि पण्डित क्षितीशचन्द्र शास्त्रीलाई पनि धन्यवाद दिनुपर्छ।)**

वाक्यमा छ।

तात्कालिक ब्राह्मी लिपिको यस उत्कीर्ण लेखमा ती दूतको नाउँ **हेलिओदोर** भएकोमा यसको संस्कृतच्छाया गर्दा दीनेशचन्द्र सरकारले **हेलियोदोर** बनाएका छन्। **हेलिओदोर** यस नाउँमा संस्कृत व्याकरणअनुसार यण्सन्धि भई **हेल्योदोर**

---

१. ई.स. १९४२ (वि.सं. १९९९) मा कलकत्ताबाट कलकत्ताविश्वविद्यालयद्वारा प्रकाशित, दीनेशचन्द्र सरकारको *सिलेक्ट् इन्स्क्रिप्शन्स्, बेरिङ् अन् इन्डिअन् हिस्टरि यान्ड् सिभ्इलाइजेशन्* (भारतीय इतिहास र लोकयात्रासँग सम्बद्ध छनौट अभिलेखहरू) १ ठेली, ९१ पृष्ठ।

२. वि.स. २०६४ मा काठमाडौँबाट ज्ञानगुन साहित्यप्रतिष्ठान र नेबरहुड बोर्डिङ्ग स्कूलद्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *धनवज्र वज्राचार्यः स्मृति र स्पन्दन*मा छापिएको महेशराज पन्तको *धनवज्र वज्राचार्यः स्मृति र स्पन्दन हेर्दा मनमा लागेका कुरा*का ७-१० पृष्ठ।

३. १ सङ्ख्याको टिप्पणीमा नाउँ लिइएको, दीनेशचन्द्र सरकारको ग्रन्थको प्रेफ्अटरि नोट (प्रस्तावनात्मक टिप्पणी)को १३ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुने हुनाले उनले त्यतिसम्म नगरी **ओ**को ठाउँमा **यो** राखेका छन् र नयराज पन्तले त्यही सकारेका छन् । नयराज पन्तको यस लेखमा यो नाउँ ३ पटक आएको छ- पहिलोचोटि संस्कृतच्छायामा र अरू २ पल्ट त्यस विषयमा लेख्दा । आफ्नो तर्फबाट लेख्दा अघिल्लोपटक **होलियोदर** र पछिल्लोपटक **होलियोदोर** भएर आएको चाहिँ विदेशी शब्द लेख्दा भिन्नाभिन्नै खालका गल्ती उनीबाट हुन गएको देखिन्छ । अघिल्लोमा **दोर**मा **दर** भएकोलाई चाहिँ **दामोदर** जस्ता शब्दको प्रभावमा भएको गल्ती भन्न मिल्छ ।

मूलमा ती दूतले आफ्ना राजाको नाउँ **अंतलिकित** दिएकोमा त्यसको संस्कृतच्छाया गर्दा दीनेशचन्द्र सरकारले खालि परसवर्ण गरी काम चलाएका छन् । मूलतः यूनानी लिपिमा लेखिने यस नाउँलाई रोमन लिपिमा ढाल्दा Antialkidas हुने हुनाले यहाँ **इ** पनि भएर हो कि, नयराज पन्तले संस्कृतच्छायामा दीनेशचन्द्र सरकारले जस्तो **अन्तलिकित** नलेखी **अन्तिलिकित** लेखेको ।

दीनेशचन्द्र सरकारको अभिलेखसङ्ग्रहको आफ्नो निजी प्रतिमा **हेलिओदोर**को यो उत्कीर्ण लेख भएको पृष्ठमा आफ्ना चेला ज्ञानमणि नेपालको हस्ताक्षरमा उनले यस्तो

किरातहूणान्ध्रपुलिन्दपुल्कसा आभीरकङ्का यवनाः खसादयः।
येऽन्ये च पापा यदुपाश्रयाश्रयाः शुध्यन्ति तस्मै प्रभविष्णवे नमः।। २।४।१८

श्रीमद्भागवते

टिपाएकाले यो उत्कीर्ण लेख पढ्दा *भागवत*को माथिको श्लोक उनले सम्झेको देखिन्छ ।

यस लेखमा नयराज पन्तले शीर्षक नहाले पनि विषयवस्तु उठानमै स्पष्ट होओस् भनी शीर्षक हालिएको छ ।

-महेशराज पन्त]

देवदेवस्य वासुदेवस्य गरुडध्वजोऽयं कारित इह हेलियोदोरेण भागवतेन दियस्य पुत्रेण ताक्षशिलाकेन यवनदूतेनाऽगतेन महाराजस्याऽन्तिलिकितस्योऽपान्तात् सकाशं राज्ञः कौत्सीपुत्रस्य भागभद्रस्य त्रातुर्वर्षेण चतुर्दशेन राज्येन च वर्द्धमानस्य । त्रीण्यमृतपदानीह स्वनुष्ठितानि नयन्ति स्वर्ग दमस्त्यागोऽप्रमादश्च

एवमाकारः प्राकृतभाषामयो गरुडसनाथे स्तम्भ उत्कीर्णो लेखो ग्वालियरान्तर्गते बेसनगरे समुपलभ्यते । अनेन च तत्र भागभद्रो नाम राजा चतुर्दश समा राज्यं कुर्वन्नासाञ्चक्रे । तस्य राज्ञो भागभद्रस्य समीपं ताक्षशिलाको राजा यवनोऽन्तिलिकितः स्वं दूतं होलियोदरं प्रेषयामास । स च होलियोदोरो वैष्णवं धर्म परिजग्राहेति प्रतीयते । यवनाश्च भारतीयं धर्म परिजगृहुरित्यत्र साधकतया परीक्षका इममेव स्तम्भमसकृन्निर्दिशन्ति ।

राष्ट्रद्रुहिः समागत्य राजकार्यवशीकृताः
राजदूताः स्वकं धर्म कथमाचारिषुः पुरा ।।१।।
पुरा भागवतो धर्मः कथं लोकाऽश्रितोऽभवत् ।
अभारतीया लोकाः किं तस्मिन्नास्थां प्रचक्रिरे ।।२।।
उत्प्रेक्षालम्बनेनैव शङ्काक्रान्तधियां हि नः
कंश्चित्तर्काश्रयं दित्सन् स्तम्भ एष विराजते ।।३।।

२००६।८।२३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लक्ष्मीनरसिंह मल्ल र सन्यासी

ने.सं. ७५३ (वि.सं. १६८९) मार्गकृष्णषष्ठीको ताम्रपत्र

- **महेशराज पन्त**

१. हनूमान्ढोकादरबारको पट्याङ्गिनीमा जगन्नाथदेवलको पूर्व फर्केको मूल ढोकाको बायाँ खापामा यो ताम्रपत्र कीला ठोकेर टाँगिएको छ। १७.३×६.९ अङ्गुल नापो भएको, तामाको पातामा यो कुँदिएको छ। यसमा लेख भएको भाग १४.९×६.५ अङ्गुल छ। कीला ठोक्दा एकाध ठाउँमा अक्षर गएको छ। बेहोरा टुङ्गिसकेपछि ताम्रपत्रका चारै किनारामा केही वाक्य थपिएका छन्। थपिएको अंशमा कहीँ कहीँ अक्षर खिइएका छन्। लेख नागरी लिपिमा कुँदिएको छ र यसको भाषा हिन्दीसँग धेरै मिल्छ। यस ताम्रपत्रमा दिइएको यस्तो ॰ विरामचिह्न अन्यत्र देखेको मलाई सम्झना छैन।

२. यस ताम्रपत्रको पाठ सबभन्दा पहिले डिल्लीरमण रेग्मी (२०२३क:३९ सङ्ख्या = ६५-६६)ले र त्यसपछि गौतमवज्र वज्राचार्य (२०३३:१० संख्या = १९८)ले गरी २ पटक छापिइसकेको छ। डिल्लीरमण रेग्मीको पाठभन्दा गौतमवज्र वज्राचार्यको पाठ धेरै अंशमा मूलमुताबिकको छ तापनि त्यहाँ सच्याउनुपर्ने ठाउँ अझै रहेको कुरा मूलका **पूर्ण्ण गिरि** (६ पङ्क्ति) **पूर्ण गिरि, गोकुल गिरि** (६ पङ्क्ति) **कुल गिरि, सूर्य्यभान खडगा** (९ पङ्क्ति) **सूर्याभान खडगा, वेरागी** (११ पङ्क्ति) **वरामी** भई छापिएकोबाट स्पष्ट हुन्छ। मल्लकालको न्याय र धर्मको परिशीलनको लागि उपयुक्त आकरमध्ये यो ताम्रपत्र पनि परेकोले यसको शुद्ध पाठ प्रकाशमा आओस् भनी यसलाई फेरि छापिएको हो।

३. काठमाडौं शहरमा (**काष्ठमण्डपनगरे**) **मोर** (मूलमा- **मुअर**), **अपुताली** (मूलमा- **अपतारि**), **दण्ड र कुण्ड** (मूलको १० पङ्क्ति) द्वारा भएको आम्दानी[1]को बाँडफाँडको व्यवस्था गर्न यो ताम्रपत्र जारी गरिएको हो। यो व्यवस्था राजा लक्ष्मीनरसिंह मल्लले १८ जना **सन्यासी**[2] र १० जना **पञ्चसँग** मिली बाँधेको हो भन्ने कुरा यस ताम्रपत्रबाट आउँछ।

४. यस ताम्रपत्रमा सन्यासीहरूको नाउँ काढ्नुभन्दा ठीकअगाडि **परमहंस दशनाम संन्यासी** (मूलको ३ पङ्क्ति) लेखिएको छ। आध्यात्मिक श्रेणीअनुसार **कुटीचक, बहूदक, हंस र परमहंस** गरी दशनामी सन्यासीहरूको ४ भेद हुन्छ।[3] यी अठाह्रै जना सन्यासी **दशनामी** र तिनमा पनि **परमहंस** श्रेणीका हुन् भन्ने यताबाट देखिन गएको छ (मूलका ३-७ पङ्क्ति)। यिनमध्ये ४ जना **भारती** (मूलका ३-४, ६ पङ्क्ति) छन्। यी ४ जनामध्ये २ जनाको एउटै नाउँ **–दयाल–** भएकोले होला, ती २ मा भेद देखाउन १ जनाको नाउँको अगाडि **वस्त्रधारी**

---

१. मूलमा **मुअर**भन्दा अगाडि **बंधक दुल** छ। यी पदको मलाई राम्रो अर्थ नलागेकोले माथि **मुअर**बाट मैले उठाएको हुँ। यही ताम्रपत्रमा अन्त (बायाँ किनाराको २ पङ्क्ति) यस्तै शब्द **–दु बंधक– साक्षी**को अगाडि आएको छ।

२. **संयोगी अयोध्या गिरि** भन्ने नाउँ २ पटक आएको छ (मूलका ६, ७ पङ्क्ति)। यो नाउँ भ्रमवश दोहोरिएको हो भने जम्मा १७ जना र एकै नाउँ भएका २ जना भिन्नाभिन्नै मान्छे हुन् भने १८ जना हुन्छन्।

३. महादेवशास्त्री जोशी [२०२४] २०५१ मा दसनामी = ३१६-३१७।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(मूलको ३ पङ्क्ति) र अर्काको नाउँको अगाडि **दिगम्बर** (मूलको ४ पङ्क्ति) आएको छ। यी दशनामी सन्न्यासीहरू **वस्त्रधारी** र **नङ्गा** गरी २ फ्याकमा बाँडिएकाले[४] **नङ्गा**लाई यहाँ **दिगम्बर** भनेको देखिन्छ। अरू २ जनाको नाउँको पछाडि (मूलको ४ पङ्क्ति) र १ जनाको नाउँको अगाडि (मूलको ५ पङ्क्ति) **दिगम्बर** आएको छ। नाउँको पछाडि **दिगम्बर** आउने २ जना सन्न्यासी कुन वर्गका हुन् भन्ने कुरा यहाँबाट नखुले पनि नाउँको अगाडि **दिगम्बर** आउने १ जनाचाहिँ २ जना **पुरी**मध्येका हुन् भन्ने देखिन्छ (मूलको ५ पङ्क्ति)।[५] एक थरी **नागा**को उपनाम **पुरी** हुने कुरा थाहा भएकोले[६] यी **पुरी** यस्तै हुन् भनी भन्न सकिन्छ। **गिरि** ९ जना छन् (मूलका ४-५, ६-७ पङ्क्ति)।[७] तिनमध्ये ६ जना **गिरि**को नाउँको अगाडि **संयोगी** पद आएको छ (मूलका ६-७ पङ्क्ति)। नाउँको अन्त्यमा **नाथ** भएका, वर्ग भने नखुलेका १ जना आउँछन् (मूलको ५ पङ्क्ति)। **कनफट्टा** जोगीहरूको नाउँ **नाथ**मा टुङ्गिने हुनाले **दशनामी**हरूको माझमा **कनफट्टा** पनि परेको अनुमान हुन्छ।[८]

५. १० जना **पञ्च** (मूलमा- **पाच**) (मूलका ७-९ पङ्क्ति)मध्ये नाउँपछाडि **भाजु** आएका २ जना (मूलका ७-८ पङ्क्ति) र **राजा** आएका २ जना (मूलको ९ पङ्क्ति) छन्। अरू ३ जना **प्रधान** (मूलको ८ पङ्क्ति), १ जना **जोशी** (मूलमा- **जोसि**) (मूलको ८ पङ्क्ति) र २ जना **खड्गा** (मूलमा- **खडगा**) (मूलका ८-९ पङ्क्ति) छन्।

लक्ष्मीनरसिंह मल्लको ने.सं. ७५७ (वि.सं. १६९४) ज्येष्ठकृष्णद्वादशीको ताम्रपत्रमा दृष्टसाक्षीहरूमध्ये १ जना **तेषुसिंह बाबु** छन्[९] त उनका छोरा प्रताप मल्लको ने.सं. ७६२ (वि.सं. १६९८) मार्गशुक्लएकादशीको ताम्रपत्र[१०]मा चाहिँ **तेषूसिंह बाबु** दृष्टसाक्षीहरूमा परेका छन्। बाबुछोराका ताम्रपत्रमा देखिएका यी **बाबु**सँग नाउँ मिल्ने **टेखुसिंह भाजु** (मूलका ७-८ पङ्क्ति) यस ताम्रपत्रमा नाउँ काढिएका, १० जना **पञ्च**मध्ये १ हुन्।

यहाँ पञ्चमा परेका दुवै **राजा**को नाउँको अगाडि **श्री** जोडिएकोले (मूलको ९ पङ्क्ति) यिनीहरू सम्मान्य देखिन्छन्। यी २ **राजा**मध्ये १ जना **विश्वंभर राजा** लक्ष्मीनरसिंह मल्लको ने.सं. ७५७ (वि.सं. १६९४) ज्येष्ठकृष्णद्वादशीको ताम्रपत्र[११]मा र प्रताप मल्लको ने.सं. ७६२ (वि.सं. १६९८) मार्गशुक्लएकादशीको

---

४. उहीमा दसनामी = ३१७-३१८।

५. **राम गिरि**पछि विरामचिह्न नहालिएको (मूलका ४-५ पङ्क्ति) र नाउँको पछाडि **दिगम्बर** लेखिएका २ जना भएकाले (मूलको ४ पङ्क्ति) **राम गिरि दिगंबर विद्यानंद पुरी** भनी मूल (४-५ पङ्क्ति)मा लेख्दा **दिगम्बर** पद **विद्यानन्द पुरी**मा नलगाई **राम गिरि**मा लगाएको हो भनी तर्क गर्न नसकिने होइन।

६. उदाहरणको लागि अर्जुन सुवेदी र बद्री न्यौपाने २०६७।

७. **संयोगी अयोध्या गिरि** भन्ने नाउँ २ पटक आएकोले (माथि २ सङ्ख्याको टिप्पणी हेर्नू) यो नाउँ भ्रमवश दोहरिएको हो भने **गिरि** ८ जना मात्र र एकै नाउँ भएका २ जना भिन्नाभिन्नै मान्छे हुन् भने ९ जना नै **गिरि** हुन्छन्।

८. **मुअर अपतारि दण्ड कुण्ड**बाट भएको आम्दानीको चतुर्थांश **वैरागी**ले पाउने कुरा यस ताम्रपत्रको मूल बेहोरा (९-१० पङ्क्ति)मा लेखिएकोले र **वैरागी सन्न्यासीले दण्डकुण्ड**को आम्दानी पाउने कुरा यस ताम्रपत्रको थपुवा भाग (बायाँ किनाराका १-२ पङ्क्ति)मा परेकोले दशनामीबाहेक अरू सम्प्रदायको पनि यस आम्दानीमा पहुँच देखिन्छ। यसैले नाथान्त नाउँ भएका **शंकरनाथ नाथ**सम्प्रदायका हुन् भनी तर्क गर्न नसकिने होइन।

९. महेशराज पन्त २०४१:२५ मा मूलको ६ पङ्क्ति।

१०. उही २०६४:१०६ मा मूलको ८ पङ्क्ति।

११. उही २०४१:२५ मा मूलको ६ पङ्क्ति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ताम्रपत्र[१२]मा दृष्टसाक्षी बस्नेमा पनि परेका छन् । तर दुवै ताम्रपत्रमा **विश्वंभर राजा**को नाउँको अगाडि **श्री** नजोडिएको देख्दा अघिल्लो ताम्रपत्रमा श्री पदवी पाएसकेकाको नाउँमा पछिल्ला अभिलेखमा **श्री** किन राखिएन भन्ने प्रश्न उठ्छ ।

पञ्चमा परेका दुवै **खड्गा** नेपालीभाषी हुन् भनी भनिरहनुपर्दैन । यी दुवै जना लक्ष्मीनरसिंह मल्लका छोरा प्रताप मल्लको ने.सं. ७६२ (वि.सं. १६९८) मार्गशुक्लएकादशीको ताम्रपत्रमा साक्षी बस्नेमा पनि छन् ।[१३]

६. मुअर अपतारि दण्ड कुण्डबाट भएको आम्दानीको ४ भाग लगाई १ खण्ड **राजाले**, १ खण्ड **वैरागी** (मूलमा- **वेरागी**)ले, १ खण्ड **संयोगी सन्न्यासीले**, बाँकी १ खण्डको आधा भाग **खताधारीले** र आधा भाग **पञ्च** (मूलमा- **पाँच**)ले पाउने व्यवस्था यस ताम्रपत्रमा गरिएको छ; कदाचित् **खताधारी** नभए चारौँ खण्ड पूरै **पञ्चले** पाउने कुरा यहाँ लेखिएको छ (मूलका १०-१२ पङ्क्ति) ।

७. वैरागी भनी यहाँ **वैष्णव साधुलाई** भनेको देखिन्छ । यस ताम्रपत्रमा लेखिएअनुसारको व्यवस्था बाँध्न राजाले सल्लाह गरेका १८ जना सन्न्यासीमध्ये ६ जना **गिरि**को नाउँको अगाडि **संयोगी** पदवी छ । यस्तो आम्दानीको ४ खण्डको १ खण्ड पाउने **संयोगी संन्यासी** भनेर यहाँ **दशनामी सन्न्यासीमध्ये संयोगी** पदवी पाएकालाई भनेको हो कि जस्तो देखिन्छ ।

खुशी विश्वासी, साहेब धणी, रामवल्लभी, जगमोहिनी, बलरामी, नेडा (कपाल खौरेका), **आउल-बाउल-दर्बेश-साइँ, संयोगी** र **कर्ताभजा** जस्ता, बङ्गालका थुप्रै सम्प्रदाय **सहजी, निरञ्जनी** र **नाथ** मतको ठूलो प्रभावमा र केही अंशमा इस्लामको पनि प्रभावमा थिए; यी सम्प्रदायका अनुयायीहरू जातभातमा, मन्दिरमूर्तिमा र हुँदा हुँदा हिन्दू र मुसलमानमा पनि भेद गर्दैनन्[१४] भन्ने थाहा भएकोले यहाँका **संयोगी** त्यही सम्प्रदायका हुन् कि जस्तो देखिन्छ ।

खताधारी शब्दले कुन प्रकारका **साधु सन्न्यासी**लाई बुझाएको हो भन्ने कुरा थाहा नभए पनि तिनीहरू धेरै नभएको अनुमान **खताधारी** भेट्टिएन भने उसले पाउने भाग **पञ्चले** पाउँछ भनी यहाँ लेखिएकोबाट हुन्छ । आम्दानीको ४ हिस्सा लगाई तिनमा १ हिस्सा **वैरागीलाई** र १ हिस्सा **संयोगी सन्न्यासीलाई** दिने व्यवस्था यहाँ गरिएकोले व्यवस्था बाँध्नमा **शैव सन्न्यासी**को हात भए पनि **वैष्णव साधुलाई** पनि सरकारले **शैवलाई** जति नै संरक्षण गरेको देखिएको छ ।

८. मूल बेहोरा टुङ्गिसकेपछि ताम्रपत्रका चारै किनारामा थपिएका वाक्यको जम्मै अर्थ नलागे पनि यति कुरा त बुझिन्छ-

> राजा लक्ष्मीनरसिंह मल्लको राज्यमा रहने, सबै **संयोगी सन्न्यासीले** पाउने **मोर अपुताली दण्ड कुण्डमा दशनामी सन्न्यासीले** बलपूर्वक लड्न पाउँदैनन् (**बलसे लडय नहि**) । **दशनामी सन्न्यासी** र राजा मिलेर

---

१२. उही २०६४:१०६ मा मूलको १० पङ्क्ति ।

१३. उहीमा मूलको ९ पङ्क्ति ।

१४. क्षितिमोहन सेन [२०१३] २०३९/४०:३८८ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जे गर्दा योग्य हुन्छ, त्यो गर्नुपर्छ । दु:खीगरीबलाई दु:ख दिनु हुँदैन । **वैरागी सन्न्यासीलाई दण्डकुण्डबाट** आएको आम्दानी यथायोग्य दिनुपर्छ । आफ्नो राज्यमा आफैँले न्याय गर्नुपर्छ ।

८.१. आम्दानीको चतुर्थांश **संयोगी सन्न्यासीले** पाउने भनी यस ताम्रपत्रको मूल बेहोरामा लेखिएको र **राजा लक्ष्मीनरसिंह मल्लको राज्यमा रहने, सबै संयोगी सन्न्यासीले पाउने मोर अपुताली दण्ड कुण्डमा दशनामी सन्न्यासीले बलपूर्वक लड्न पाउँदैनन्** भन्ने आशय यसकै थपुवा भागबाट आउँछ । मूल बेहोरामा नाउँ काढिएका ९ जना **गिरि**मध्ये ६ जनाको नाउँको अगाडि **संयोगी** पद भएकोले **गिरि** पनि **दशनामी**मै पर्ने भए पनि **संयोगी गिरि** र अरू **दशनामी सन्न्यासी**मा फरक भएको कुरा यताबाट बुझिन्छ । मूल बेहोरामा अरू दशनामी सन्न्यासीहरूको चित्त नबुझी उनीहरूले बखेडा झिक्लान् भनी आम्दानी संयोगी सन्न्यासीमै जाओस् भनी यो अंश थपिएको देखिन्छ र त्यसमा अरू दशनामी सन्न्यासीको मञ्जूरी छ भन्ने देखाउन साक्षीमा **गुसाइ बालकृष्ण प्रमुख दशनाम संन्यासी** राखिएको छ ।

९. यस ताम्रपत्रमा आएका **मुअर अपतारि दण्ड कुण्ड** पद पश्चिम नेपालका खस राजाका ताम्रपत्रमा यस ताम्रपत्रभन्दा साढे २ सय वर्षभन्दा अगाडिदेखि भेट्टिन्छन् ।[१५] खस राजाहरूका उत्कीर्ण लेखहरूको सम्पादन गर्ने क्रममा त्यहाँ आएको **मोड अपुतालि** शब्दले मलाई निकै पिरोलेकोको सम्झना अहिले यस प्रसङ्गमा भएको छ । खुलाएर भन्दा ती ताम्रपत्रमा कहीँ **मोड** र **अपुतालि**को बीचमा दण्ड आएको[१६] र कहीँ कुनै प्रकारको विरामचिह्न नआएकोले[१७] तथा अलग अलग कर भनी ठहऱ्याएकोमा पनि कहीँ दण्ड नआएकोले[१८] यी २ शब्द भिन्नाभिन्नै हुन् कि यो समस्तपद हो भन्ने विषयमा निर्णय गर्न मैले निकै परिश्रम गरेँ र अहिले हामीले **अपुताली** भन्ने गरेको शब्दकै पूर्ण रूप **मोडअपुतालि** हो भनी ठहऱ्याई आखिरमा त्यसैअनुसार

१५. उदाहरणको लागि शाके १२९८ (वि.सं. १४३३) फाल्गुनकृष्णसप्तमी आदित्यवारको, अभय मल्लको ताम्रपत्र (महेशराज पन्त २०६६:३१२ मा ६६ सङ्ख्याको टिप्पणी); शाके १२९८ (वि.सं. १४३३) फाल्गुनशुक्लद्वितीया मङ्गलवारको, अभय मल्लको ताम्रपत्र (उही:३१३ मा ६७ सङ्ख्याको टिप्पणी); शाके १३१५ (वि.सं. १४५०) मार्गशुक्लद्वादशी आदित्यवारको, मेदिनी वर्माको ताम्रपत्र (उही:३०३ मा ४२ सङ्ख्याको टिप्पणी); शाके १३३६ (वि.सं. १४७१) पौषपूर्णिमा बुधवारको, शक्ति वर्माको ताम्रपत्र (उही:३०५ मा ४९ सङ्ख्याको टिप्पणी); शाके १३४३ (वि.सं. १४७८) मार्गशुक्लएकादशी बुधवारको, उदयसिंह रजवार र सुमतिबम रजवारको ताम्रपत्र (उही:३०६ मा ५२ सङ्ख्याको टिप्पणी) र शाके १३४८ (वि.सं. १४८३) माघशुक्ल[①] बृहस्पतिवारको, सुमतिबमको ताम्रपत्र (उही:३०८ मा ५७ सङ्ख्याको टिप्पणी)को अंश हेर्नू ।

१६. **मोड** । **अपुतालि** । (उही:३०५ मा ४९ सङ्ख्याको टिप्पणी, ३०६ मा ५२ सङ्ख्याको टिप्पणी) ।

१७. **मोडअपुतालि** (उही:३०३ मा ४२ सङ्ख्याको टिप्पणी, ३१२ मा ६६ सङ्ख्याको टिप्पणी, ३१३ मा ६७ सङ्ख्याको टिप्पणी), **मोढअपुतालि** (उही:३०८ मा ५७ सङ्ख्याको टिप्पणी) ।

१८. **मोडअपुतालि मुडालि पैयलि डंड** (उही:३०३ मा ४२ सङ्ख्याको टिप्पणी), **कुड मोड** (उही:३०५ मा ४९ सङ्ख्याको टिप्पणी), **मुडालि पेयलि मोडअपुतालि** (उही:३१२ मा ६६ सङ्ख्याको टिप्पणी), **मोडअपुतालि मुडालि पेयलि** (उही:३१३ मा ६७ सङ्ख्याको टिप्पणी) ।[②]

① **यहाँ तिथि छैन ।**

② हरेकमा विरामचिह्न नहाले पनि समूहसमूहमा छुट्याएर राखेको भन्ने तर्क गर्न पनि सकिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थ गरें ।[१९] यस ताम्रपत्रमा मुअर र अपतारिको बीचमा विरामचिह्न दिइएकोले यसमा पुनर्विचार गर्नुपर्छ कि जस्तो अहिले मलाई लागेको छ ।

१०. डाँडेर आएको धन राजाले आफैँ लिनु हुँदैन, त्यो धन ब्राह्मणलाई दिनुपर्छ भन्ने कुरा शास्त्रमा लेखिएकोले[२०] निर्लोभी राजाहरू त्यस्तो धन दरबारमा हुल्दैनथे भन्ने कुराको समर्थन पृथ्वीनारायण शाहका यी वाक्य

> **अदालथका पैसा दरबारभित्र नहाल्नु. फकीर फकिडा अतित जोगि सन्न्यासि ब्राह्मणहरु इनैलाई दछिना भोर्जन चलाईदिनु. उप्रेका पैसा दक्षिना चलाई धोतिरुमाल चलाइदिनु. यस्व भया असत्यको दोस् लाग्दैन.**[२१]

मा भएको छ र एक जना ब्राह्मणको अपुतालीमा आएको ११५ रोपनीभन्दा बढी[२२] खेत गोरखनाथको चक्रपूजाको लागि उनले गूठी राखी गरिदिएको वि.सं. १८२६ कार्तिकशुक्लचतुर्थी (कार्तिक २१ गते) बृहस्पतिवारको पत्र[२३]बाट थाहा हुन्छ[२४] ।

---

१९. उही:३०३, ३०५, ३०६, ३०८, ३१२, ३१३ ।

२०. उदाहरणको लागि नयराज पन्त २०३१:३५ ।

२१. नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५:३२९ ।

२२. **पंडु ब्राह्मणको अपुतालि पऱ्याको षेत रोपनि ४० दलकापको. रोपनि ३ फेरि दलकापको. रोपनि १० मोलपाकुको. रोपनि १२ मोलपाकु नदिवारिको. रोपनि ७ किमडोलको. रोपनि ३ इचडोलको. रोपनि ३ बोषिमहाको. रोपनि ३ मंगलको. चुल ३ तपिंताको. चुल ३ मालको. रोपनि १८ वैलिका. रोपनि ४ पुडोंपाको. रोपनि ५ लपट्यचोकोट्को. रोपनि २२ इंडाछेठको. चुल ३ फीवछेठको** भनी अन्त्यमा **जम्मा रोपनि ११५ चुल १** भनी इतिहास प्रकाश २०१३:२८७-२८८ मा छापिएको छ। जोड्दा भने **१३० रोपनी ९ चुल** आउँछ। **१ चुल** = ४ आना हुने हुनाले ९ चुलको (९×४=)३६ आना अर्थात् २ रोपनी ४ आना हुने हुँदा जम्मा **१३२ रोपनी ४ आना** हुने भयो। यस कारण यस पाठमा जोडी दिइएको अङ्क नमिल्ने ठहर्छ। *इतिहास प्रकाश* २०१३ बाट उद्धरण गरी नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५ मा यो पत्र छाप्दा यसैले यस्तो

> माथि दिइएका जग्गामा खला, खलको जम्मामा र यहाँ दिइएको जम्ममा अन्तर छ। तर मूल पत्र हेर्न नपाइएको हुँदा छापिएको पाठअनुसार नै यहाँ दिइएको छ। सच्याउन सकिएको छैन (उही:१०६४ मा टिप्पणी)

भनी लेखिएको थियो।

मूल पत्र त मैले पनि देखेको छैन। तर गूठीलगत तथा अभिलेखशाखाकार्यालयमा रहेका यसका ६ थरी नकल मैले हेरेको छु (नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्म नं. के ४४/५६ ए, ४४/५८ बी, के १३२/८, के ४४०/७, के ४४०/१९, के ५७४/५८)। तिनमा दोस्रोमा टुटफुट भए पनि बाँकी ५ मा वर्णविन्यासको वास्ता नगर्ने हो भने ऐकरूप्य छ। त्यसअनुसार प्रकाशित पाठमा **रोपनि १८ वैलिका** भएकोमा **रोपनी १ ठवेल्को** (के ४४/५६ ए), **रोपनी १ ठवेलको** (के १३२/८) वा **रोपनी १ ठवैलीको** (के ४४०/७, ४४०/१९, ५७४/५८) भएकोमा कारिन्दा अक्षरले डिको नहाली लेखिएको ठ लाई ८ पढ्दा **१** रोपनीको ठाउँमा **१८** रोपनी हुन जाँदा अनर्थ भई हिसाब नमिलेको देखियो र अब जोड्दा **११३** रोपनी **९** चुल अर्थात् **११५** रोपनी **४** आना आएकोले पत्रमा जोडिएको ठीक देखियो। यहाँ अर्को भनिहाल्नुपर्ने कुरा। त्यस पत्रबाट माथि उद्धरण गरिएको अंशमा ४ थरी नकल (के ४४/५६ ए, ४४०/७, ४४०/१९, ५७४/५८)मा **भंगल्को** र २ थरी (४४/५८ बी, १३२/८)मा **भंगलको** छ, कुनैमा पनि **मंगलको** छैन।

२३. नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५:१०६३-१०६६ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसरी आएको धन लक्ष्मीनरसिंह मल्लको ताम्रपत्रअनुसार राजाले चतुर्थांश पाउने भन्ने भएकोमा पृथ्वी-नारायण शाहको उपदेश र पत्रअनुसार उनले केही पनि नलिएको देखिएको छ ।

शास्त्रमा ब्राह्मणलाई त्यसरी आएको सम्पत्ति दिने गर्नू भनी लेखिए पनि ब्राह्मणहरूमा क्रमशः ब्रह्मवर्चस् कम भएर गएकोले होला, तिनको ठाउँ जोगीसन्न्यासीहरूले लिएको । यसैले पृथ्वीनारायण शाहले **फकीर फकिडा अतित (अतिथि) जोगि सन्न्यासि** भनिसकेपछि मात्र **ब्राह्मणहरु** भनेको ।

११. लक्ष्मीनरसिंहका जनाति भास्कर मल्लका उत्तराधिकारी जगज्जय मल्लका छोरा जयप्रकाश मल्लले सरकार लागेको घर गोसाईँ कमल वनलाई ने.सं. ८७३ (वि.सं. १८१०) वैशाखशुक्लत्रयोदशीको दिन दिएको कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ ।[२५]

१२. अपुतालीबाट राजाकहाँ भित्रिएको सम्पत्ति सोझै दरबारभित्र नहुली धर्मकर्म गर्न खोज्नेलाई उचित मोलमा दिने गरिएको थियो भन्ने कुराको उदाहरण जगज्जय मल्लका २ वटा पत्रमा देखिएको कुराको सम्झना पनि यस प्रसङ्गमा हुन्छ ।

१२.१. जमलबहाल (जमबहाल = मछिन्द्रबहाल)मा बस्ने, अन्नपूर्णा भन्ने कुनै ब्राह्मणीले आफ्नो आगममा महालक्ष्मीप्रीति गरी चढाइराखेको घर ती ब्राह्मणी परलोक भएपछि राजा जगज्जय मल्ललाई अपुताली (**अवतारि**) आएको थियो । त्यो घर केलटेलमा घर हुने भुवनेश्वर भन्ने भारोले राजालाई तुलसीपत्र चढाएर लिई आफ्नी छोरी धनलक्ष्मीको नाउँमा महालक्ष्मीमूर्तिको स्थापना गरी त्यही घरमा राखे । यी कुरा ने.सं. ८४४ (वि.सं. १७८१) श्रावणपूर्णिमाको शिलापत्रबाट थाहा हुन्छ ।[२६] दाता निस्सन्तान हुँदा उसले चढाएको देवस्व पनि अपुताली हुन गई सरकार लाग्ने कुरा यताबाट थाहा भए पनि राजाले त्यो देवस्व देवतासम्बन्धी कामको लागि नै दिएको स्पष्ट हुन्छ ।

यस लिखतभन्दा साढे ७ वर्षपछिको अर्को लिखतमा पनि अपुतालीको कुरा परेको छ । इटुंबहालका धर्मसिंह भन्नेको अपुताली (**अवतारि/अवतारी**) राजा जगज्जय मल्ललाई आएको १ रोपनी खेत त्यही बहालका भिक्षु रह्नछुरीङ भन्नेलाई ३२ टङ्कामा त्यो खेतबापत बहालमा गर्नुपर्ने जम्मै काम गर्ने शर्तमा बेचेको कुरा ने.सं. ८५२ (वि.सं. १७८८) माघकृष्णदशमीको लिखतमा आएको छ ।[२७]

१३. नेवार राजाको यो ताम्रपत्र नेवारी लिपि र भाषामा नभई देवनागरी र हिन्दीमा भएको विषयमा केही लेख्नु प्रासङ्गिक नै होला ।[२८] नेवारी लिपि र भाषाको लामो इतिहास भए पनि यसको प्रचार नेवारबाहेकका अरू

---

२४. नयराज पन्त २०३१:३४ ।

२५. महेशराज पन्त छापिन बाँकी:४ सङ्ख्या ।

२६. परिशिष्ट हेर्नू ।

२७. महेशराज पन्त २०६० ।

२८. डिल्लीरमण रेग्मी (२०२३:५८ मा २ सङ्ख्याको सामग्री)ले यस ताम्रपत्रको विषयमा लेख्दा **द टेक्स्ट् इज् पार्ट्लि इन् स्यान्स्क्रिट् यान्ड् पार्ट्लि इन् अ मिक्स्ड् हिन्डी-नेवारी ल्याङ्ग्विज्** अर्थात् **यसको पाठको केही अंश संस्कृतमा र केही अंश हिन्दी र नेवारी मिसिएको भाषामा छ** भनी लेखेका छन् । मङ्गलाचरण अर्थात् **स्वस्ति ।। श्रीदत्तात्रेयाय गुरवे नमः ।।**, राजाको प्रशस्ति र १ ठाउँमा सप्तम्यन्त **काष्ठमण्डपनगरे** (मूलको १० पङ्क्ति) र मितिसमेतको, अन्त्यको वाक्यबाहेक कहीँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जातिमा त्यति बिदि भएन र नेवार राजाहरूले बाहिरफेर आफ्नो कुरा पुऱ्याउन देवनागरी लिपि र नेपाली वा हिन्दीसँग मिल्नेजुल्ने भाषाको प्रयोग गरेको उदाहरण जति भने पनि पाइन्छ।[२९]

प्रताप मल्लले तुलादान गर्दा पशुपतिमा उभ्याइएको तोरणमा एकातिर संस्कृतभाषामा र अर्कोतिर नेवारीभाषामा लेख कुँदिएको कुरा यस प्रसङ्गमा म सम्झन पुग्छु।[३०] त्यहाँ संस्कृतभाषाको लेखमा देवनागरी लिपिको र नेवारी भाषाको लेखमा चाहिँ नेवारी लिपिको प्रयोग भएको छ। पशुपतिमा बाहिरफेरबाट प्रशस्त तीर्थयात्री आउने हुनाले नेवारी लिपिमा र नेवारी भाषामा मात्र अभिलेख राख्दा आफ्नो कीर्ति बाहिर नफैलने हुनाले प्रताप मल्लले दुवै लिपि र भाषाको प्रयोग गरेको हुनुपर्छ। एउटै शिलापत्रमा संस्कृतको लागि देवनागरी र नेवारी भाषाको लागि नेवारी लिपिको प्रयोग भएको पनि प्रशस्त भेटिन्छ।[३१]

नेवारीबाहेकको लिपि र भाषाको उपयोग नेवार राजाले गरेका उदाहरण जम्मा गर्ने हो भने ठीकैको मोटो एउटा पुस्तक बन्छ। आफूले गरेको व्यवस्था सन्यासीहरूले बुझून् भनी उनले नेवारी लिपि र भाषाको प्रयोग यस ताम्रपत्रमा नगरेको देखिन्छ।

यसको फ्याक्सिमिलि तल ३७२-३७३ पृष्ठमा छ।

१२. **मूलपाठ**

१. **१ स्वस्ति॥ श्रीदत्तात्रेयाय गुरवे नमः॥ श्रीमत्पशुपतिचरणकमलेत्यादिविविधवि-**

२. **रुदावलीविराजमानमानोन्नतमहाराजाधिराजश्रीश्रीजयलक्ष्मीनरसिंह-**

३. **मल्लदेवानां॰ परमहंस दशनाम संन्यासी॰ वस्त्रधारी दयाल भारती॰ रेणु १**

४. **का भारती॰ दिगंबर दयाल भारती॰ रामरत्न दिगंबर॰ रामवंद्र[३२] दिगंबर॰ राम२**

५. **गिरि दिगंबर विद्यानंद पुरी निरंजन पुरी॰ बाल गिरि॰ शंकरनाथ॰ गदाधर गिरि॰**

६. **भगवान् भारती॰ संयोगी पूर्ण्ण गिरि॰ संयोगी अयोध्या गिरि॰ संयोगी गोकुल गिरि॰**

७. **संयोगी अयोध्या गिरि॰ संयोगी विद्या गिरि॰ संयोगी पुरुषोत्तम गिरि॰ श्रीधर भाजु॰ टेखु-**

८. **सिंह भाजु॰ नरहरि प्रधान॰ भाजुदेव प्रधान॰ रामवंद्र[३२] प्रधान॰ श्रीकृष्णदास जोसि॰ टेकन-**

९. **सिंह खडगा॰ श्रीवासुदेव राजा॰ सूर्य्यभान खडगा॰ श्रीविश्वंभर राजा॰ एतना पाच मिलि॰**

पनि यस ताम्रपत्रमा संस्कृतभाषाको प्रयोग भएको छैन र पूरै ताम्रपत्र हिन्दी र नेवारी मिसिएको भाषामा नभई हिन्दीमा मात्र छ। प्राचीन अभिलेख पढ्ने, अर्थ गर्ने आफ्नो ल्याकत नभई खेतालाको भरमा काम गर्ने डिल्लीरमण रेग्मीको लेखाइमा यस्तो गल्ती भेटिनु आश्चर्य छैन।

२९. मल्लकालमा नेपालखाल्डोमा नेपाली भाषाको स्थितिको नमूनाको लागि धनवज्र वज्राचार्य २०१९:८०-८९ र उही २०३३:२८-३१ हेर्नू।

३०. नरहरिनाथ २०१०।

३१. उदाहरणको लागि गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१८:७-८ मा पशुपति वासुकिस्थानको अभिलेख।

३२. रामचन्द्र हुनुपर्नेमा मूलमा कुँदाइको गल्तीले **रामवन्द्र** भएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१०. काष्ठमण्डपनगरे बंधक दुल ० मुअर ० अपतारि दण्ड कुण्ड चार अंश ० तेहिमह एक अंश रा-

११. जाक ० एक अंश वेरागीक ० एक अंश संयोगी संन्यासीक ० आध अंश खताधारी आध अंश पाँ-

१२. चक ० कदाचित् खताधारी नहि तो पाँचक ० नेपालसंवत् ७५३ मार्गकृष्णषष्ठ्यां शुभमस्तु ।।

माथिल्लो किनारामा

१. लक्ष्मीनरसिंह मल्ल राजाक राज्यमह रहल संयोगी सन्यासी सबक मुअर अपतारि दण्ड-

२. कुण्डमह राजा कमन्डसे विगल दशनाम संन्यासी बलसे लडय नहि ० दशनाम संन्यासी औ राजा दण्डना

१२ पङ्क्तिपछि (तल्लो किनारामा)

१. मन्डसे मिलि जे करके योग्य हदु से करिय ० दु(ख)[३३]गरीबके दुःख देइय नहि अपन राजाक न्याय

दायाँ किनारामा तेर्सो पारी

१. अपन करिय अप्न राज्यमह नहि वुका दय

बायाँ किनारामा तेर्सो पारी

१. वैरागी सन्यासीक दण्डकुण्डमह यथायोग्य ती×[३४]

२. राकेके देदुय० दु बंधक साक्षी गुसाइ बालकृष्ण

३. प्रमुख दशनाम संन्यासी ।।

परिशिष्ट

१ सङ्ख्या

जमलबहाल (जमबहाल = मछिन्द्रबहाल)को उत्तरपट्टिको घरमा बस्ने, अन्नपूर्णा भन्ने ब्राह्मणीले आफ्नो आगममा महालक्ष्मीप्रीति गरी चढाइराखेको घर ती ब्राह्मणी परलोक भएपछि राजा जगज्जय मल्लकहाँ अपुताली आयो । त्यो घर त्यहीँ केलटेलको सडकमा उत्तरपट्टिको घरमा बस्ने भुवनेश्वर भन्ने भारोले राजालाई तुलसीपत्र चढाएर लिई आफ्नी छोरी धनलक्ष्मीमयीको नाउँमा महालक्ष्मीमूर्तिको स्थापना गरी त्यही घरमा राखे । उनले देवपूजाको खर्च चलाउन १ ठाउँको १ रोपनी र अर्को ठाउँको १२ रोपनी गरी जम्मा १३ रोपनी[३५] खेत गूठी राखे । आयस्ताबाट पूर्णिमाको दिन जमलेश्वरमा र आगममा पूजाभाग चढाउनुपर्ने व्यवस्था पनि उनले मिलाए । यी कुरा ने.सं. ८४५ (वि.सं. १७८२) श्रावणपूर्णिमा शुक्रवार उत्तराषाढाउप्रान्त

---

३३. मूलमा नदेखिएको अक्षर प्रसङ्गानुरोधले भरिएको ।

३४. कीला ठोक्दा गएको अक्षर ।

३५. १ ठाउँको १ रोपनी र अर्को ठाउँको १२ रोपनी गरी जम्मा १३ रोपनी खेत गूठी राखेकोमा १२ रोपनी खेत भनी मैले (महेशराज पन्त २०६० क:५९) लेखेको अशुद्ध भएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रवणनक्षत्र आयुष्मान्योगमा, सूर्य कर्कटराशिमा र चन्द्र मकरराशिमा हुँदा लेखिएको पत्रमा छ।

सकल पत्र मैले नदेखेको र नकल सार्दा कहाँबाट सारेको हो भन्ने नखुलाइएकोले **केमा यो लेखिएको थियो भन्ने मलाई थाहा छैन** (महेशराज पन्त २०६० क:५९) भनी मैले यो पत्र छपाएको थिएँ (उही:५९-६०)। मैले त्यो पत्र छपाएको ७ वर्ष २ महीनापछि छापिएको *कान्तिपुर शिलालेख सूची भाग-२* (सुभद्रा भट्टराई २०६८:५०)मा परेको एउटा शिलापत्रको अंश मैले नकलबाट छपाएको पत्रसँग हूबहू जस्तै मिलेकोले त्यस शिलापत्रको मुख्य विषयांश त्यस *सूची*मा अत्यन्त अपूरो ढङ्गले प्रस्तुत गरिँदा गरिँदै पनि यी २ लेख एउटै हो जस्तो लाग्यो र त्यो निर्णय गर्न अभिलेखालयमा रहेको, त्यस शिलापत्रको रबिङको फोटोकपी शुल्क तिरी मगाएँ। नभन्दै मैले नकलबाट छपाएको पत्र त्यही शिलापत्रको प्रतिलिपि रहेछ। नकलमा संवत् ८४५ भएकोमा सकलको रबिङमा अन्तिम पङ्क्तिका केही अक्षर नआए पनि राष्ट्रिय अभिलेखालयले दिएको पाठमा ८४४ छोडेर मैले नकलबाट छपाएको पाठ र मूलको रबिङबाट पढेको पाठमा खास फरक छैन। शिलापत्रमा पूरा मिति दिइएकोले गणनाद्वारा संवत्को निर्णय गर्न सकिन्छ। तर त्यही काम बाँकी छ।

यस शिलापत्रको शिरोभागमा दायाँबायाँ सूर्य छन्। बीचमा खाली भएको, त्रिभुज जस्तो देखिने बुट्टा सूर्यमुन्तिर केही ठाउँ छोडी पूरै कपिएका छन्। त्यसपछि सोझो धर्को छ। त्यसपछि गोलो आकारका बुट्टा छन्। त्यसपछि अर्को सोझो धर्को तानिएको छ। अनि बीचमा खाली भएका, अलि ठूला बुट्टा छन्। शिलापत्रलाई तीनैतिर अर्थात् दायाँबायाँ र तल सोझो धर्कोले घेरेको छ। त्यसपछि, बीचमा खाली भएको, अलि सानो आकारको, त्रिभुज जस्तो देखिने बुट्टा शिलापत्रको दायाँबायाँ पूरै कपिएका छन्।

मूलपाठ

यसको फ्याक्सिमिलि तल ३७४ पृष्ठमा छ।

१. **ॐ अद्य ब्रह्मणो द्वितियपरा(र्द्धे श्वेतवराहकल्पे)[३६] वैवश्वतमन्वतरे[३७]**

२. **अष्यविंसतितमे चतुयुगस्य करे प्रथमपादे जबुदिपे ` भरथखण्डे भारत-**

३. **वर्षे आर्य्यवर्त्तदेसे हेमवत्दक्षिनपादे श्रीमत्नेपारमन्दरे ` वाशुकिक्षे-**

४. **त्रे श्री ३ पशुपतिसन्निधाने ` वाग्मत्यां पश्चिमरे ` विष्णुमत्यां पुर्वकूरे ` श्रीमत्कान्तिपु-**

५. **महानगरे ` श्रीयंबुब्रुमायां गाङ्गुरज्ञ श्रीजमलेश्वरभट्टारकस्थान ` इहैव**

६. **पुण्यभुमौ ॥ दक्षिणायने ॥ अद्यः श्रावणमसशुक्लपक्ष ` पूण्णमास्यां तिथौ ` उ-**

७. **त्राखाढ प्र श्रवननक्षत्र ` आयुष्मानयोग्य जथाकरनमूहूर्त शुक्रवासरे क-**

८. **कतरासिगते सवितरि मक्ररासिगते चन्द्रमसि तस्मिन् महापर्व्वदिने ` श्री ३ म-**

---

३६. रबिङमा स्पष्ट नदेखिएका जति अक्षर यस शिलापत्रको नकल (महेशराज पन्त २०६० क)को आधारमा यस्तो () कोष्ठभित्र राखिएका छन्।

३७. पहिलो पङ्क्तिका सबैजसो अक्षरका माथिल्ला अंश रबिङमा आएका छैनन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

९. हालक्ष्मीप्रीत्यर्थं केलतोल र यन्ता छे भुवनेश्वर भारोन ृ सोहस्तन ृ स्वविद्यमा-

१०. नेन ृ स्ववाचा प्रतिपन्नभूतेन ृ स्वयं निमित्यर्थेन ृ क्षेत्र संप्रदत्तं ।। अत परं देस-

११. भाखा ृ जथाचात्राघातन ङ्खु बु रो १ छागुय पदइ नासजुस ृ दान दु बु रो १२

१२. जमरबाहार य(न्त)छेस चोङ श्रीअन्नपूर्ण्णा ब्राह्मनिन थओ आगमजुस्क दुन्ताओ त-

१३. या छे खा १ चुर १ थ्व ब्राह्मनि प(र)रोग जुसनरि ृ श्री ३ राजस अवतारि ओङाओ

१४. भुवनेश्वरन श्री २ जयजगज्जय मल्लदेवस्के तुरसिपत्र दुन्ताओ थ्व छे पिहा-

१५. ङाओ थओ पुत्री धनलक्ष्मीमयिया नामन माहालक्ष्मीमुत्ति बहिरि दयकाओ

१६. थ्व छेस तया जुरो ।। पूर्ण्णमासि कुह्नु श्री ३ जमरेश्वरस्त श्री ३ आगमजुस पू-

१७. जाजु १ मत बियमार । गुथिभारोपनिसन दानपत्रस धायाओ तको परि-

१८. पातिथ निस्त्रपेमार ृ मनिस्त्रपं महकारे ृ पञ्चमहापातक राक जुरो

१९. थ्व पतिभाखाथें अच्छिद्रन हकारे जनधनलक्ष्मीसन्ततिसन्तान उ-

२०. त्तोतर फर राक जुरो थ्वते भाषाया दृष्टसाक्षि यावत् चन्द्राक-

२१. मेदिनि ।। सोदत्त परद(त व)ा (य)ो हरन्ति वसुन्धरा षष्टिवर्षसह-

२२. (स्राणि) विठाया जायते कृमि ।। (सम्वत ८४४ श्रा)वनपूर्ण्णमासि ।। शुभ

२ सङ्ख्या

कान्तिपुर शिलालेख सूची भाग-२ (सुभद्रा भट्टराई २०६८) हात परेपछि म मछिन्द्रबहालभित्र उत्तरपट्टिको घरको भित्तामा राखिएको शिलापत्र हेर्न गएँ र भरखरै माथि दिइएको पाठको मूल शिलापत्र यही हो भन्ने ठानी आएँ। पछि वि.सं. २०६८ आश्विन १० गते फोटोग्राफर रवीन्द्र कपालीलाई सँगै लिएर गई त्यसको फोटो उनीद्वारा खिँचाएँ। फोटो हेर्दा यो शिलापत्र भरखरै माथि पाठ दिइएको शिलापत्रभन्दा भिन्नै रहेछ भन्ने थाहा भए पनि त्यस शिलापत्र र यस शिलापत्रको सम्बन्ध भएकोले यो पनि प्रकाश गर्दैछु।

केलटोल जमलगन्थिको उत्तरपट्टिको घरमा बस्ने भवानीमयी र अन्नपूर्णा यी २ जनाले ने.सं. ८०४ (वि.सं. १७४१) वैशाख-अमावास्या बुधवार कृत्तिकाउप्रान्त रोहिणीनक्षत्र सुकर्मायोगमा, सूर्य र चन्द्र वृष राशिमा हुँदा सूर्यग्रहण लागेको वेलामा आफ्नो इष्टदेवता आगमको प्रीतिले जमलगन्थिको घर दिएको र गूठी चलाउन ३ जना बिसेत (ब्यस्त)को र पूजा गर्न १ जना ब्राह्मणको नियुक्ति गरेको कुरा यस शिलापत्रमा छ।

यस शिलापत्रमा दात्रीको रूपमा देखिएका २ जनामध्ये १ जना अर्थात् अन्नपूर्णा भरखरै माथि पाठ दिइएको, यसभन्दा ४० वर्षपछिको शिलापत्रमा पनि आएकी छिन्। यस शिलापत्रअनुसार भवानीमयीसँग मिली अन्नपूर्णाले गूठी राखेको घर अन्नपूर्णा परलोक भएपछि उनको अपुताली राजालाई परेको कुरा भरखरै माथि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाठ दिइएको शिलापत्रमा छ । गूठी राखेको घर पनि दात्री मरेपछि अपुताली परेको देखिएकोले निजी गूठीको स्थायित्व हुँदैन रहेछ कि जस्तो यताबाट देखिन गएको छ ।

यस शिलापत्रमा यसमा लेखिएको बेहोरालाई भाषाको दृष्टिले २ भागमा बाँडिएको छ । खुलाएर भन्दा सङ्कल्प गर्दा उच्चारण गरिने जस्तो वाक्य लेखिसकेपछि **अतः पर देशभाषा** भनी नेवारीमा लेख्न थालिएको छ । अघिल्लो भाग संस्कृतमा लेख्न खोजिए पनि त्यहाँ नेवारीका शब्द —**यन्ता छे, थ्वपनि निह्मसे, आगमजुपितिन**— परेकाले नेवार संस्कृतको झलक यस शिलापत्रमा पनि आएको छ ।

यस शिलापत्रको शिरोभागको बीचमा खड्ग छ । त्यस खड्गको शिरोभागमा भएको, पूरै नजोडिएको माला खड्गको तल्लो भागसम्म आएको छ । त्यसको दायाँबायाँ सूर्य छन् । बीचमा खाली भएको, त्रिभुज जस्तो देखिने बुट्टा खड्गमुन्तिर पूरै कपिएका छन् । त्यसपछि एउटा सोझो धर्को छ । त्यसपछि गोलो आकारका बुट्टा छन् । त्यसपछि अर्को सोझो धर्को तानिएको छ । अनि बीचमा खाली भएका, धेरै ठूला बुट्टा छन् ।

मूलपाठ

यसको फ्याक्सिमिलि तल ३७५ पृष्ठमा छ ।

१. **शुभ ।। ॐ अद्यः ब्रह्मणोत्यादि ।। वैशाखमासकृष्णपक्षअ-**

२. **मावाश्यान्तिथौ कित्तिकप्ररोहिणीनक्षत्रे शुक्रम्भयोगे ।। बुधवा-**

३. **सले ।। वृषराशिगते सवितरि स येव राशिगते चन्द्रमसि ।। तस्मि-**

४. **न् सूर्य्यग्रासमहापर्व्वणि दिने ।। केरतोर जमलगन्थि यन्ता छे ।।**

५. **भवानिमयि अण्णपूर्ण्णा थ्वपनि निह्मसे स्वर्ग्गवैकुण्ठपाप्तिकामा-**

६. **र्थ जमलगन्थिगृहे श्री ३ स्वेष्टदेवता आगमजुपितिन गृह**

७. **सम्प्रदत्त ।। अतः पर देसभाषा ‿ श्री ३ आगमजुस्के मारको साम-**

८. **ग्री दयकाओ कर्म्म यायमार ।। थ्वया गुथिजन व्यस्त ह्मं ३ दे-**

९. **वपूजा याक ब्राह्मण ह्मं १ थ्वपनि पेह्म गुथिजनन थ्व पतिभाषाथ्यं**

१०. **निस्त्रपेमार अनिस्त्रपं महकारे ‿ ग्वहत्या ब्रह्महत्या गुरुह-**

११. **त्या स्तिहत्या बारहत्या एते पंचमहापातक राक जुरो थ्व पति-**

१२. **भाषाथ्यं अच्छिद्रन हकाल्ये उँत्तोत्तर फर राक जुरो ।। थ्वते**

१३. **भाषाया धृष्टसाक्षि जावत् चद्राक्कमेदिनी । सम्वत् ८०४ वैशाष-**

१४. **वद्धि १५ स्वदत्ता परदत्ता वा जे हरन्ति वसुधरा ‿ षष्टिवर्षस-**

१५. **हश्रानि विष्ठाया जायते कृमि ।। ꣳ ।। शुभ ।। ꣳ ।।**

१६. **गुरुभायि अन्त हत्यास्क दतोरे सेवन यायेम**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ७५३ (वि.सं. १६८९) मार्गकृष्णषष्ठीको लक्ष्मीनरसिंह मल्लको ताम्रपत्र (बायाँ भाग)को फ्याक्सिमिलि

यसको पाठ माथि ३६७-३६८ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ७५३ (वि.सं. १६८९) मार्गकृष्णषष्ठीको लक्ष्मीनरसिंह मल्लको ताम्रपत्र (दायाँ भाग)को फ्याक्सिमिलि



१. २. ३. ४. ५. ६. ७. ८. ९. १०. ११. १२.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ सङ्ख्याको शिलापत्रको रबिङ्को फोयेकपीको फ्याक्सिमिलि

यसको पाठ माथि ३६९-३७० पृष्ठमा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ सङ्ख्याको शिलापत्रको फ्याक्सिमिलि

यसको पाठ माथि ३७१ पृष्ठमा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका साधनको तालिका

अर्जुन सुवेदी र बद्री न्यौपाने २०६७

= वि.सं. २०६७ फाल्गुन १८ गते बुधवारको दिन काठमाडौँबाट नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित *नागरिक* २ वर्ष ३०६ अङ्कका १-२ पृष्ठमा छापिएको, अर्जुन सुवेदी र बद्री न्यौपानेको *सबै नागा 'अविवाहित हुँदैनन्'* ।

इतिहास प्रकाश २०१३

= वि.सं. २०१३ मा काठमाडौंबाट इतिहास-प्रकाशक-संघद्वारा प्रकाशित *इतिहास प्रकाश* २ अङ्क २ भाग ।

क्षितिमोहन सेन [२०१३] २०३९/४०

= ई.सं. १९५६ (वि.सं. २०१३) मा कलकत्ताबाट रामकृष्ण मिशनद्वारा प्रकाशित, हरिदास भट्टाचार्यद्वारा सम्पादित द *कल्चरल् हेर्इटिज् अफ इन्डिअ* (भारतको सांस्कृतिक दाय) ४ ठेली २ संस्करणका ३७७-३९४ पृष्ठमा छापिएको, क्षितिमोहन सेनको द *मेड्इईभ़्ल् मिस्टिक्स् अफ् नर्थ इन्डिअ* (उत्तरभारतका मध्यकालिक रहस्यवादीहरू) ।

ई.सं १९८३ (वि.सं. २०३९/४०) मा कलकत्ताबाट रामकृष्ण मिशनद्वारा तेस्रोपटक प्रकाशित ।

गौतमवज्र वज्राचार्य २०३३

= वि.सं. २०३३ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्यको *हनूमान्ढोका राजदरबार* ।

गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१८

= वि.सं. २०१८ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्य र महेशराज पन्तको *अभिलेख-संग्रह* ३ भाग ।

डिल्लीरमण रेग्मी २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३)मा कलकत्ताबाट फर्मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभ़्ल् नेपाल्* (मध्यकालको नेपाल) २ भाग ।

डिल्लीरमण रेग्मी २०२३ क

= ई.सं. १९६६ (वि.सं. २०२३)मा पटनाबाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित, उनैको *मेड्इईभ़्ल् नेपाल्* ४ भाग ।

धनवज्र वज्राचार्य २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्यको प्रधानसम्पादकत्वमा रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलद्वारा सम्पादित *इतिहास-संशोधनको प्रमाण-प्रमेय* ।

धनवज्र वज्राचार्य २०३३

= वि.सं. २०३३ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा चूडानाथ भट्टरायको संयोजकत्वमा प्रकाशित *नेपाली भाषा-अधिगोष्ठी २०३३ (विवृति)*का १९-३५ पृष्ठमा छापिएको, धनवज्र वज्राचार्यको *नेपाली भाषाको ऐतिहासिक विकास* ।

नयराज पन्त २०३१

= वि.सं. २०३१ मा काठमाडौँबाट राजदरबारको स्मृतिसंरक्षणविभागद्वारा प्रकाशित *रमझम* १० वर्ष ३ अङ्कका २७-३५ पृष्ठमा छापिएको, नयराज पन्तको *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको उपदेशको विषयमा केही विचार* ।

नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५

= वि.सं. २०२५ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश* ।

नरहरिनाथ २०१०

= वि.सं. २०१० मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अङ्कका २६-२७ पृष्ठमा छापिएको, नरहरिनाथको *(श्रीपशुपतिनाथदक्षिणद्वारि प्रतापमल्लदेवस्य) तुलादानशिलास्तम्भतोरणलेखाः* ((श्रीपशुपतिनाथको दक्षिणढोकामा प्रताप मल्लदेवको) तुलादानको ढुङ्गे खामोको तोरणका लेख) ।

महादेवशास्त्री जोशी[१] [२०२४] २०५१

= शाके १८८९ (वि.सं. २०२४) मा पूनाबाट भारतीय संस्कृतिकोश मंडळ*द्वारा प्रकाशित, महादेवशास्त्री जोशीद्वारा सम्पादित *भारतीय संस्कृतिकोश* ४ खण्ड ।

शाके १९१६ (वि.सं. २०५१) मा पूनाबाट भारतीय संस्कृतिकोश मंडळ*द्वारा तेस्रोपटक प्रकाशित ।

महेशराज पन्त २०४१

= वि.सं. २०४१ मा प्रकाशित *पूर्णिमा* ६० पूर्णाङ्कका २५-२७ पृष्ठमा छापिएको, महेशराज पन्तको *लक्ष्मीनरसिंह मल्लको अप्रकाशित ताम्रपत्र* ।

महेशराज पन्त २०६०

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १०९ पूर्णाङ्कका ५९-६१ पृष्ठमा छापिएको, महेशराज पन्तको *जगज्जय मल्लले अपुताली भित्र्याएको कुरा भएको, ताडपत्रमा लेखिएको, अहिलेसम्म प्रकाशमा नआएको एउटा पत्र* ।

महेशराज पन्त २०६० क

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १११ पूर्णाङ्कका ५९-६० पृष्ठमा छापिएको, महेशराज पन्तको *जगज्जय मल्लले अपुताली भित्र्याएको कुरा पनि भएको, अहिलेसम्म प्रकाशमा नआएको एउटा अर्को पत्र* ।

महेशराज पन्त २०६४

= वि.सं. २०६४ मा प्रकाशित *पूर्णिमा* १२६ पूर्णाङ्कका १०४-१२२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण–२ वटा थप पत्र* ।

महेशराज पन्त २०६६

= ई.सं. २००९ (वि.सं. २०६६)मा अल्मोडाबाट अल्मोरा बुक डीपोद्वारा प्रकाशित, मारी लकौंत-तिलुइनद्वारा सम्पादित, *बाईज् यान्ड् मीडिअम्ज्: हिस्टरि, कल्चर् यान्ड् पल्इटिक्स् इन् द सेन्ट्रल् हिमालयन् किङ्डम्ज्* (हुड्केहरू र धामीहरू– मध्य हिमालयका राज्यमा इतिहास, संस्कृति र राजनीति)का २९३-३२६ पृष्ठमा छापिएको, महेशराज पन्तको *टुवर्ड्ज् अ हिस्टरि अफ् द खस एम्पाइर्* (खससाम्राज्यको इतिहासतर्फ)।

महेशराज पन्त छापिन बाँकी

= *जयप्रकाश मल्ल र दशनामी– जयप्रकाश मल्लका* ६ पत्र।

शङ्करमान राजवंशी २०२७

= वि.सं. २०२७ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागको राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *कान्तिपुर-शिलालेख-सूची* ।

सुभद्रा भट्टराई २०६८

= वि.सं. २०६८ मा काठमाडौँबाट राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, सुभद्रा भट्टराईको[२] *कांन्तिपुर शिलालेख सूची* २ भाग।

---

१. यसमा सहसंपादक*[❶] पद्मजा होडारकर ।

२. यही सूचीको पहिलो भाग वि.सं. २०२७ मा राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित छ, त्यहाँ सम्पादकको नाउँ मुखपृष्ठमै दिइएको छ (शङ्करमान राजवंशी २०२७) । यस दोस्रो भागमा भने सम्पादकको नाउँ सम्पादकीय*मा मात्र दिइएको छ । बाहिर सम्पादकको नाउँ किन हालिएन, बुझ्न सकिएन ।

---

❶ यस तालिकामा जहाँ जहाँ यस्तो * चिह्न दिइएको छ, त्यसको अर्थ ती अशुद्ध शब्द जस्ताकोतस्तै सारिएको भन्ने हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेवारराज्यमा ब्राह्मण - थप २ थान ताम्रपत्र

-महेशराज पन्त

१. ने.सं. ८१९ (वि.सं. १७५५) कार्तिककृष्णदशमीको एउटा र ने.सं. ८७१ (वि.सं. १८०८) श्रावणशुक्लअष्टमीको अर्को गरी २ वटा ताम्रपत्र यहाँ प्रकाश गर्न लागिएको छ। पहिलो ताम्रपत्र भूपालेन्द्र मल्लको र दोस्रोचाहिँ भूपालेन्द्र मल्लका छोराका उत्तराधिकारीका पनि उत्तराधिकारी जयप्रकाश मल्लका हुन्।

यी २ ताम्रपत्रमध्ये पहिलोको पाठ नकलको आधारमा छापिइसकेको[१] भए पनि मूल ताम्रपत्रसँग भिडाई हेर्दा ठाउँठाउँमा त्यो पाठ सच्चिएको छ। पहिलोको सीसाकलमले लिएको रबिङ संशोधन-मण्डलको सङ्ग्रहमा रहेछ र त्यसैबाट त्यसको पाठ पढिएको हो। दोस्रोको माइक्रोफिल्म नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षण-परियोजनामा म काम गरिरहेको ताका त्यही परियोजनाद्वारा भएको हो। यो माइक्रोफिल्म कहिले गरियो र यसको रील नम्बर कति हो भन्ने कुरा मैले नटिपे पनि माइक्रोफिल्मको प्रिन्ट्आउट आफूसँग राखेको रहेछु र अहिले त्यसैबाट पाठ पढेको हुँ।

१ सङ्ख्या

ने.सं. ८१९ (वि.सं. १७५५) कार्तिककृष्णदशमीको ताम्रपत्र

२. यस ताम्रपत्रको बायाँ किनारामा दोस्रो पङ्क्तिको हाराहारीभन्दा अलि तल, चौथो पङ्क्तिको हाराहारीभन्दा अलि माथिसम्म जाने गरी गोलो छाप लगाइएको छ। छापको वरिपरि थोप्ला छन्, ती थोप्ला वृत्तरूपमा छन्। ती थोप्लामध्ये माथिल्लो भागका थोप्ला रबिङमा नआएकाले ४२ वटा थोप्ला मात्र देखिन्छन्। त्यसपछि रेखात्मक वृत्त छ। त्यस वृत्तभित्र माथि १ थोप्ला र त्यसको तल कमसेकम ४ थोप्ला देखिन्छन्। ती थोप्लाको दायाँबायाँ दुवैतिर **श्री** अक्षर छ। दुवै **श्री**को मुनि केही थोप्ला देखिन्छन्। ती थोप्लाको हाराहारीमा देवीको मूर्ति छ। त्यस मूर्तिको दायाँ हातमा खड्ग छ। त्यो मूर्ति बसेको छ। त्यस मूर्तिले छापको धेरै भाग ओगटेको छ। मूर्तिको दायाँ **भा**, बायाँ **क** अक्षर छ। **भा**को मुनि माथि एउटा र त्यसको मुनि ३ थोप्ला छन्। **क**को मुनि पनि थोप्ला छन् तापनि ती थोप्ला कतिवटा छन् भनी किटेर भन्न सकिँदैन। दायाँपट्टि राखिएका थोप्लाको मुनि **र** अक्षर र बायाँपट्टि राखिएका थोप्लाको मुनि **म** अक्षर छ। देवीको मूर्तिको मुनि लहरै **ल्ल दे व** अक्षर छन्।

२.१. यो ताम्रपत्र राजा भूपालेन्द्र मल्लको भए पनि यसमा लगाइएको छाप उनको नभई उनका उत्तराधिकारी छोरा भास्कर मल्लको छ। कुनै कुनै ताम्रपत्रमा आफ्नो होइन कि आफ्ना उत्तराधिकारीको छाप लगाइने गरेको कुरा यस प्रसङ्गमा भन्नुपर्छ। खुलाएर भन्दा भूपालेन्द्र मल्लको ने.सं. ८२० (वि.सं. १७५७) चैत्रपूर्णिमाका ताम्रपत्रमा पनि भास्कर मल्लको[२] र भास्कर मल्लको ने.सं. ८३९ (वि.सं. १७७६) भाद्रशुक्ल-

---

१. दिनेशराज पन्त २०५३:३५।

२. एउटाको फ्याक्सिमिलिको लागि यही अङ्कको ३८५ पृष्ठ र पाठको लागि गोविन्द टण्डन २०५६:परिशिष्ट -५५ = २१४ हेर्नू। मूल ताम्रपत्र नभेटिएको, कागतमा सारिएको, अर्को ताम्रपत्रको पाठको लागि महेशराज पन्त २०६४:२०४ हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पञ्चमीको[३] ताम्रपत्रमा उनका उत्तराधिकारी जगज्जय मल्लको छाप लगाइएको छ।

३. देउराली (मूलमा- **देवदालि**)का रामानन्द उपाध्यायको देउरालीकै जग्गा लिई त्यसको सट्टाभर्ना (मूलमा- **पादशि**)को रूपमा उनलाई बेलकोट (मूलमा- **बेलक्वत**) राते आम्बोटे (मूलमा- **रात्या आम्बोत्या**)को ६० रोपनी खेत, २ कर्ष बारी घडेरी, २ कर्ष बारी डिही दिई भूपालेन्द्र मल्लले यो ताम्रपत्र गरिदिएको हो।

यसको फ्याक्सिमिलि तल ३८३ पृष्ठमा छ।

४. मूलपाठ

१. ❡ स्वस्ति ॥ श्रीमत्पशुपतिचरणकमलधूलिधूसरितशिरोरुहश्रीमन्मानेश्वरिष्टदेवताव-

२. लरब्धप्रसाददेदीप्यमानमानोन्नत ˎ श्रीरघुवंशावतार ˎ रविकूलतिलकहनूमध्वजनेपा-

३. लेश्वरमाहाराजाधिराजराजराजेन्द्रसकलराजचक्राधीश्वरश्रीश्रीजयभूपालेन्द्रम-

४. ल्लपरमभट्टारकदेवानां ˎ सदा समरविजयीनां ˎप्रभु थाकूरसन ˎ देवदालिस्थानस्थित-

५. विप्रश्रीरामानन्दउपाध्यानाम्ने संप्रदत्त स्थानस्य पश्चिमदिशि बेलक्वत रात्याआम्बोत्याक्षे-

६. त्रनामसंज्ञकं नद्याया पश्चिमतो ˎ प्रपातसिमाया उर्त्तरतो ˎ दक्षिणतश्च ˎ दबदब्यासिमाया

७. पूर्व्वतो ˎ एतेषां मध्य षष्ठीरोपनिकं क्षेत्राङ्कतोपि बु रो ६० घल्यालि बल क्रर्ष २ देहि बल क्रर्ष

८. २ थ्वते बु देवदालिया बु दुकास्य बिज्याङाव ˎ पादशि प्रसन्न जुस्य बिज्याङा ॥ अत्र पत्रार्थे दृ-

९. ष्टसाक्षि श्रीश्रीजयभास्करमल्लदेवस ॥ सम्वत् ८१९ कार्त्तिकवद्धि १० शुभ ॥❡

२ सङ्ख्या

ने.सं. ८७१ (वि.सं. १८०८) श्रावणशुक्लअष्टमीको ताम्रपत्र

५. यस ताम्रपत्रका अघिल्ला ४ पङ्क्तिमा बायाँपट्टि ६।७ अक्षर अटाउने ठाउँ छोडी त्यहाँ गोलो छाप लगाइएको छ। त्यो छाप पहिलो पङ्क्तिको हाराहारीभन्दा अलिकति माथि गएको छ र तेस्रो पङ्क्तिभन्दा अलिकति तलसम्म आएको छ। छापको वरिपरि थोप्ला छन्, ती थोप्ला वृत्तरूपमा छन्। प्रिन्ट्आउटमा थोप्ला त्यति राम्ररी नआएकाले ती यहाँ गनिएका छैनन्। त्यसपछि रेखात्मक वृत्त देखिन्छ। त्यस वृत्तभित्र भएका अक्षरलगायत प्रिन्ट्आउटमा अस्पष्ट छ।

६. छोटो विरामको लागि यस ताम्रपत्रमा ठाउँ नछोडीकनै अक्षरपछि कोचेर यस्तो ˎ वा यस्तो ˎˎ चिह्न हालिएको छ। त्यसले गर्दा त्यस्ता चिह्न २ पङ्क्तिको बीचको खाली ठाउँमा धेरैजसो ठाउँमा अक्षरका सामै, कान्नानी, दाहिने वा अक्षरको दायाँपट्टिको भागको ठीकमुनि बस्न गएका छन्।

७. जयप्रकाश मल्लले काभ्रे (मूलमा- **काव्र्या**)का २ जना ब्राह्मणलाई त्यहींकै ६८ रोपनी खेत १८०० टङ्कामा बेची यो ताम्रपत्र गरिदिएको हो। मैले पढेअनुसार एक जना ग्राहक **भिरायनि जैसी** र (मूलमा- **जैसि**) र अर्काचाहिँ **धरणीधर झाहि** हुन्। **भिरायनि** यो नाउँ र **झाहि** यो थर मैले कहिल्यै नसुनेको र अन्त कहीं नपढेकोले तिनले मलाई पिरोलेको छ। यसो हेर्दा **झा**लाई नै यहाँ **झाहि** भनेको जस्तो पनि लाग्छ।

---

३. भास्कर मल्लको महीन्द्र सिंह भन्ने नाउँबाट जारी गरिएको यस ताम्रपत्रको फ्याक्सिमिलिको लागि यही अङ्कको ३८६ पृष्ठ र पाठको लागि महेशराज पन्त २०५५ हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८. भीमल गिरि गोसाईँ (मूलमा- **भीमल गिरी गुसायि**)लाई तिर्नुपरेकोले यो खेत बेच्नुपरेको हो भनी यहाँ लेखिएको छ ।

यस ताम्रपत्रभन्दा झण्डै २५ वर्षपुरानो ताम्रपत्रमा भिमल गिरिको चर्चा आएको कुरा यस प्रसङ्गमा गर्नुपर्छ । कुरा के हो भने भक्तपुरका विश्वेश्वरनाथको प्रीतिको लागि ज्ञाननाथी भीमल गिरिले ठाउँठाउँबाट आएका दशनामीहरूलाई वास दिन भनी भक्तपुर तचपाल (मूलमा- **तवचपाल**)को सडक (मूलमा- **लाछि**)मा **दत्तात्रेय** (मूलमा- **दत्तदेव**)को मन्दिरभन्दा **वायव्य** (उत्तरपश्चिम)मा रहेको घर र त्यहाँ आए जति दशनामीहरूको भोजनको खर्च खेतको आयस्ताबाट चलाउन भनी ५२ रोपनी खेत शाके १६४८, वि.सं. १७८३, कलिगताब्द ४८२७, ने.सं. ८४६ आषाढशुक्लद्वादशीको दिन गूठी राखी व्यवस्था गरेको ताम्रपत्रबाट बुझिन्छ ।[४]

जयप्रकाश मल्लले गोसाईँहरूसँग सापटी लिने गरेको कुरा उनका अरू पत्रहरूबाट पनि थाहा हुन्छ ।[५]

९. यी मल्ल राजाहरूले गोसाईँहरूलाई जग्गा बेच्ने गरेको कुराका उदाहरणको लागि श्रीनिवास मल्लले कमलनयन पुरी र सुन्दर पुरीलाई ने.सं. ७९१ (वि.सं. १७२८) श्रावणकृष्णचतुर्दशीको दिन ४४ रोपनी खेत १७६० टङ्कामा,[६] भास्कर मल्ल उर्फ महीन्द्र सिंहले उद्योत भारतीलाई ने.सं. ८४० (वि.सं. १७७७) आषाढकृष्णतृतीयाको दिन ३२ रोपनी र ११ कर्ष खेत, २ कर्ष डिही र २ कर्ष घडेरी ९०० टङ्कामा[७] तथा ने.सं. ८४१ (वि.सं. १७७७) माघकृष्णपञ्चमीको दिन साढे ४० रोपनी खेत, २ कर्ष डिही र २ कर्ष घडेरी १००१ टङ्कामा[८] बेचेकोलाई देखाउन सकिन्छ ।

खुद जयप्रकाश मल्लले ने.सं. ८६३ (वि.सं. १७९९) मार्गकृष्णत्रयोदशीको दिन सुमेरु गिरि गोसाईँलाई ६० रोपनी जग्गा ८४३ टङ्कामा,[९] ने.सं. ८७० (वि.सं. १८०७) शुद्धचैत्रद्वादशी[१०]को दिन महन्त कमल वन

---

४. यो दानसम्बन्धी २ वटा ताम्रपत्र प्रकाशमा आएका छन् । ती दुवै राजा रणजित् मल्लको छाप लगाई जारी गरिएका हुन् । एकाध शब्दको वास्ता नगर्ने हो भने दुवै उही बेहोराका छन् । तर एउटामा दाताको हैसियतले **ज्ञाननाथी भिमल गिरि** छन् त अर्कोमा चाहिँ **ज्ञाननाथी दयाल गिरि** छन् (महेशराज पन्त २०३७) ।①

५. शङ्करमान राजवंशी २०२४:१२ मा छापिएका अघिल्ला २ पत्र ।

६. महेशराज पन्त २०५७ क:२६ सङ्ख्या = १८ ।

७. उही २०६५:३३०, ३३१ ।

८. उही:३३०,३३१-३३२ ।

९. उही छापिन बाँकी:१ सङ्ख्या ।

१०. यहाँ पक्ष लेखिएको छैन ।

---

① मूलको [...] **दशनाम सन्यासी ् वव दकोस्ता ् ह्मान प्र १ जाके❶ ् के अस्ता १ मास ् कलसुल दवगुलि ् चि ् ध्वते विय ्** (मूलका १०-११ पङ्क्ति = २५)को उल्था मैले [...] **दशनामी संन्यासी आए जति सबैलाई १ पाउ चामल, दाल १ छयक मास, केराउको दाल, दही, नून यति दिने** (उही:२६) भनी मैले गरेकोमा मूलमा **दही** बुझाउने शब्द नहुँदा नहुँदै पनि मूलको **दवगुलि**को अर्थ मैले **दही** लेखेको रहेछु । यस वाक्यको वास्तव अर्थ यो हो- **दशनामी संन्यासी आए जति सबैलाई मान्छेपीछे १ पाउ चामल, दाल १ छयक मास, केराउ पुगे जति** (शब्दार्थ गर्दा- **भए जति**), **नून यति दिने** ।

---

❶ अर्को ताम्रपत्रमा **पल २ जाके** (उही:२५ मा ३९ सङ्ख्याको टिप्पणी) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गोसाईँलाई ७० रोपनी खेत तथा डिही र घडेरीको लागि ३० कर्ष जग्गा ४४०४ टङ्कामा,[११] ने.सं. ८७१ (वि.सं. १८१८) श्रावणशुक्लद्वादशीको दिन हरिनाथ गिरि गोसाईँलाई साढे ४ रोपनी खेत ११२ टङ्कामा,[१२] ने.सं. ८७३ (वि.सं. १८१०) वैशाखशुक्लत्रयोदशीको दिन महन्त कमल वन गोसाईँलाई १९१ रोपनी खेत ९८९५ टङ्कामा,[१३] ने.सं. ८७३ (वि.सं. १८१०) भाद्रपूर्णिमाको दिन राम गिरि गोसाईँलाई ५० कर्ष खेत तथा डिही र घडेरीको लागि १० कर्ष जग्गा १६५० टङ्कामा,[१४] ने.सं. ८७६ (वि.सं. १८१३) चैत्रकृष्णद्वादशीको दिन महन्त कमल वन गोसाईँलाई ७० रोपनी ३० कर्ष खेत तथा डिही र घडेरीको लागि ४ कर्ष जग्गा ४४०० टङ्कामा[१५] बेचेको प्रमाण पाइएको छ ।

यसको फ्याक्सिमिलि तल ३८४ पृष्ठमा छ ।

१०. मूलपाठ

१. ९ स्वस्ति ॥ श्रीमत्पशुपतिचरणकमरधूरि ,, धूसरित , शिरोरूह , श्रीमन्मानेश्वरि-

२. ष्टदेवता ,, वरलर्द्धप्रसाददेदीप्य ,, मानमानोन्नत ,, श्रीरघूवंशा ,, वतार र ,, विकूलतिव-

३. क ,, हनूमध्वज ,, नेपालेश्वर ,, माहाराजा ,, धिराज ,, राजराजेन्द्र ,, सकरराज ,, चक्राधीश्व-

४. र ,, निजेष्ट ,, देवदेवेश्वरि ,, कृपाकय ,, क्षेवरित ,, विक ,, मोपर्ज्जित ,, वारणाकर ,, समू-

५. भुत ,, गजेन्द्रपति ,, श्रीश्रीजयजयप्रकाशमल ,, देव ,, परमभट्टारकदेवाणां ,, सदा समरविजयिनां ,, प्रभु था-

६. कुल ,, सन ,, कावन्यास चोङ ,, विप्र श्रीभिरायनि ,, जैसि ,, विप्र ,, श्रीधरणी ,, धरभाहिनाम्ने ,, प्रसादीकृतं दल का-

७. यका ,, चल्या बू क्षेत्रनामसंज्ञकं ,, श्रीराजन पूर्वतो ,, तिरंवकेन ,, दक्षिणतः श्रीराजन ,, ग्राहक ,, स्य ,, पश्चिम-

८. तः क्वर्ष्णपति अधिकारिया ,, भुम्यान ,, उर्त्तरतो ॥ एतेषां मध्ये ,, ध्वते चात्राघातन दू ,, बू ,, अथषष्ठी ,, द्रोपनिकं ,, क्षेत्रां-

९. कतो ,, पि दलकाप ,, को कावन्या ,, बू रो ६८ ततः क्षेत्रस्य यथा ,, देशकाल , प्रवर्त्त , मान ,, संचारार्घेन ,,सुवर्ण्ण ,, मूल्य

१०. अष्टशत ,, टंकाधिक ,, एकसहस्र ,, श्रीजयप्रकाशमली ,, टंका १८०० वादाय ,, वतुकंन्यायन क्रीविक्रीटं ,, भवति ॥

---

११. महेशराज पन्त छापिन बाँकी:२ सङ्ख्या ।

१२. उही २०५७:१४ सङ्ख्या = ६२ ।

१३. उही:३ सङ्ख्या ।

१४. उही:५ सङ्ख्या ।

१५. उही:६ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

११. पर्ति ˎ त ˎ खदाभोतिया मूल ˎˎ भीमल गिरी गुसायि ˎˎ नयात पूला ।। देहि घल्या ˎˎ दि कर्ष ४ सोवान तङ ।। अत्र

१२. पत्रार्थे दृष्टसाक्षि श्रीश्रीजयज्योतिप्रकाशमल्ल ˎˎ देव ˎˎ सम्वत् ८७१ श्रावणशुदि ८ शुभ ।। ।।

यो लेख लेख्दा काम लिइएका साधनको तालिका

गोविन्द टण्डन २०५६

= वि.सं. २०५६ मा काठमाडौँबाट झरेन्द्र शम्शेर ज.ब.रा. र मञ्जु राणाद्वारा प्रकाशित, गोविन्द टण्डनको *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* २ भाग।

दिनेशराज पन्त २०५३

= वि.सं. २०५३ मा प्रकाशित *पूर्णिमा* ८९ पूर्णाङ्कका ३३-३८ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *काठमाडौँ र पाटनका राजाका, वि.सं. १७५५ देखि १७९३ सम्मका पाँचवटा अप्रकाशित पत्र* ।

महेशराज पन्त २०३७

= वि.सं. २०३७ मा प्रकाशित *पूर्णिमा* ४८ पूर्णाङ्कका २३-२६ पृष्ठमा छापिएको, महेशराज पन्तको *भक्तपुर पुजारी मठका विश्वेश्वर महादेवसम्बन्धी ताम्रपत्र* ।

महेशराज पन्त २०५५

= वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९५ पूर्णाङ्कको ४५ पृष्ठमा छापिएको, महेशराज पन्तको *महीन्द्रसिंह [भास्कर मल्ल] ले जग्गा दिई गरिदिएको, अहिलेसम्म प्रकाशमा नआएको ताम्रपत्र*।

महेशराज पन्त २०५७

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०० पूर्णाङ्कका ५२-६४ पृष्ठमा छापिएको, महेशराज पन्तको *काठमाडौँका राजाहरूका, ताडपत्रमा लेखिएको, अहिलेसम्म प्रकाशमा नआएका, १८ वटा लिखतपत्र (वि.सं. १७७३-१८१६)*।

महेशराज पन्त २०५७ क

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०२ पूर्णाङ्कका १-५१ पृष्ठमा छापिएको, महेशराज पन्तको *पाटनका मल्ल राजाहरूका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, ६८ वटा लिखतपत्र (वि.सं. १७६८-१८२३)*।

महेशराज पन्त २०६४

= वि.सं. २०६४ मा प्रकाशित *पूर्णिमा* १२७ पूर्णाङ्कका १९०-२०९ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण– अर्को एउटा पत्र*।

महेशराज पन्त २०६५

= वि.सं. २०६५ मा प्रकाशित *पूर्णिमा* १२८ पूर्णाङ्कका ३२८-३३३ पृष्ठमा छापिएको, महेशराज पन्तको *महीन्द्र सिंह (भास्कर मल्ल) का ३ वटा लिखतपत्र* ।

महेशराज पन्त छापिन बाँकी

= *जयप्रकाश मल्ल र दशनामी - जयप्रकाश मल्लका ६ पत्र*।

शङ्करमान राजवंशी २०२४

= वि.सं. २०२४ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामंत्रालय*[१६] पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* २ सङ्ख्याका ११-१६ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *ऐतिहासिक निरीक्षण र त्यसको उपलब्धि* ।

---

१६. यस्तै छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ८१९ (वि.सं. १७५५) कार्तिककृष्णदशमीको ताम्रपत्रको रबिङ्को फ्याक्सिमिलि

यसको पाठ माथि ३७९ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ८७१ (वि.सं. १८०८) श्रावणशुक्लअष्टमीको ताम्रपत्रको माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि

यसको पाठ माथि ३८१-३८२ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ८२० (वि.सं. १७५७) चैत्रपूर्णिमाको ताम्रपत्रको माइक्रोफिल्मको प्रिन्ट्आउटको फ्याक्सिमिलि

यसको पाठ गोविन्द टण्डन २०५६:२१४ मा छ।



१ २ ३ ४ ५ ६ ७ ८ ९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ८३९ (वि.सं. १७७६) भाद्रशुक्लपञ्चमीको महीन्द्रसिंहको ताम्रपत्रको माइक्रोफिल्मको प्रिन्ट्आउटको फ्याक्सिमिलि

यसको पाठ महेशराज २०५५ मा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेवारराज्यमा ब्राह्मण
थप २ थान ताडपत्र

– **महेशराज पन्त**

दुवै ताडपत्र प्रोफेसर विद्यानाथ उपाध्याय भट्टको पुख्यौंली सङ्ग्रहमा छन्, उहाँको सौजन्यले तिनको उपयोग गर्न पाइएको हो ।

१ सङ्ख्या

ने.सं ८४७ (वि.सं. १७८३) फाल्गुनशुक्लसप्तमीको फार्छेपत्र

ताडपत्रमा लेखिएको यस फार्छेपत्रको लम्बाइ ३०.३ अङ्गुल र चौडाइ १.८ अङ्गुल छ ।

यस ताडपत्रमा बायाँपट्टि फट्केको छेउमा पहिलो पङ्क्तिभन्दा अलि तलदेखि तेस्रो पङ्क्तिसम्मको हाराहारीमा रहेको, माटेको ढिकोमाथि गोलो छाप लगाइएको छ । त्यस ढिकोको लम्बाइ १ अङ्गुल, चौडाइ ०.९ अङ्गुल र मोटाइ ०.३ अङ्गुल छ । छापको छेउमा वरिपरि वृत्तरूपमा ४८ वटा थोप्ला छन् । त्यसपछि वृत्त छ । त्यस वृत्तभित्र बीचमा त्रिशूल छ । त्रिशूलको ठीक बीचमा माथि **श्री** अक्षर छ । **श्री**को दायाँबायाँ दुवैतिर चन्द्रमा छन् । त्रिशूलको माथिल्लो भागको बायाँपट्टि **३** अङ्क र दायाँपट्टि **वा** अक्षर छ । त्रिशूलको तल्लो भागको बायाँपट्टि **दि** अक्षर र दायाँपट्टि **नि** अक्षर छ । सबभन्दा मुनि त्रिशूलको दायाँपट्टि २ वटा र बायाँपट्टि २ वटा कमल छन् ।

कान्तिपुर महानगरमा, **सर**[१] **येतापुखुरगाम**मा बस्ने मुरलीधर जैसी (मूलमा- **मुररिधर जैशि**)लाई **यम्बु**, (काठमाडौँ शहरको उत्तरी भाग)मा, **सुवर्णप्रणालीमहास्थान**मा, **शान्तिघर**मा, तँलाछि (मूलमा- **तम्बराछे-टेल**)मा, बिज्यापतिमुगलको पूर्वपट्टिको घरमा बस्ने धर्मसिंह र धर्मराम भन्ने २ जना महर्जन दाजुभाइले आफ्नो हकभोगको ६ रोपनी खेत ने.सं. ८४७ (वि.सं. १७८३) फाल्गुनशुक्लसप्तमीको दिन ११० टङ्कामा बेचेको कुरा यस फार्छेपत्रमा छ ।

किन्ने मान्छे काठमाडौँ शहरका भए पनि यिनको वासस्थान कहाँ पर्छ भन्ने कुरा ठाउँ चिन्न नसकिएकोले भन्न सकिएन । बेचिएको खेत **निमरगु**को तलको (**क्व**) हो भन्ने कुरा यस फार्छेपत्रबाट थाहा हुन्छ । त्यो खेत चिनाउँदा **थानस्य उत्तरदिस प्रदेशे** अर्थात् **स्थानको उत्तरदिशाको प्रदेशमा** भनी यहाँ लेखिएकोले काठमाडौँ शहरदेखि उत्तरपट्टि त्यो खेत भएको बुझिन्छ । ठाउँको नाउँमा डाँडा बुझाउने शब्द **गु** भएकोले त्यो खेत कुनै डाँडाको फेदीमा भएको देखिन्छ । **निमरगु** भन्ने यो ठाउँ अहिले प्रख्यात नभएकोले चिन्न सकिएन ।

---

१. सर अर्थात् सरस्‌को अर्थ तलाउ/पोखरी हुने हुनाले येतापुखुर अर्थात् दक्षिणपट्टिको पोखरीको अगाडि आएको सरले पोखरी नै बुझाएको हो कि ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस लिखतपत्रभन्दा १६ वर्षअगाडिको, ने.सं. ८३१ (वि.सं. १७६७) माघशुक्लप्रतिपदाको लिखतमा **निमर** भन्ने ठाउँको तल (**निमर क्व**)को खेतको चर्चा आएको छ । कुरा के भने कान्तिपुर महानगरमा, **यम्बुब्रुमामा, गांगुज्ञमा**, मखनटेलमा, मिखाडो (मूलमा- **मीरखाद्वर**)मा, उत्तरपट्टिको घरमा बस्ने थापित जयधन भारोले त्यही मखनटेलको मिखाडोमा दक्षिणपट्टिको घरमा बस्ने थापित जयशङ्कर भारोलाई **निमर क्व**को ३ रोपनी खेतको ४ खण्डको १ खण्ड अर्थात् ३ जवा (मूलमा- **चुरं**) अर्थात् १२ आना बेचेका थिए ।[२] हाम्रो फार्छेपत्रमा निमरको डाँडाको तल (**निमरगु क्व**)को खेत बेचेको कुरा आएको र यसमा चाहिँ निमरको तल (**निमर क्व**)को खेत बेचेको कुरा आएको छ । यसो हेर्दा खेतका यी २ चाकला एकै ठाउँको हुनु धेरै सम्भव छ ।

प्रकृत पत्रमा दृष्टसाक्षीमा जग्गा बेच्नेका **स्वपुत्र** अर्थात् आफ्ना छोरा भनी २ जना राखिएका छन् । साक्षी बस्ने यी २ जना २ भाइका आआफ्ना छोरा हुनुपर्छ । **थाक**मा एकजना डङ्गोल (मूलमा- **दगुल**) र अर्काचाहिँ टेखा (**तोखा**)का बासिन्दा छन् । जग्गा बेच्नुपर्ने कारण (**प्रत्ति**) खुलाउँदा सट्टाभर्ना (मूलमा- **पादशी**) लिन भनी यहाँ लेखिएको छ ।

बिक्री भएको खेतका ४ सँधियारमध्ये दक्षिणपट्टिका सँधियार सुदर्शन जैसी भएकाले अहिले खेत किन्ने मुरलीधर जैसीका बन्धु यी हुनु धेरै सम्भव छ ।

यस फार्छेपत्रको फ्याक्सिमिलि तल ३८९ पृष्ठमा छ ।

मूलपाठ

१. **९ श्रेयोऽस्तु ॥ सम्वत् ८४७ फाल्गुणमासे शुक्लपक्षे ॥ सप्तम्यान्तिथौ ॥ श्रीमत्कान्तिपुरमहानगरे ॥ सर येतापुषुरगामवाशिक ‸ श्रीमुररिधर जैशिया नाम्नेन सकासात् ॥ श्रीयम्बु सुवर्ण्णपनारिमहास्थाने श्रीशान्ति-घरंके ॥ तम्बराछेयेलके बिज्यापति मुगल वंता छे महज्जन धर्म्मसिंह भातृ धर्म्मराम तत् द्विभयस नाम्नेन सुक्रीयं सुपुज्यमानिकं ॥**

२. **थानस्य उत्तरदिस प्रदेशे निमरगु क्व क्षत्रनामसंज्ञकं ॥ [३] कस्य क्षत्रेन पक्षिमत ॥ नद्यायां उत्तरत ॥ राज्ञायां पूर्व्वत ॥ श्रीसुदर्शनजैशिकस्य क्षत्रस्य दक्षिणत ॥ एतेषां मध्ये षट्रोपनिकं क्षत्रांकयेपि ‸ बु रोव ६ जुलो ॥ ततः क्षत्रस्य जथादेशकारप्रवत्तमानसञ्चालाघेन सुवर्ण्णमूरमादाय स्वादिनानंवत्तुकंन्याय-**

३. **ण क्रीविक्कीयतं भवति ॥ तत्र धारणकस्य निमित्तेन जदि शंकृतव्यावाडपीदा स्यात्तदा धारणकेन परिसोधयञ्वे ॥ अत्र पत्रार्थे दृष्टशाक्षि स्वपुत्र चिकिधिक ‸ धनदेओ ‸ थाक जिराम दगुल तोखाया सत्यराम प्रत्ति पादशी कायस सुक्रीबिक्री याञ ॥ मूरक टं ११० तरपति पु २ सह.**

२. परिशिष्ट हेर्नू ।
३. जग्गाको पश्चिमपट्टिको सँधियारको नाउँ तत्काल थाहा नभएकोले पछि भर्न भनी ०.९ अङ्गुल ठाउँ खाली छोडिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ८४७ (वि.सं. १७८३) फाल्गुनशुक्लसप्तमीको ताडपत्रको फ्याक्सिमिलि

यसको पाठ माथि ३८८ पृष्ठमा छ ।



१: २: ३:   १: २: ३:   १: २: ३:

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ सङ्ख्या

ने.सं ८५८ (वि.सं. १७९५) ज्येष्ठशुक्लसप्तमीको फार्छेपत्र

ताडपत्रमा लेखिएको यस लिखतपत्र बायाँपट्टि टुक्रिएर गएकोले केही अपूरो छ । १.८ अङ्गुल चौडाइ भएको यस ताडपत्रको टुक्रिएर बाँकी रहेको भागको लम्बाइ ४६ अङ्गुल छ ।

यस फार्छेपत्रमा बायाँपट्टि फट्केको छेउमा माटेको डल्लोमाथि गोलो छाप लगाइएको छ । त्यस माटेको डल्लोको लम्बाइ ०.९ अङ्गुल, चौडाइ ०.९ अङ्गुल र मोटाइ ०.३ अङ्गुल छ । यहाँको छाप र अघिल्ला २ वटा फार्छेपत्रको छाप उही हो ।

कान्तिपुर महानगरमा, **यंग्ल** (काठमाडौँ शहरको दक्षिणी भाग)मा, **काष्ठमण्डप**मा, ब्रह्मटेल (मूलमा- **ब्राह्मनतोल**)को बाटेमा (मूलमा- **र**), उत्तरपट्टिको घरमा बस्ने गुण महर्जन र चिकंमुगलटेल (मूलमा- **चिकमगुदितोल**)मा, वंबहाल (मूलमा- **ओबाहार**)मा, **निह्मननी**मा, दक्षिणपट्टिको घर[४]मा बस्ने कुतुरामले **पुखुलिगाम**मा बस्ने ब्राह्मण (मूलमा- **वीप्र**) मुरलीधर जोशी (मूलमा- **मुलिधल जोसि**)सँग ६ रोपनी खेत सट्टापट्टा गरेको कुरा यस फार्छेपत्रमा छ । त्यही ठाउँको ६ कर्ष चौर (मूलमा- **खेर**) र थप १ रोपनी खेतको पनि सट्टापट्टा भएको जस्तो देखिन्छ । सट्टापट्टा गर्दा अपुग जग्गाको सट्टा ३५ टङ्का मुरलीधर जोशीले ती २ जनालाई थपेको जस्तो बुझिन्छ । भाषा राम्रोसँग नबुझिएकोले सबै कुरा छर्लङ्ग भने भएको छैन ।

सट्टापट्टा गर्नुपर्ने कारण (**प्रर्त्ति**) साहुलाई तिर्न (**धनि पुरेस**) लेखिसकेपछिको ताडपत्रको अंश टुक्रिएकोले कुरा त्यति छर्लङ्ग बुझिएन ।

अघिल्लो पत्रमा जग्गा किन्नेको वतन **सर येतापुपुरगाम** र नाउँ **मुररिधर जैशि** भएकोमा यस पत्रमा जग्गा सट्टापट्टा गर्नेको वतन **पुषुलिगाम** र नाउँ **मुलिधल जोसि** भएकोले उही वतनका उनै मुरलीधर जोशीले सवा १० वर्षको अन्तरालमा २ पटक जग्गाको कारोवार गरेको देखिएको छ ।

सट्टापट्टा गरिएको जग्गा भएको ठाउँ अर्थात् **कुतिप्याकर/ कुतिप्याकल**को अवस्थिति मलाई थाहा छैन । यसो भए पनि त्यो खेत चिनाउँदा **थानस उतलदिस** अर्थात् **स्थानदेखि उत्तर दिशामा** भनी यहाँ लेखिएकोले काठमाडौँ शहरदेखि उत्तरपट्टि त्यो खेत भएको बुझिन्छ ।

साक्षी बस्ने मुकुन्दसिंह (मूलमा- **मुकन्द्रसिं**)को नाउँको अगाडि यहाँ **छय** अर्थात् **नाति** लेखिएकोले र **छय**भन्दा अगाडिको ताडपत्रको अंश टुक्रिएर गएकोले खेत बेच्ने गुण महर्जन र कुतुराममध्ये कुनचाहिँको नाति

---

४. मूलमा **यिता क्वराङ छे** भए पनि **क्वराङ**को अर्थ मलाई नलागेकोले मैले **यिता छे**को मात्र अर्थ गरेको हुँ । अर्को एउटा लिखत (ने.सं. ८१८ (वि.सं. १७५४) कार्तिककृष्णतृतीयाको ताडपत्र)मा पनि **क्वराङछे** आएको सम्झना यस प्रसङ्गमा हुन्छ– **श्रीयंग्ल थायमन्दु इराछेतोल ननि यौता क्वराङछे** (वि.सं. २०६७ मा प्रकाशित *पूर्णिमा* १३३ पूर्णाङ्कका २७-५७ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण- नरदेवीका भट्टसम्बन्धी २ वटा लिखत*मा १२ सङ्ख्याको टिप्पणी) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मुकुन्दसिंह हुन् भन्ने खुल्दैन । **थाक**मा राखिएका २ जनामध्ये १ जनाको नाउँ **सत्यराम** (मूलमा- **सतेराम**) भएकोले अघिल्लो पत्रमा **थाक**मा बसेका **सत्यराम** नै यिनी हुन सक्छन् ।

आजभोलि चलनचल्तीमा ब्राह्मणमा **जोशी** जातिगत हिसाबले माथिल्लो ब्राह्मण र **जैसी** तल्लो ब्राह्मण बुझिने भए पनि मूलतः ज्योतिषी काम गर्ने ब्राह्मण **जोशी** कहलाउने र **जैसी** शब्दले पनि त्यही काम गर्ने ब्राह्मण बुझाउँथ्यो भन्ने कुराका यथेष्ट प्रमाण पाइन्छन् । यसैले अघिल्लो पत्रमा उही मान्छेलाई **जैशि** र यस पत्रमा **जोसि** लेखे पनि यी २ पद जातिगत भेद बुझाउने नभई पर्याय मात्र हुन् भन्ने सम्झनुपर्छ ।

यस फार्छेपत्रको फ्याक्सिमिलि तल ३९२ पृष्ठमा छ ।

मूलपाठ

१. **॰ श्रेयोस्तु ।। सम्वत् ८५८ ज्येष्टमासे शुक्लपक्ष[५]सप्तम्यां तिथौ ।। श्रीमत्कार्त्तिपुल ‸ महानगले ‸ श्रीयंग्ल काष्टमन्दपनामधेयत् ।। ब्राह्मुनतोल र यन्ता छे महर्जन गुन ‸ चिकमगुदितोल ‸ ओबाहार[६] निह्मननि यिता क्वराङ छे कुतुराम निह्मसेन हेङा ।। नाम्नेन क्रेन स्वक्रियं स्वभुर्ज्यमानिकं ।। पुषुलिगामस चोङ ‸ वीप्र श्रीमुलिधल जोसि ।। नाम्नानकसे शकाशात ।। थानस उतलदिस कुतिप्याकर क्व बुक्षेत्र-नाम[७](संज्ञकं)[८] ... क्षेत्रेन पश्चिमन्त ।। नाम**

२. **एतेषा मधे ‸ छओरोपनिकं जत्र क्षेत्र अंकेञ्च ।। कुतिप्याकल क्व खेर ऋर्ष ५ भुय बु रो १ ब्वाक ङ तङ थिता नलसा ‸ यिता काय दु ।। तत क्षेत्र जथादेशकालप्रर्व्वर्त्तमानेन सचालाघेन शुवर्ण्णमूलमादाय ‸ स्वादिनानंवंतुकंन्यायण क्रीविक्रीयतं भवति ।। तद्रा धारणकस्य निमित्तेन जदि शं ‸ कृतव्यावाद ‸ पीडा स्यात्तदा धारणकेन परिसोधनियंञ्च ।। प्रर्त्ति धनि पुरेस हेङ(ा) ...**

३. **छय ‸ मुकन्द्रसिं १ ।। पु १ तलपति ।। थाकरह्म धल भारो ।। थाक सतेराम भाखाया मूल्क टं ३५ जुरो ।। एकप्रमान शुभः ।।**

---

५. **शुक्ल**को **क्ल** र **सप्तम्यायां**को **स**को ठीक माथि, किनारामा **पक्ष** थपिएको छ ।

६. **मगुदिका दि**को अन्त्यदेखि **निह्मननि**को **नि**को प्रारम्भसम्मको ठीक माथि, किनारामा यस्तो चिह्न दिई **ओबाहार** थपिएको छ ।

७. बेचिएको जग्गाको नाउँ हाल्न **शकाशात ।।** र **क्षेत्रेन**को बीचमा १.५ अङ्गुल ठाउँ खाली छोडिए पनि त्यतिले नपुग्ने भएकोले होला; त्यो ठाउँ खाली नै छोडी माथि, किनारामा **थानस**देखि लेख्दै लगिएको छ र ताडपत्र टुक्रेर गएकोले **नाम**सम्म मात्र त्यहाँ देखिन्छ ।

८. कोष्ठभित्र प्रसङ्गानुरोधले थपिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ८५८ (वि.सं. १७९५) ज्येष्ठशुक्लसप्तमीको ताडपत्रको फ्याक्सिमिलि

यसको पाठ माथि ३९१ पृष्ठमा छ ।









CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिशिष्ट

ने.सं. ८३१ (वि.सं. १७६७) माघशुक्लप्रतिपदाको फार्छेपत्र

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई.१३८४/७

यस ताडपत्रमा बायाँपट्टि फट्केको छेउमा माटेको ढिकामाथि गोलो छाप लगाइएको छ। त्यो छाप माथि ३५४ पृष्ठमा बयान गरिएको छापसँग मिल्छ।

यस फार्छेपत्रको फ्याक्सिमिलि तल ३९४ पृष्ठमा छ।

मूलपाठ

१. ११ श्रेयोऽ सम्वत् ८३१ माघमास्यशुक्लः पक्ष ।। प्रतिपद्यांन्तिथौ ।। श्रीमत्कान्तिपुल ८ महानगरे ८ श्रीयंम्बुब्रुमायां श्रीगांगुल्ले ८ श्रीमखनतोर मीरखाद्धर यंता छेया थापित ८ जयधनभारोकस्य नाम्ने शुक्रीयं सुब्रुज्यमानिकं ।। श्री स य तोर मीरखाद्धर यीता छेया ८ थापितजयसंक्रभारोकस्य नाम्नां सकासात ।। निमरक्वक्षत्रनामशंगेकं ।।

२. सूजरामया क्षेत्रन पक्षिमत ।। सूजरामयां उत्रत ।। प्रपातसिमाया[९] क्षेत्रेनं पुर्व्वत ।। वाकस्य [१०] क्षत्रेन दक्षिनत ।। एतेखां मधे थ्वते चत्राघातन दुं ८ क्षत्रांकतोपि बु रो ३ थ्वतेश पेबोस छिबोव चुरं ३ ततः क्षत्रस्य जथादेसकारप्रवर्त्तमानसंचाराघेन शुवर्ण्णमूरेमादाय स्वादिनानवतुकं न्यायन क्रीव्रीक्रीयटं भवति तत्रा धारनकस्य निमिति जदि

३. संकृतव्यावादपिदा स्यात् तदा धारनकेन परिस्वधनियंञ्च ।। प्रर्त्ति पादसि कायस क्रीबीक्रीस हेञ ।। अत्र पत्रार्थे दृष्टसाक्षि धारनया – –[११] शुपिता सिवकल्यान भारो ।। तरपति पु १ सह ।। शुभ ।।

(पछाडि)

१. ११ श्रेयोऽ सम्वत् ८(३१)

२. सूजरामया क्षत्रे(ण)...

३. संकृतव्यावादपि(डा)...

---

९. मा र क्षेको बीचमा, पहिलो र दोस्रो पङ्क्तिको बीचमा छोडिएको ठाउँमा या थपिएको छ।

१०. स्य र क्षको बीचमा केही ठाउँ खाली छोडिएको छ।

११. यी २ अक्षरका केही अंश देखिए पनि पढ्न भने सकिएन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ८३१ (वि.सं. १७६७) माघशुक्लप्रतिपदाको ताडपत्रको फ्याक्सिमिलि

यसको पाठ माथि ३९३ पृष्ठमा छ ।



१. २. ३.



१. २. ३.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेवारराज्यमा ब्राह्मण

जयप्रकाश मल्लले गरिदिएको जितापत्र

– महेशराज पन्त

१. कागतमा लेखिएको, यस जितापत्रको फोटेकपी मसँग छ। फोटेकपी त्यति स्पष्ट नभएकोले कहीँ कहीँ पाठ राम्ररी पढ्न सकिएको छैन। मूल हेर्ने वा फेरि राम्रो फोटेकपी वा फोटे पाउने छाँट नभएकोले नहुने मामाभन्दा कानो मामा निको भन्ने आहान सम्झँदै मल्लकालको न्यायव्यवस्थामा यस जितापत्रबाट प्रकाश पर्ने हुनाले यो जितापत्र प्रकाशमा ल्याएको छु।

२. यस जितापत्रको शिरमा छाप लगाइएको छ। त्यस छापको दायाँपट्टि ६ वटा दल र बायाँपट्टि पनि ६ वटै दल छन्, बीचमा अलि ठूलो आकारको दल छ। हरेक दलमा सबभन्दा पहिले एउटा घेरा, त्यसपछि अर्को घेरा छन् र अनि एकएकवटा अक्षर लेखिएका छन्। बीचमा वृत्ताकार घेरा छ। त्यसपछि वृत्तरूपमा ७८ वटा थोप्ला छन्। त्यसपछि अर्को वृत्ताकार घेरा छ। त्यस घेराभित्र पहिलो पङ्क्तिमा **श्रीश्री**, त्यसको मुनि लामो धर्को, दोस्रो पङ्क्तिमा **जयजय**, त्यसको मुनि लामो धर्को, तेस्रो पङ्क्तिमा **प्रकाशम**, त्यसको मुनि लामो धर्को, चौथो पङ्क्तिमा **ल्लदेव** छ। दलैपीछे भएका अक्षरमध्ये फोटेकपीमा त्यति स्पष्ट नआएकाले तिनलाई पढ्न सकिएन।

२.१. जयप्रकाश मल्लका बाबु जगज्जय मल्लको छाप लागेको एउटा पत्र अर्थात् ने.सं. ८४६ (वि.सं. १७८२) कार्तिकशुक्लप्रतिपदा (कार्तिक २४ गते)को दिन उनले रणजित् मल्ललाई लेखेर दिएको गच्छपत्र पाइएको छ। यस गच्छपत्रको छापको आकार पनि जयप्रकाश मल्लको यस जितापत्रको जस्तै छ। तर जयप्रकाश मल्लको छापमा जस्तै यस गच्छपत्रमा थोपाको घेरा भए पनि ठाउँठाउँमा थोपा नदेखिएकाले यति नै थोपा छन् भनी भन्न सकिँदैन। पछिल्लो घेराभित्र पहिलो पङ्क्तिमा **श्रीश्री**, त्यसको मुनि लामो धर्को, दोस्रो पङ्क्तिमा **जयजग**, त्यसको मुनि लामो धर्को, तेस्रो पङ्क्तिमा **ज्जय मल्ल**, त्यसको मुनि लामो धर्को, चौथो पङ्क्तिमा **देव** छ। दलैपीछे भएका अक्षरमध्ये फोटेकपीमा त्यति स्पष्ट नआएकाले तिनलाई पढ्न सकिएन।[१]

२.२. खुद जयप्रकाश मल्लको छाप लागेको एउटा पत्र अर्थात् वि.सं. १८१४ [पूर्णान्तमानले] पौषकृष्णनवमी (पौष २३ गते) मङ्गलवारको दिन उनले पृथ्वीनारायण शाहलाई लेखेर दिएको धर्मपत्रको फोटे पनि मैले देखेको छु। त्यस फोटेबाट पत्रको बेहोराका अक्षर स्पष्ट पढ्न सकिए पनि जयप्रकाश मल्लको छापभित्रका अक्षर भने स्पष्ट छैनन्। यसो भए पनि यस छापमा पनि अहिले हामीले छाप्न लागेको जितापत्रमा जस्तै १३ वटै दल छन् र यसको आकार पनि जयप्रकाश मल्लको यस जितापत्रको जस्तै छ।[२]

---

१. रामजी तेवारी २०३५:३१ मा पाठ र ३० र ३१ को बीचमा फ्याक्सिमिलि। दिनेशराज पन्त २०४५:७० सङ्ख्या = ७४७-७४८ मा पाठ उल्था गणना र उही २०५०:४१ सङ्ख्यामा फ्याक्सिमिलि।

२. यस धर्मपत्रको पाठ सबभन्दा पहिले चित्तरञ्जन नेपाली (२०११:१३-१४)ले छपाएका हुन्। त्यसपछि चित्तरञ्जन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२.३. जयप्रकाश मल्लको छाप लागेको एउटा अर्को पत्र फ्याक्सिमिलिसहित प्रकाशमा आएको छ। त्यो पत्र उनले भगवतीवन गोसाईँलाई लेखेका हुन्। त्यस पत्रका अक्षर फोटोमा स्पष्ट आए पनि छाप त्यति स्पष्ट छैन। यसो भए पनि त्यस पत्रमा लगाइएको छाप पनि अघिल्ला अघिल्ला, उनका पत्रमा लगाइएको छाप जस्तै नै छ भनी भन्न सकिन्छ।[३]

२.४. प्रताप मल्लको छाप लागेको एउटा पत्र फ्याक्सिमिलिसहित प्रकाशमा आएको छ। त्यो पत्र उनले मकवानपुरका भारदार दलखम्ब बानियाँलाई लेखेका हुन्। त्यसमा पनि सदल छाप भए पनि दलको सङ्ख्या र आकारप्रकारमा केही फरक छ। यति फरक भए पनि त्यसमा पनि दलैपीछे अक्षर छन् र हरेक अक्षरको वरिपरि २ वटा घेरा छन्। प्रताप मल्लको नाउँ पनि जयप्रकाश मल्लको नाउँ जस्तै ३ वटा घेराभित्र छ।[४]

३. नीलकण्ठ भट्टकी छोराबुहारी सुभद्रा बाईलाई फकाएर देवीचन्दले ८९४ रुपैया (**महीन्द्रमल्ली**) ३ सुका २

नेपालीको त्यही लेखबाट सारी नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५[①]: ९७३-९७७)ले यो धर्मपत्र व्याख्यासहित छपाए। वि.सं. २०२२ मा भएको पृथ्वीदर्शनप्रदर्शनीमा देखाइएको यस पत्रको सकलसँग पाठ रुजू गरी गणना पनि मिलाई देवीप्रसाद भण्डारी (२०२२:३३-३४)ले छपाए। त्यसपछि संशोधन-मण्डल (२०२३:३-५)ले यो पत्र छपायो। अनि नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त (२०२५ क: १२७-१२८)ले संशोधित पाठ छपाए। चित्तरञ्जन नेपाली (२०६०)ले यस धर्मपत्रको फोटो (१०-११ पृष्ठको बीचमा) र पाठ (११ पृष्ठमा) छपाए। यस धर्मपत्रको फोटोकपीको फ्याक्सिमिलि तल ४०० पृष्ठमा दिइएको छ।

चित्तरञ्जन नेपालीले २ पटक छपाएको पाठमा भएका केही अक्षर कागत च्यातिएकोले यस फोटोमा देखिँदैनन्। यस कारण त्यो पाठ कागत च्यातिनुभन्दा अगाडिको हो भनी अडकल गर्न सकिन्छ। उनले आफ्नो पछिल्लो कृतिमा दिएको पाठ उनले अघिबाट छापेको पाठअनुसार नभई नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५ कमा छापिएअनुसार छ। उनले दिएको फोटोमा केही अक्षर कागत च्यातिएकाले देखिँदैनन्। यस कारण उनले पछि छपाएको पाठ उनले दिएको फोटोअनुसार छैन। चित्तरञ्जन नेपालीले दिएको पाठ *धर्मपत्र सम्बन्धी लालमोहरको एक नमूना* २०४४ मा छापिएको यस धर्मपत्रमा पनि चित्तरञ्जन नेपाली २०६० मा दिइएको फोटोमा जति अक्षर देखिन्छन्, त्यति नै अक्षर देखिन्छन्। नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५ क मा छापिएको पाठ चित्तरञ्जन नेपालीले पूर्वसूरिको नामै नलिई खुरुखुरु सारेका छन्।

पृथ्वीदर्शनप्रदर्शनीमा सकलसँग रुजू गर्दा त्यस विषयमा नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त (२०२५ क)ले केही लेखेका छैनन्। *धर्मपत्र सम्बन्धी लालमोहरको एक नमूना* २०४४ मा र चित्तरञ्जन नेपाली २०६० मा छापभन्दा माथि, शिरमा लेखिएको पङ्क्ति आएको छैन।

३. शङ्करमान राजवंशी २०२५:१६ मा पाठ र १६ र १७ को बीचमा फ्याक्सिमिलि।

४. यस पाठको सबभन्दा पहिले बुद्धिसागर पराजुली (२०२७:२५-२६)ले छपाएका हुन्। दिनेशराज पन्त २०५३:३२-३३ मा यसको संशोधित पाठ र ३२ र ३३ को बीचमा फ्याक्सिमिलि।

---

① यो पुस्तक बजारमा वि.सं. २०२५ मा आएको भए पनि यो अंश वि.सं. २०२२ मा भएको पृथ्वीदर्शनप्रदर्शनीभन्दा अगाडि नै छापिएकोले यहाँ दिइएको पाठ चित्तरञ्जन नेपालीले पढेअनुसारको भएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आना सापट लिएका थिए। पछि सुभद्रा बाईले आफ्नो पैसा फिर्ता माग्दा ऋणीले तिर्न आनाकानी गरे। त्यसपछि सुभद्रा बाईले यो कुरा आफ्ना लोग्नेलाई भन्दा हल्लाखल्ला भयो। अनि राजा जयप्रकाश मल्लका छोराकहाँ फिराद गर्न उनी आइन्। त्यहाँ न्याय नपाएपछि उनी जयप्रकाश मल्लकहाँ आइन्। त्यसपछि पञ्चले ऋणीलाई झूठे ठहराएपछि राजसभामा देवीचन्दले ऋण चुकाए। कालान्तरमा दाबी गरियो भने ४०० रुपैयाँ (**महीन्द्रमल्ली**) राजदण्ड तिर्नुपर्छ भनी नीलकण्ठ भट्टको नाउँमा राजा जयप्रकाश मल्लले यो जितापत्र लेखिदिए।

४. यस जितापत्रको लिपि नागरी र भाषा हिन्दी छ। मिति हाल्दा ने.सं. दिँदा दिँदै पनि वि.सं. पनि यहाँ दिइएको छ। जसको लागि यो जितापत्र लेखियो, त्यो भट्टपरिवार नेवारी लिपि र भाषा र ने.सं. को मिति नबुझ्ने भएकोले नै नागरी लिपिमा, हिन्दीमा यो जितापत्र लेख्नुपरेको हो र वि.सं. मा पनि मिति दिनुपरेको हो भन्ने देखिन्छ। यस जितापत्र लेखेको १४ वर्षपछि जयप्रकाश मल्लले पृथ्वीनारायण शाहलाई लेखिदिएको धर्मपत्र प्रकाशमा आएको छ।[५] त्यो धर्मपत्र नागरी लिपिमा, नेपाली भाषामा छ र मिति वि.सं. मा मात्र दिइएको छ। गोसाईँहरूलाई जयप्रकाश मल्लले लेखेका पत्रहरू यसै गरी नागरी लिपिमा र हिन्दी भाषामा लेखेका ४ वटा पत्र प्रकाशमा आएका छन्,[६] तिनमध्ये एउटा बेमितिको छ[७] र बाँकी ३ वटामध्ये २ वटामा साल नदिए पनि महीना, पक्ष, तिथि र वार दिइएका छन्[८] र एउटामा चाहिँ ने.सं. मा साल समेत पूरै मिति दिइएका छन्[९]।

बाहिरियासँग सम्पर्क गर्दा नेवारी लिपिले, भाषाले र ने.सं. ले प्रायः काम नचल्ने हुनाले मानिस हेरी उसले बुझ्ने लिपि, भाषा र मितिको प्रयोग गर्ने नीति नेवार मल्ल राजाको थियो भन्ने कुराको पुष्टि यस पत्रबाट पनि भएको छ।[१०]

यस जितापत्रको फ्याक्सिमिलि तल ३९९ पृष्ठमा छ।

मूलपाठ

१. **स्वस्ति श्रीमत्पशुपतिचरणकमलधूलिधूसरितशिरोरुहश्रीमा-**

२. **नेश्वरीष्टदेवतावरलब्धप्रसाददेदीप्यमानमानोन्नतरविकुलति-**

३. **लकहनूमध्वजनेपालश्वरसकलराजचक्राधीश्वरमहाराजा-**

---

५. नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५ क:१२७-१२८।

६. शङ्करमान राजवंशी २०२४:१२-१३।

७. उही:१२ = २०२५:१६।

८. उही २०२४:१२।

९. उही:१२-१३।

१०. महेशराज पन्त २०६९: § १३ = ३६६ पनि यस विषयमा हेर्नु उपयुक्त छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. धिराजश्रीश्रीजयजयप्रकाशमल्लदेवपरमभट्टारकानां सदा स-
५. मरविजयिनाम्‌ः
६. आगे श्रीनीलकंठ भट्टकी पतहु सुभद्रा बाइ अपने मेरा बेय श्री-
७. के पाश फिर्याद भया. तांहा न्याव नपाया[11] कर[12] कीयो ना –[13]ी[14]–
८. के पाश फिर्याद भया. श्रीश्री --- १ के सभामौ झुठा भया. अवर
९. सुभद्रा बाईके पाश महीन्द्रमल्ली ८९४ ।।। ⁄⁄ यतना फुसलाइको
१०. लेकयर षा राहा. पिछे सुभद्रा बाई रुपैया मागे लगा –– (आ)[15]ना-
११. कानी करए लगा. पीछे उनने अपने षसमके पाश कहा. सब-
१२. ने तब जाना. इह न्यावो. श्रीश्री ---- के सभामो चुकाया. श्री-
१३. नीलकंठ भट्टकी सिद्धि जानि श्रीदेवीचंदको पंचने झुठा कि-
१४. या कालकाला दावा करय तो राजदंड महीन्द्रमल्ली ४०० देना(पं)-
१५. चका गुन्हेगार. श्रीनीलकंठ भट्टको जीतापत्र लिखिदिया.
१६. नेपालसंवत्‌ ८६३ संवत्‌ १८०० मिति श्रावणशुद्धि १२ मुकाम

श्रीकांतिपुर शुभम्॥

---

११. तांहाको तांको डिकोभन्दा बायाँ, न्यावको न्याको न र याको माथि, नपायाको न र पाको तथा पा र याको बीचमा, एकलख जस्तो चिह्न छ, त्यसको अर्थ बुझिएन ।
१२. कको र रको डिकोको माथि यस्तो ˜ चिह्न छ, त्यसको मतलब बुझिएन ।
१३. फोटोकपीमा स्पष्ट नदेखिएको अक्षर यस्तो – चिह्नले जनाइन्छ ।
१४. यस अक्षरको माथिल्लो भाग देखिन्छ ।
१५. फोटोकपीमा स्पष्ट नदेखिएको अक्षर प्रसङ्गानुरोधले यस्तो ( ) कोष्ठभित्र पढिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ८६३ वि.सं. १८०० श्रावणशुक्लद्वादशीको जितापत्रको फोयेकपीको फ्याक्सिमिलि

यसको पाठ माथि ३९७-३९८ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

जयप्रकाश मल्लको वि.सं. १८१४ पौषकृष्णनवमीको धर्मपत्रको फोटोकपीको फ्याक्सिमिलि

यसको पाठ नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५कः १२७-१२८ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका साधनको तालिका

चित्तरञ्जन नेपाली २०११

= वि.सं. २०११ मा काठमाडौँबाट नारायण बाँसकोटा सम्पादकत्वमा प्रकाशित *प्रगति* १० पूर्णाङ्कका १०३-११४ पृष्ठमा छापिएको, चित्तरञ्जन नेपालीको *नेपाल र तिव्बतको**[१] *सम्बन्ध* ।

चित्तरञ्जन नेपाली २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, चित्तरञ्जन नेपालीको *केही ऐतिहासिक निबन्धहरूका* ३-११ पृष्ठमा छापिएको, उनैको *नेपाल-तिब्बत सम्बन्धबाट (क)*।

दिनेशराज पन्त २०४५

= वि.सं. २०४५ मा काठमाडौँबाट दिनेशराज पन्तद्वारा प्रकाशित, उनैको *गोरखाको इतिहास* ३ भाग।

दिनेशराज पन्त २०५०

= वि.सं. २०५० मा काठमाडौँबाट दिनेशराज पन्तद्वारा प्रकाशित, उनैको *गोरखाको इतिहास* ४ भाग।

दिनेशराज पन्त २०५३

= वि.सं. २०५३ मा प्रकाशित *पूर्णिमा* ८९ पूर्णाङ्कका ३२-३३ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *प्रताप मल्लले दलखम्ब बानियाँलाई लेखेको पत्र*।

देवीप्रसाद भण्डारी २०२२

= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ८ पूर्णाङ्कका २५-३४ पृष्ठमा छापिएको, देवीप्रसाद भण्डारीको *श्री ५ पृथ्वीनारायण शाहको समयका निश्चित संवत् र तिथिमितिहरू*।

धर्मपत्र सम्बन्धी लालमोहरको एक नमूना २०४४

= वि.सं. २०४४ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभागको राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* ५ पूर्णाङ्कको ८४ पृष्ठपछि छापिएको *धर्मपत्र सम्बन्धी लालमोहरको एक नमूना* ।

नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५

= वि.सं. २०२५ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश* ।

नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५क

= वि.सं. २०२५ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश [वक्तव्य, विषयसूची, शुद्धिपत्र तथा टिप्पणी]* ।

बुद्धिसागर पराजुली २०२७

= वि.सं. २०२७ मा काठमाडौँबाट गोरखापत्र करपोरेशनद्वारा प्रकाशित *मधुपर्क* ३ वर्ष ४ अङ्कका २२-२७ पृष्ठमा छापिएको, बुद्धिसागर पराजुलीको *प्रतापमल्ल र शुभसेन*।

महेशराज पन्त २०६९

= *पूर्णिमा*को यही अङ्कका ३६१-३७७ पृष्ठमा छापिएको, महेशराज पन्तको *लक्ष्मीनरसिंह मल्ल र सन्न्यासी* ।

---

१. यस तालिकामा जहाँ जहाँ यस्तो * चिह्न दिइएको छ, त्यसको अर्थ ती अशुद्ध शब्द जस्ताकोतस्तै सारिएको भन्ने हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रामजी तेवारी २०३५

= वि.सं. २०३५ मा प्रकाशित *पूर्णिमा* ४१ पूर्णाङ्कको ३१ पृष्ठको अगाडिको पृष्ठमा र ३१ पृष्ठमा छापिएको, रामजी तेवारीको *गोरखाको विरोधमा वि.सं. १७८२ मा भएको कान्तिपुर र भक्तपुरको सन्धिपत्र।*

शङ्करमान राजवंशी २०२४

= वि.सं. २०२४ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय, पुरातत्त्वविभागद्वारा प्रकाशितस *प्राचीन नेपाल* २ संख्याका ११-१६ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *ऐतिहासिक निरीक्षण र त्यसको उपलब्धि* ।

शङ्करमान राजवंशी २०२५

= वि.सं. २०२५ मा प्रकाशित *पूर्णिमा* १७ पूर्णाङ्कका १४-१६ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *ऐतिहासिकशिरोमणि श्रीबाबुराम आचार्यज्यूसँग प्रार्थना* ।

संशोधन-मण्डल २०२३

= वि.सं. २०२३ फूलपातीको दिन काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, उसैको

इतिहास-संशोधन [६३ क्रमागत संख्या]

नेपालका इतिहासविषयका पुस्तकमा कस्ता कस्ता
कुरा लेखिएका छन् भनी नेपालका बुद्धि-
जीवीहरूले विचार गर्नुपर्ने
अवस्था आएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जयप्रकाश मल्लको लागि गुह्यकालीको पुरश्चरण गर्न तयार गरिएको पुस्तक

[एकातिर हरिताल लाएको, नेपाली पाको कागतमा लेखिएको, पत्रको नापो ८ अङ्गुल × ३.१ अङ्गुल भएको, यो ठ्यासफू प्रोफेसर विद्यानाथ उपाध्याय भट्टको पुर्ख्यौली सङ्ग्रहमा छ। उहाँको सौजन्यले यसको उपयोग गर्न पाइएको हो। यो पुस्तक जयप्रकाश मल्लले गुह्यकालीको पुरश्चरण गर्न तयार गरिएको भए पनि त्यहाँ अर्कै हस्ताक्षरमा गणेशपूजाको विषयमा पनि लेखिएको छ। पुरश्चरण र गणेशपूजाको विधिका यी दुवै पुस्तक नेवारी लिपिमा लेखिएका भए पनि अघिल्लो पूरै संस्कृतभाषामा छ त दोस्रोमा चाहिँ कर्ताले यसो गर्नू, उसो गर्नू भनी लेखिएका शब्द जति नेवारी भाषामा छन्। यसको मुखपृष्ठमा देवनागरी लिपिमा **भैरवासन गणेश पुजा वी.** लेखिएको छ।

हरिताल लाएपट्टि १८ पृष्ठसम्म लहरै लेखी एक पृष्ठ खाली छोडिएको छ। त्यो पूरै गुह्यकालीको पुरश्चरणको विषयमा छ र त्यसैको सातत्य अर्कोपट्टि ३ पत्रसम्म छ। त्यसपछि गणेशपूजाको कुरा आउँछ। त्यो ९ पत्रसम्म गएको छ। त्यसपछिका पत्र भने खाली छन्।

अघिल्लो पुस्तक जयप्रकाश मल्लद्वारा गरिने गुह्यकालीको पुरश्चरणको लागि तयार गरिएको हो भन्ने कुरा यस पुस्तकमा भएका तलका वाक्यबाट स्पष्ट हुन्छ –

१२-१३ पृष्ठमा- ॐ अद्येत्यादि मानवगोत्रश्रीजयप्रकाशमल्लदेववर्म्मा श्रीनिर्व्वाणश्रीगुह्यकाल्याः श्रीमदेकाक्षरी-मन्त्रसिद्धिप्रतिबन्धकाशेषज्ञाताज्ञातदुरितक्षयकामो अयुतगायत्रीजपमहं करिष्ये ।।

१३-१८ पृष्ठमा- ॐ अद्येत्यादि मानवगोत्रश्रीजयप्रकाशमल्लवर्म्मा श्रीनिर्व्वाणश्रीगुह्यकाल्याः श्रीमदेकाक्षरी-महामन्त्रसिद्धिप्रतिबन्धकाशेषदुरितक्षयपूर्व्वकतन्मन्त्रसिद्धिकामो अद्यारभ्य यावता कालेन सिद्ध्यति तावत्कालं श्रीमदेकाक्षरी-महामन्त्रस्य लक्षसंख्यजपतद्दशांशहोमतद्दशांशतर्प्पणतद्दशांशाभिषेकतद्दशांशब्राह्मणभोजनरूपपुरश्चरणमहं करिष्ये ।। इति संकल्प्य ।। देवतागुरुमन्त्रात्मनामैक्यं संभाव्यातः ।। ततो जपमारभेत् ।। १[1] मम समस्तपापक्षयार्थं धर्म्मार्थकाममोक्षार्थं निर्व्वाणश्रीगुह्यकालीप्रीत्यर्थ निर्व्वाणश्रीगुह्यकालीश्रीमदेकाक्षरीमहामन्त्रसिद्ध्यर्थपुरश्चरणाङ्गभूत यथाशक्ति[2] नैमित्तिकपूजामहं करिष्ये ।। १[1] मम समस्तपापक्षयार्थं धर्म्मार्थकाममोक्षार्थं श्रीनिर्व्वाणश्रीगुह्यकालीप्रीत्यर्थं श्रीनिर्व्वाणश्रीगुह्यकालीनित्यपञ्चोपचारपूजापुरस्सरं श्रीमन्निर्व्वाणश्रीगुह्यकालीश्रीमदेकाक्षरीमहामन्त्रसिद्ध्यर्थक्रियमान-पुरश्चर्य्याङ्गभूत यथाशक्ति नैमित्तिकपूजामहं करिष्ये ।। इति संकल्प्य ।। आत्मपूजायां पात्रस्थापने च[3] पदीपादिकं[3] दत्वा यथाशक्ति नैमिकपूजां[4] कुर्य्यात् ।

---

१. कर्मकाण्डका पुराना पुस्तक हेरी सङ्कल्पवाक्य मिलाउँदा त्यहाँ भएको यस्तो ॽ चिह्नलाई यहाँ १ को अङ्कले बुझाएको देखिन्छ।

२. °**भूत**पछि लेखिएको **षोडशोपचार** तेर्सो धर्कोले केरी **षो**को अगाडिको, मसी दली नबुझ्ने पारिएको अक्षरको तल काकपद दिई **यथाशक्ति १** लेखिएको छ। पुराना पुस्तकमा यसरी सच्याउँदा जुन पङ्क्तिमा थप्नुपर्ने हो, त्यो जनाउन पङ्क्तिको नम्बर लेख्ने चलन भएकोले त्यो चलन नबुझ्दा माथि र तल दुवैतिरबाट गन्दा जुन पङ्क्तिमा थपिने हो, त्यो तेस्रो भए पनि यहाँ १ लेखिएको छ। **षोडशोपचारपूजा** गर्न गाह्रो भएकोले यहाँ **यथाशक्ति** लेखिएको देखिन्छ।

३. **आत्मपूजायां** पछि लेखिएको अक्षर काटी, काटिएको त्यस अक्षरको माथि ६ अक्षर लेखी, तिनमध्ये मसी दली नबुझिने पारिएका अघिल्ला २ अक्षरको हाराहारीमा यस्तो ` चिह्न दिई त्यसभन्दा माथि **पात्र १** लेखिएको छ र त्यसभन्दा तलका लहरमा **स्थापने च १** छ।

३. **प्रदीपादिकं** हुनुपर्ने।

४. **नैमित्तिकपूजां** हुनुपर्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो पुस्तक तयार जसले गरे, संस्कृतभाषामा उनको त्यति अधिकार नभएको कुरा माथि उद्धरण गरिएका वाक्यबाट नै स्पष्ट हुन्छन् । **अः** देखि **अ** पर हुँदा सन्धि भई **ओ** हुनुपर्नेमा यहाँ °**कामो अयुत**° र **कामो अद्यारभ्य** लेखिएको देख्दा पुस्तक सार्नेहरूले यस्तो सन्धिमा गर्ने गरेको गल्ती[५] यहाँ पनि दोहोरिएको देखिएको छ । आत्मनेपद हुनपर्नेमा परस्मैपद – **जपमारभेत्**, **ण** हुनुपर्नेमा **न** – **क्रियमान** भएको पनि यस प्रसङ्गमा भन्नुपर्छ । °**पुरश्चरणाङ्गभूत यथाशक्ति नैमित्तिकपूजामहं करिष्ये** र °**पुरश्चर्य्याङ्गभूत यथाशक्ति नैमित्तिकपूजामहं करिष्ये** भन्ने यी वाक्यांशमा °**भूत** र **नैमित्तिक**°को बीचमा अकाण्डमा आएको **यथाशक्ति** पद **करिष्ये**को अगाडि आएको भए यो शुद्ध हुन्थ्यो भनी भनिरहनुपर्ला ।

तल यस पुस्तकको र योसँगै लेखिएको गणेशपूजासम्बन्धी विधिको फ्याक्सिमिलि प्रकाश गरिएको छ, पछि यथासमय यिनको देवनागरीमा उतार पनि दिइनेछ ।

–महेशराज पन्त]

मुखपृष्ठ



त्यसपछिको पृष्ठ



५. ई.सं. २००० (वि.सं. २०५७)मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूपज् कमेन्टरि अन् दि अमरकोष* (*अमरकोष*मा जातरूपको टीका) १ भाग § १.९.२.२.५ = २७३ पृष्ठ हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ पृष्ठ

२ पृष्ठ

३ पृष्ठ



CC-0. Nepal Sanskrit Academy, Kathmandu

४ पृष्ठ



तं॥ वालन्दूलखन्नं स्मक्राङ्गी कका त्याग्य सर्वदा। र
कारीस्तवनद काश्चनादि समुप्र रं॥ मृकव स्त्रुपाप
हर्न भगानमथपी० ह्रूं करवीन स्वसिद्धिदं॥ साध
कासन मिदं यिथी रक्का नीहिदि गायत्र। धर्मार्थकाम
मा क्षानां पाफथ रूपया पूजा। गौरु म्हरं नवाया थगुम्ह

५ पृष्ठ



का त्या प्रपूरुगी। करवीन भगानया गादि हं स्नाङ्गि
गी॥ त्रिद्धासननमिदश्च दी संप्रत्र विधिव द्भिवानु
म्मिन्नू पवित्येवमाम्ह गस्वानू सिद्धयं॥ मन्त्र॥ हुंकु
म्ह्र६ विघ्नस्तूॐ२ विलस रूृ रामम मण्डुलायनमः॥ क

६ पृष्ठ



फालिन भगान प्रगासनरं नवाया। नपागम
मसामन्त्रोपमन्त्र तन्त्र यन्त्र मुद्रा सिद्धिप्रदायञ्जू
भानगणाद्भि मण्डुला सन समस्तक पी० मध्य महा
नादहूं कान ही मगाय करवीन भगान प्रगासन

७ पृष्ठ



द्धि२ यु३
महासिद्धिचण्डु रं नवाय हस गनमः॥ ॐ ति गक्षा
लामन्त्रः॥ सर्व्व सिद्धिदः॥ ॐ भगानप्रगासनमहा
सिद्धिप्रद महासिंकण्ड रं नवा ह्रूं नमः॥ ॐ तिवाञ्जू
सनयगरं नवपूर्ब्बम्ह दा भानगणादि पूजापनसत्ते।
गो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



८ पृष्ठ

९ पृष्ठ

१० पृष्ठ

११ पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१२ पृष्ठ



१३ पृष्ठ



१४ पृष्ठ



CC-0. Nepal Sanskrit Academy, Kathmandu

१५ पृष्ठ

१६ पृष्ठ

१७ पृष्ठ

१८ पृष्ठ



CC-0. Nepal Sanskrit Academy, Kathmandu



१९ पृष्ठ

२० पृष्ठ

२१ पृष्ठ

२२ पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ये स्तपनिवाना। ये श्रीमहा नलपत्र त्रिविधमधु
मांसमत्स्यमुद्रावटकार्युदियत्रु विधिनवधी
रुत्यंनिवेदयामिनमः स्वाहा॥ ॥अथार्घ्यस्थाप
२३ पृष्ठ ना॥ [illegible]॥ लंखनशाल॥ क्लीं नमः॥ लं
खनय॥ त्रिकोनक्षेत्राय॥ क्लीं नमः॥ ॐ [illegible]
[illegible]॥
[illegible] नमः ॐ [illegible]॥ [illegible] नमः ॐ [illegible]॥
[illegible] नमः ॐ [illegible]॥ [illegible] देव्यै॥
ॐ [illegible] नायनमः॥ [illegible] नायनमः
२४ पृष्ठ ॐ [illegible] नायनमः॥ [illegible]॥ ॐ
[illegible]॥ ॐ [illegible] स्थापन॥

॥अथ श्रीपात्रस्थापन॥ [illegible] लखंयाल॥
[illegible] नमः [illegible] नय॥ त्रिकोन [illegible]॥ [illegible] मांस
२५ पृष्ठ मय॥ [illegible] नमः ॐ [illegible]॥ [illegible]
[illegible] नमः॥
[illegible] धपूषधूपदी
पनैवद्य [illegible] यामिनमः
[illegible] देव्यै॥ [illegible]
२६ पृष्ठ [illegible]॥ ॐ श्रीपात्रस्थापन॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu



२७ पृष्ठ

२८ पृष्ठ

२९ पृष्ठ

३० पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गीर्वाणयुद्धविक्रम शाहको चिनाका चित्र

[४७ वर्षअगाडिको कुरा हो, हामीले गीर्वाणयुद्धविक्रम शाहको चित्रको फोटो उनको चिनाबाट छपाएका थियौँ ।[१] त्यो फोटो छपाउँदा त्यस चिनाको विषयमा पनि अलिकति लेखिएको थियो ।[२] मनबज्र बज्राचार्य*[३]ले नेपालको कलाको विषयमा पुस्तक लेख्दा त्यो चित्र र त्यस चिनामा रहेका अरू अरू चित्रको विषयमा ४२ वर्षअगाडि केही लेखेका थिए ।[४] ३६ वर्षअगाडि छापिएको, नारायण बहादुर सिंहको चित्रकलासम्बन्धी पुस्तकमा पनि ती चित्रको विषयमा लेखिएको छ । मूल चित्रमा उनको पहुँच नपुगेर होला, उनले यस विषयमा जे लेखेका छन्, त्यो मनबज्र बज्राचार्य*कै लेखमा आधृत छ ।[५]

मैले सुनेअनुसार गीर्वाणयुद्धको चिना लीलानाथ पाँडे (वि.सं. १८४३-१८८९)ले तयार गरेका हुन् ।[६] यो चिना लेखेबापत उनले बलम्बुमा थुप्रै जग्गा पाएका थिए भन्ने पनि मैले सुनेको हुँ ।[७] यो चिना अहिले लक्ष्मीपति-नयराजसङ्ग्रहमा छ ।

यस चिनामा लेखिएका चित्रको चर्चा नेपाली कलाको इतिहासका विद्यार्थीहरूमा भए पनि गीर्वाणयुद्धको चित्रबाहेक अरू चित्र प्रकाशमा नआएकाले यस विषयका अन्वेषकहरूलाई काम लागोस् भनी अहिले गीर्वाणयुद्धको चित्रसहित सबै चित्र यहाँ प्रकाश गरिएका छन् । यी चित्र प्रकाशमा आइसकेपछि यस विषयमा बढी कुरा त कलैतिहासिकबाट आउन्यैछ ।

---

१. वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ५ पूर्णाङ्कको *विषयसूची* र १ पृष्ठको बीचमा गाभिएको चित्र ।

२. उही पूर्णाङ्कको ७४ पृष्ठ ।

३. यहाँ जहाँ जहाँ यस्तो * चिह्न दिइएको छ, त्यसको अर्थ ती अशुद्ध शब्द जस्ताकोतस्तै सारिएको भन्ने हो ।

४. वि.सं. २०२७ मा काठमाडौँ श्री ५ को सरकार सूचना तथा प्रसारमन्त्रालय सूचनाविभागद्वारा प्रकाशित, मनबज्र बज्राचार्य*को *नेपालको मध्यकालीन* कलाका* ६६-६८ पृष्ठ ।

५. वि.सं. २०३३ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, नारायण बहादुर सिंहको *समसमायिक नेपाली चित्रकलाको इतिहास*का २९-३० पृष्ठ ।

६. *पूर्णिमा* (५ पूर्णाङ्क ७४ पृष्ठ)अनुसार **यो चिना [...] दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे वा उनका छोरा राजज्योतिषी लीलानाथ पाँडेले यो चिना तयार गराएको अनुमान हुन्छ ।**

७. वि.सं. २०२४ मा प्रकाशित *पूर्णिमा* १६ पूर्णाङ्कका ३९४-४१४ पृष्ठमा छापिएको दिनेशराज पन्तको *राजज्योतिषी लीलानाथ पाँडे (वि.सं. १८४६-८९)*मा **लीलानाथ पाँडेले श्री ५ राजेन्द्रविक्रमको चिना बनाएका थिए । त्यसको दक्षिणास्वरूप वि.सं. १८८४ मंसीरमा श्री ५ राजेन्द्रको जन्मोत्सवको दिन उनले भँडारीटार र बलम्बुको जग्गा पाएका थिए । यो कुरा वि.सं. १८८६ वैशाखको तल उद्धृत ताम्रपत्रबाट बुझिन्छ** (४१०-४११ पृष्ठ) भन्ने लेखी त्यहाँ (४११-४१२ पृष्ठ) पूरै ताम्रपत्र उद्धृत गरिएको छ । बाबुको चिना लेख्दा बलम्बुमा लीलानाथ पाँडेले जग्गा पाए भनी मैले सुनेको ठीक हो भने पछि छोराको चिना लेख्दा पनि त्यहाँको जग्गा उनले पाएको त्यस ताम्रपत्रबाट देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सरेसको लेप लगाएको, बाक्लो, सेतो कपडामा लेखिएको ७८ हात १२ अङ्गुल लामो , १७ अङ्गुल चौडा[८] यस चिनाका २ मूठा छन् । अघिल्लो मूठा ३ हात, ११.४ अङ्गुल लामो छ । त्यसमा १० चित्र छन् । पहिलो शक्तिसहितका गणेशको, दोस्रो लक्ष्मीनारायणको र तेस्रो उमामहेश्वरको छ । चौथो, पाँचौँ र छैटौँमा गरी नवग्रहको चित्र दिइएको छ । चौथोमा पहिलो लहरमा सूर्यको, दोस्रो चन्द्रको र तेस्रो मङ्गलको हो । पाँचौँमा पहिलो बुधको, दोस्रो बृहस्पतिको र तेस्रो शुक्रको हो । छैटौँमा पहिलो शनैश्चरको, दोस्रो राहुको र तेस्रो केतुको हो । सातौँ, आठौँ र नवौँमा अष्टचिरञ्जीवी र प्रह्लादको चित्र छ । सातौँमा पहिलो मार्कण्डेयको, दोस्रो बलिको, तेस्रो व्यासको हो । आठौँमा पहिलो हनूमान्‌को, दोस्रो विभीषणको र तेस्रो कृपाचार्यको हो । नवौँमा पहिलो अश्वत्थामाको र दोस्रो परशुरामको हो, त्यसपछि प्रह्लादको चित्र छ । दशौँ चित्रचाहिँ गीर्वाणयुद्धविक्रम शाहको हो ।

दोस्रो मूठामा ६ वटा चित्र छन् । तिनको फोटो पछि प्रकाश गरिनेछ ।

-महेशराज पन्त]

---

८. यो नापो *पूर्णिमा* ५ पूर्णाङ्क ७४ पृष्ठमा दिइएअनुसारको हो ।

©Nepal Sanskrit academy, Kathmandu

शक्तिसहितका गणेश

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लक्ष्मीनारायण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उमामहेश्वर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सूर्य चन्द्र मङ्गल

बुध बृहस्पति शुक्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शनैश्चर राहु केतु



CC-0. Nepal Sanskrit Academy, Kathmandu

मार्कण्डेय बलि व्यास

हनुमान् विभीषण कृपाचार्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अश्वत्थामा परशुराम प्रह्लाद

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गीर्वाणयुद्धविक्रम शाह

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. १८५६ देखि १८७१ भित्रका ९ पत्र

– महेशराज पन्त

यी सबै पत्र परराष्ट्रमन्त्रालयमा छन्।

१ सङ्ख्या

वि.सं. १८५६ को एउटा रुक्का लालमोहर

श्रीदुर्गा सहाय

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का – – – – – – – –
२. आगे नरजित् गुरुंके टुसालको अम्बलमध्ये
३. हलचोकको सांधदेषि पूर्व प्रजाको सुनाबृ-
४. त्तादेषि पश्चिम् गुठिका डिहिदेषि उत्तर
५. सानु षोल्सिदेषि दक्षिण एति किलाभि-
६. त्र रोपनि २५ छाप गरिबक्स्यौं आफ्ना
७. षातिर्जामासित छाप जानि भोग्य गर इ-
८. ति सम्वत् १८५६ साल – – – – –

(पोका नं. ३२ बाट)

२ सङ्ख्या

वि.सं. १८५६ को एउटा अर्को रुक्का लालमोहर

श्रीदुर्गा सहाये

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का – – – – – – – – –
२. आगे विरु पाध्याप्रति चितौन बेलौनका ५६ सालका ईजाराम-
३. ध्ये समसुर कंपनिको छपन्न सालका बालि नपुग्याको षेत-
४. को बालिको रुपैया तनुषाह गरिबक्स्यौं मो-
५. हर देषत आश्विणका किस्तामां रुपैया भरिदेउ छपन्न साल-
६. का बहि बुझदा मोजरा पर्ला ईति सम्वत् १८५६ साल मिति – – – –
– – – – – – – – – – – – – – – – –

(पोका नं. ३२ बाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३ सङ्ख्या

वि.सं. १८६१ भाद्रशुक्लसप्तमी मङ्गलवारको लालमोहर

श्रीदुर्गाज्यू

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्न-
२. तश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेगिर्वाणयुद्धविक्रमसाहबहादुरसम्से-
३. रजङ्गदेवानां सदा समरविजयीनाम् – – – – – – – – –
४. आगे ज्मादार गंगाबकसको जिल्लै रौतहट करदुवाना गढीका तैनाथकै नोकर र-
५. षा है बेरादरीस्मेत् जवान ११ के दर्माहा माहवारी रुपैया चौहतरि ७४ कै बक-
६. सा है आफना षातिर्जमासौं सालवसाल दर्माहा लेकै भोग्य करो आमिलका
७. साथ होयेकै असुल तहसिल सांधसिमानामो झगरा तकरार गढीका चौकी प-
८. हरामो हाजिर रहो मोफसलमो आमिलका कीये सो तुमारा बह्‍रषास नही
९. होगा –
१०. तपसिल
११. ज्मादार गंगाबकस ——— १ के ——— २१
१२. हवलदार ——— १ के ——— ८
१३. सीपाही जवान ——— ९ के ——— ४५

---

१४. हवलदार सिपाही तुमारे कहेमों सर्कारका काममो हाजीर नरहै उसका
१५. बहाली बरषासि तुम कीया करो इती सम्वत् १८६१ साल मिति भाद्रशुदि ७ रोज ३[1] ———

---

1. सं १८६१ शाके १७२६ भाद्रपदशुक्ल:

[गते]	[तिथि]	[वार]	[तिथिको घडी]	[पला]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[भाद्र २९]	७	मं	३०	१८	अ	७	२०	वि	६	१२

(लक्ष्मीपति-नयराजसङ्ग्रहका लेखोट पात्राबाट यस लेखमा तिथिमिति उद्धरण गरिएका हुन्।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४ सङ्ख्या

वि.सं. १८६६ ज्येष्ठकृष्णद्वितीया सोमवारको दिन भीमसेन थापा र रणध्वज थापाले लेखेको पत्र

श्री

सुबा कीर्ति रानाके मसौदा २ काजीबाट

श्रीयमुनापश्चीम

१. चैत्रसुदि ९ का दिन[2] लेष्याको पत्र वैशाषसुदि १३ का दिन[3] आइपुग्यो . अ-
२. र्थ मालुम भयो . उप्रान्त किल्ला काँगडा गोर्षाका हात पऱ्यापछि तिमी सबै
३. राजाहरुलाइ १।१ रातदेषी पुंढो राष्न्याछैन . धान्नु छ भन्या समानको सं-
४. भार पनि गर . गुहार पनी देउ भनि सन्सारचन्द रामसरनले
५. लेषता बाह्र बाइसिको मतो जाम्यो . कहलुऱ्या राजा र मंडिका राजाले
६. पनि भेट गऱ्या . हंडूऱ्या राजा जसुवा गयो . संगु-
७. ता पापि रह्याछन् . हंगमा गर्न्यै डवल् बुझिंछ भन्या विस्तार र बंदुक्को
८. कुरा जगाले सिपाहिको आफ्नु षर्च पुऱ्याउन कठीन भयो भनि लेष्याछौ .
९. विस्तार मालुम भयो . किल्लामा घेरा लाग्दा सन्सारचन्दले सो कुरा लेष्यो
१०. हो . हंडूऱ्या उस्कै मंत्री हो . भरीसक् गर्न्यैछ . उपर संगुताहरुका अर्थ . आफ्नु
११. कार्य पुग्यापछी गोर्षाले पनि राषन्याछैन . सन्सारचन्दले पनी राषन्याछैन .
१२. सकंजी काज लम्याई आफनु गाँ बुझनामा अघि पनी थिया .
१३. मद्दत् पाया औसर चुक्न्या थियेनन् . अझ पनि कृतभव्य गर्न्यैछन् . गऱ्या पनि पा-
१४. हाडि राजाहरुले मात्र चिन्हाई हात छोडन सकैनन् . चिन्हाउँन पसी जानन्न
१५. पनि ताहांको षबर्दारी राष्याकै होला . येताबाट जान्या भारा कम्पनी-

---

२. चैत्रशुक्ले शाके १७३० सम्वत् १८६५

[गते]	[तिथि]	[वार]	[तिथिको घडी]	[पला]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[चैत्र १५]	९	श	४४।	१०	पु	५१।	१२	शो	३	२४

३. संवत् १८६६ शाक १७३१

वैशाखकृष्णः

[गते]	[तिथि]	[वार]	[तिथिको घडी]	[पला]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[वैशाख] २	१३	बु	४३।	७	पू	२३	२०	ब्र	१७।	५५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१६. हरु पनि पुग्या हुंन् संगुताहरुले झक मारि पार्लाउन सकैनन् . -----प-
१७. श्चीम मुहुंडासम्म जगाजगाका भारा कम्पनीहरु सबैलाइ षबर्दारीका
१८. चिठीपत्र लेष्तै रहनु . आफ्ना बिराना चिनि कार्य सा-
१९. ध्य हुन्या काम तत्पर भै गर्नु . सतरुद्राका तिरमा अंगरेजले
२०. छाउंनी बांध्न लागीरहेछ भनि लेष्याका अर्थ मर्हयसित र भरतपु-
२१. रका किल्लाको १ ठगान नगरी ताहांसम्म पुग्न सकन्या होइन .
२२. ताहां पुग्यापछि रणजीतसिंसित मिलाप् र लडान्नी २ कुरा-
२३. मा येक् ठगान हुंन्या हो . कसो कसो भयो मानीस पठाइ षबर बुझि
२४. विस्तार लेष . बंदुक्का अर्थ केहि अघी पनि पठायाका हुन् . मुहुंडा-
२५. मा पुग्या हुन् . फिरी येक्सय येक् नाल चांडो पठाइदेउ भनि कुमाउँ
२६. चौतरिया काजीका नाउमा मोहर भै जांछ . पुगला सो मोहर मानीस पठाई लैजान्या काम गर्नु.
२७. षर्चका अर्थ जगाले पुग्याको छदैंछ . नपुग्याकालाइ काजी बाबाछेउ ताहाँबा-
२८. ट पनि लेष . यहांबाट पनी लेषी पठायाको छ . मुहुंडालगायत् सर्वत्रको
२९. षबर हर्दम लेषतै रहन्या गर . सम्वत् १८६६ साल जेष्ठवदि २ रोज २ शुभम्[४] — — — —

(पोका नं. ३२ बाट)

५ सङ्ख्या

वि.सं. १८६६ ज्येष्ठशुक्लत्रयोदशी शनिवारको दिन अमरसिंह थापा (बडा)लाई भीमसेन थापा र रणध्वज थापाले लेखेको पत्र

श्री

१. काजी अमरसिंह थापाको मसौदा काजीहरु २ भाइबाट ————————
२. उप्रान्त सल्याना जान्या सर्दार सुबेदारहरुलाई लेषि पठाउनुभयाको विस्तार र रिडि-
३. घाट्का चौकिदारका नाउंमा लालमोहरको कुरा सर्कारका अर्जिमा लेष्नु-
४. भयेछ सर्दार सुवेदारहरुलाइ लेषना कुरा लालमोहरमा लेषी गयाको हो.

---

४. ज्येष्टकृष्ण:

	[गते]	[तिथि]	[वार]	[तिथिको घडी]	[पला]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[वैशाख]	२१	२	चं	४९।	४६	वि	४।	१	व	३२।	२७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५. सोबमोजीम ताहांबाट पनी लेखि पठाउनुभयेछ बढिया गर्नुभयेछ लेषी गयावमोजीम गर्नन् घाट-
६. का निमित्त अर्जिमा लेखनुभयाको लालमोहर भै जांछ पुगला चा-
७. हिन्या कुरा अह्राइ मोहर घाटमा पठाइदिनुभया बढिया होला
८. उपन् हालसुरत यथास्थित बढियै छ तेस्तरफ दक्षीणपश्चीमको षब-
९. र बुझि सर्कारमा अर्जि लेषतै रहनुभया बनला सम्वत १८६६ साल ज्येष्ठसु-
१०. दि १३ रोज ७[५] शुभम् — — — —

(पोका नं. ३२ बाट)

६ सङ्ख्या

वि.सं. १८६६ मार्गशुक्लदशमी शनिवारको लालमोहर

श्रीदुर्गाज्यू

श्रीकालीबक्स

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानो-
२. न्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेगीर्वाणयुद्धविक्रमसाहबहादुरसमसेर-
३. जङ्गदेवानां सदा समरविजयिनाम् ------------
४. आगे मेजर गोवीन्द पाध्या मेजर शिवसंकर पाध्या मेजर गुनवन्त जम्मादार नैनसिं थापाके ----
५. ---- कम्पनी तैनाथी काजी भीमसेन थापाका बाबत भरना भयाका षेतमा रैबन्दी गरी जा-
६. ची रैबन्दीबमोजीमका षेत भरना गरि बाकी नीसक्याका षेत र डीहडावरको सेर्मा सम्वत् १८-
७. ६५ सालका बाली औ तामाषानीमा जीतारामछेउ तनुषाह भयाको समेत काजमा षर्च ग-
८. रि कचाबाहिक बाकी दाम दाम बुझी लीउं फारषति गरिबक्स्यौं इति सम्वत् १८६६ साल मी-
९. ति मार्गसीरशुदि १० रोज ७ शुभम्[६] — — — — — —

---

५. ज्येष्टशुक्लः

	[गते]	[तिथि]	[वार]	[तिथिको घडी]	[पला]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[ज्येष्ठ]	१६	१३	श	३२।	२५	स्वा	२९।	२	व	१०।	४

६. मार्गशुक्लः

	[गते]	[तिथि]	[वार]	[तिथिको घडी]	[पला]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[पौष]	४	१०	श	३१।	३०	रे	१६।	१	व	३।	२१

मार्फत् जसवन्तसिंह
मार्फत् दशरथ खत्री

मार्फत् बाहादुर भंडाल
मार्फत् डाटि जैसि

७ सङ्ख्या

वि.सं. १८६६ माघकृष्णत्रयोदशी शुक्रवारको रुक्का लालमोहर

श्रीदुर्गाज्यू

श्रीनन्दप्रसाद मिश्रज्यू

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का -----------
२. आगे सुबा जायेफरप्रति जिल्लै बारा पर्साका ६६ सालका आमदानीमध्ये ----
३. ---- के बिदाइ रुपैया १००० मध्ये तोसाषानाबाट बक्स्याको १०५ बाकी रुपै-
४. या ८९५ तनुषाह गरिबक्स्यौं मोहर देषत भरिदे बहि बुझदा असुलीको रसीद-
५. बमोजीम मोजरा पर्ला इति सम्वत् १८६६ साल मिती माघवदि १३ रोज ६ शुभम्[७] ———

८ सङ्ख्या

वि.सं. १८६८ मार्गकृष्णत्रयोदशी मङ्गलवारको अर्जी

श्रीदुर्गा १

१. अर्जि -------------------------
२. उप्रांत साबिक हरिकृष्णदासका पालाको बांकी असुल गराइदिनु र लाष दाना रुद्राक्ष येकमुषीदे-
३. षी चौध मुषसम्मका रुद्राक्ष पठाउर्नु बेसर फते भयो सतरुद्रावारको राज सबै अम्बल भयाको बढाइ
४. ताहांका दुइ कंपनीले तोपसमेत बढाइ गर्नु भन्न्या हुकुम आयो हुकुमबमोजिम न्हाँका -- लाई भे-
५. टी चह्राइ तोपसमेत बढाइ गरीउं रुद्राक्ष कुमारस्वामीका मठबाट पचास हजार दाना सुबा चन्द्रवि-
६. र थापावाट लाष दाना गरि डेढ लाष रुद्राक्ष चह्राइ पठायाको छ दाषिल होला येकमुषी चौधमु-
७. षी गैह्र आजसंम कसैले देषायाको छैन तल्लास गर्न लाग्याका छौं न्याहां भयाको हांमीबाट भया
८. पनी महंतहरुबाट सुबाबाट हजुरमा दाषिल होला साबिक हरिकृष्ण दासका बांकीलाइ हा-

---

७. माघकृष्णः

	[गते]	[तिथि]	[वार]	[तिथिको घडी]	[पला]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[माघ]	२२	१३	शु	१४।	४८	पू	९।	१३	व	१४।	५४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

९. लको आधा साबिक असुल गर्नु भनी आफ्ना तिलंगालाइ तहसिल गर्नलाइ दिन्युं तहसि-
१०. ल हुंछ जांहां जांहां तकरार होला वाजबि बुझि रफा गराइदिउला मदफरपुरका साहेबले
११. हातीको मोकदम्माको षत लेष्याको षत बिजनीस चह्राइ पठायाको छ तेसैले जाहेर होला ये-
१२. स्को जबाफ हामीले लेष्याको मोसावदा पनी चह्राइ पठायाको छ दाषिल होला फिरंगीका
१३. २७ जाहाज कलकत्ताका बडा साहेबको छोरोसमेत फरासिसले घेरी राष्याछन् छोडाउनाला-
१४. इ कलकत्ताका बडा साहेब फौज लिकन गैरह्याछन् छोडाउन सकेन भन्या फिरंगीको धेरै
१५. दौलत पर्न्याछ पुराना अंगरेजहरु बाहुला भई धेरै दौलत लि जांथ्यां फरासिसको छो-
१६. डन्या डौल छैन भन्छन् भन्या षवर हाम्रा मानिस कलकत्ता जान्याले ल्याया विस्तार षबर
१७. कलकत्ताबाट हजुरमा आउला हामीले सुन्याको बिन्ति गर्न्या हो भनी बिंति गर्‍याको हो
१८. जो मर्जि -
१९. फिदवि बलविर राना गजसिं षत्रीका कोर्णेस बन्दगी सलाम सलाम-
२०. इति सम्वत् १८६८ साल मिती मार्गशिरवदि १३ रोज ३[८] मुकाम विजैपुर शुभम् — - - - -

(पोका नं. १३ बाट)

९ सङ्ख्या

वि.सं. १८७१ ज्येष्ठकृष्णएकादशी आदित्यवारको अर्जी

श्रीदुर्गा सहाये

प्याग

१. अर्जि -
२. उप्रांत लषनौ पठायाका मानीस्ले षबर ल्यायो असार जांदो श्रावन लागदोका बाक-
३. मा नबाब सादत् अली षसेछ षसन्या बेलामा नबाबको सालो रामजान अली साथमा
४. बस्याको रहेछ जसै नबाब षस्येछ फिलंगीलाई षवर दियछ र फिलंगी आई नबाब

---

८. स्वस्ति श्रीशालिवाहनीयशाकः १७३३ श्रीविक्रमातीतवर्षाणि १८६८ स्वस्ति श्रीकलिगतवर्षाणि ४९१२
स्वस्ति श्रीगंगास्थितिशेषवर्षाणि. ८८
मार्गकृष्णः

	[गते]	[तिथि]	[तिथिको घडी]	[पला]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]	[वार]
[कार्तिक]	३०	१३	६०।	०	ह.	१।	१४	प्री.	२२।	३५	बु.

पत्रमा भ्रमवंश रोज ३ लेखिएको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५. बसन्या हबेलीमा चौकी राष्यछ नबाबको बिहाईत्या असल वीरको छोरा गायुद्धेहैद-
६. रले चाल पायछ र बेल्दारलाई पठाईकन नबाब षस्याकैनेरा गाह्रो फोर्न लाई आपु
७. पसन्या बाटे गरी ढालतरवारसित पसेछ आफ्ना मामालाई मलाई क्यान षबर दि-
८. यौन भंदा फिलंगीको चौकी आयो मैले षबर दिन पाईन भनेछ गायुद्धेहैदरले आफ-
९. ना सिपाही सबै चौकीमा राषी फिलंगीको चौकी उठाईदियो लषनौमा बस्न्या बेली
१०. साहेब र अरु २।४ वटा साहेबलाई हातहतियार नबांधी आउनु भनी बोलायाछं ह-
११. तीयार नबांधी आयाछन् र गायुद्धेहैदरले अघि आफना बाबुले गादि दियाको र ष-
१२. रषजाना मुलुक कारबार सबै सोप्याको सनत् देषाईदियछ हिजो बाब ज्यानले पनी
१३. दियाको यहि हो आज तिमीहरुले पनी सही गरीदेउ भंदा फिलंगीले बोलेनछ नबो-
१४. ल्दा सही जति गरीदियौन भन्या बाबा ज्यानको लोथ र तिमीहेरुलाई यकै ठाउँ गाडछु
१५. भनेछ र डरले उनेहेरुले पनी सनत् गरिदिया भाईहरुले पनी सही गरिदिया अरु मी-
१६. र आदमीहरुले पनी गादि मान्या जो कम्सल् वीरको छोरा जर्नैल नासरत्दौला
१७. फिलंगीसीत मिल्याको रहेछ उसले मात्र सही गरीदियनछ वाहासम्म र मुलुक्-
१८. मा धेरै धुमधाम् आफ्आफैं लुयलुट् भै गारद भयेछ जगाजगाको सहरमा कोठी प-
१९. नी बन्द भयेछ पछि र मुलुकबाट सरसलामी पनी गयो मुलुकलाई षिलत् षातीर-
२०. दारी पनी आयो गायुद्धेहैदरको हालहुकुम चलेछ आजभोली र सिपाहीलाई दर्माहा
२१. बढाई राषन लागीरहेछ भंन्या यो षवर ल्यायो लषनौको हवाई ढेर उठछ ऩाहांउ-
२२. प्रांत मानीस बस्यैको छ जो षबर आउला पछि बिन्ति गरी पठाउला --- मा मर्न्या बेगम्-
२३. को दौलत उजेरलीको छोराले पाईछ नबाब सादत्त अलीले आफ्ना छोरा गायुद्धेहैदर
२४. क्याकोछ इति गढिमा चारै दिसाको षबर पाउन्या माझ परन्या उपरदाग
२५. चिसापानीको गढि पूर्वतिरको काद्रांगढि पसिमपट्टिको सिचांगगढि चारै
२६. दिसाको षबर पाउन्या पनि तिन रस्ताको मुहुडा उपरदार चिसापानीका इ
२७. तिन गढि रहेछ इ तिन गढि बनावन्या हो भनि ऩाहांका थरि घाटु बुढा-
२८. ले पनि भंछन् मेरा चित्तले पनि तेस्तै देषछु गढि फाडन लागीरह्याछु बल-
२९. ले पुग्दैन दरमदिपुरब र तिरुसुली गंगा षेष्टनापछिमाको झारा बक्सनुभ-
३०. यादेषि अड पयाड बनाउदा दुष जना पनी के छैन ऩाहाका सिपाहि घात ली
३१. हान भन्या सुघर रह्याछन् धनुकि ---- जमामकि प्रग्या पाया जमाउ-
३२. दा हु मेरा जान्याबुझ्याकोसम्म गर्न्याछु गोर्षाको साठिमुन्या कदमि चाक-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३३. र हु चित गरुला सुन्याको समचार लेषिराष्याछु कलमि सचार मैले चीवा छा-
३४. ड्याको मानीस अइ लेषि चह्राइ पठाउला बिंति गरि पठाइराष्याछु सर अव-
३५. सर माफ गर्नुहोला जो आया सो सहि सुबा भवानीदत्त थापासित भेट भयाको
३६. छैन भेट भयापछि जो याहां भयाको समचार बिंति गरि पठाउला विज्ञेषु किमधि-
३७. कं इती सम्वत १८७१ साल जेष्ठवदि ११ रोज १[९] मुकाम उपर

(पोका नं. १५ बाट)

नयराज पन्तको, वि.सं. १९९४-१९९९ को टिपोट

[नेपाल ललितपुरबाट दी नेपाल स्टेशनरी वार्कस्‌ले निकालेको, ४८ पानाको, धर्को भएको “सरस्वती” एक्सरसाईज बूकमा आफ्नो २४ देखि २९ वर्षसम्मको उमेरमा नयराज पन्त (वि.सं. १९७०-२०५९)ले टिपेका, वि.सं. १९९४-१९९९ को टिपोट लक्ष्मीपति-नयराजसङ्ग्रहमा छ। त्यो टिपोट धेरैजसो बाँसको कलमले, पाको मसीले र एक ठाउँमा नीलो मसीले लेखिएको छ। टिपोटको भाषा नेपाली भए पनि लिपि भने कहीँ देवनागरी र कहीँ गुप्तकालको भारत र लिच्छविकालको नेपालमा चलेको गुप्तलिपि छ। गुप्तलिपिमा लेखिएको भाग अहिलेको लागि थाँती राखी देवनागरी भाग प्रकाश गरिन्छ।

-महेशराज पन्त]

१९९४ साल कार्तिक ८ गते कलकत्तामा रहेका जर्मन कन्सल जनरल सपरिवार नेपाल आइपुगे। निज गेष्ट हाउसमा वसेका थिए। कार्तिक १२ गते वेलुका ६ बजे सिंहदरवारमा कन्सल जनरलले स्फीच बाचेर श्री ३ र क. इ.[१] जर्मनीको उच्च खिताव टक्राए। श्री ३ को स्फीचपछि क.इको स्फीच त्यसै दिन अलि वेरपछि। श्री ३ बाट कन्सल जनरललाई प्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु र भाइस कन्सल जनरललाइ प्रसिद्ध गोरखा दक्षिणबाहुको तक्मा वक्सियो। १४ गते हनुमानढोका दरवारमा कन्सल जनरलले श्री ५ को दर्शन गरे। सिंहदरवारमा १५ गते कन्सलको स्वागतका लागि टकी सिनेमा र फौजी खेल कसरत भयो। १६ गते निज कन्सल कलकत्तातर्फ गए।

---

९. कलेर्गताब्दाः ४९१५ विक्रमार्कसंवत् १८७१ शाके १७३६

ज्येष्टकृष्णः

	[गते]	[तिथि]	[वार]	[तिथिको घडी]	[पला]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[ज्येष्ठ]	४	११	र	५७।	२४	पू	२।	१०	वि	३३।	३६

१. क. इ.लाई हुनुपर्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कन्सलको भाषणको सार.

धेरै यद्ध भए तापनि हाम्रो देशको चलन धेरै नै मिल्दछन्। पूर्वदेशको दर्शनमा जर्मनीले कदर गर्दछ। जर्मनीमा वीरताको कदर हुन्छ। गोरखालीको वीरता संसारप्रसिद्ध छ।

महाराजबाट भूकम्पमा पनि बाहिरबाट सहायता नलिई नेपालको उन्नति भयो। हाम्रो देशमा पनि भारी नेताले जर्मनीको ठूलो उन्नति गरे। महाराजलाई जर्मनका नेताले स्याशसमेतको 'स्यर आफ दि जर्मन रेड क्रास'को खिताव टक्राउनुभएको छ। जर्मनीको राजनैतिक स्वार्थ केही छैन। अध्यात्ममा वन्दवेपारमा नेपालसँग हाम्रो संबन्ध मित्रता अत्यन्त असल संभवको कुरा हो। क.इ. साहेवलाई 'आर्ड्र'[२]. आफ. दि. जर्मन. रेडे[३]क्रास'को तक्मा चढाउँछु।

श्री ३ को भाषणको सार

तपाईलाई स्वागत छ। गोरखालीको वीरता र भूकम्पको उद्धारका विषयमा बोल्नुभएमा[४] तपाईलाई धन्यवाद छ। अध्यात्मको विषय र वन्दवेपारमा शान्तिपूर्वक हामी दुवैले सहयोग गर्‍यौं[५] भने अवश्य नै सवैलाई सुख हुनेछ। मेरो छोटे बुद्धिले सकेसम्म आफ्नो देशको उन्नति गर्दैछु। भूकम्पोद्धारमा मलाई मेरा सहयोगीहरूले मद्दत दिएका हुनाले म सफल भएको हुँ। मेरा भाइछोराहरूले मलाई यस विषयमा चन्दाबाट पनि मद्दत गरेका छन्। तपाईका मुलुकका भारी नेता आडल्फ हिटलरले यूरोपसभ्यताको रक्षा र आफ्नो देशको ठूलो उन्नति गरे उनको प्रशंसा हामी खुप गर्दछौ। हामीसँग यसरी दोस्तीभाव देखाएमा[६] तपाईँका ठूला नेता फ्यूहरलाइ हामीले दिएको धन्यवाद उनकहाँ पुऱ्याइदिनुहोला।

१९९४ संख्या २७ गोरखापत्र

फिनल्याण्डका फिल्ड मार्शल म्यानर हिम नेपाल आउँदा श्री ३ वडा महारानीबाट भूकम्पपीडितोद्धारमा लाखौ रुपैया फण्ड दिएमा[७] त्यो गुणको कदर गरी प्रशंसा गरे। फिन्ल्याण्डबाट श्री ३ वडा महारानी[८] यति ठूलो काम गरेमा[९] 'फेनिश रेड क्रास'को तक्मा पठाएका थिए। त्यो पहिरने उत्सव कार्तिक २५ गते सिंहदरवार[१०] भयो।

१९९४ संख्या २७ गोरखापत्र

'भोटकुतितिरवाट ३०।३२ हजार च्याङ्ग्राभेडा आउँथे यस (९५) सालमा 'भेडाच्याङ्ग्राका वेपारवाट धेरै पाप काम हुन गो रोक्नू' भन्ने ल्हासाका भोटसरकारका तर्फबाट कुतिका हाकिमढेवाहरूका नाममा सनद आएकोले भेडाच्याङ्ग्रा रोकिए। जैसीकोठामार्फत नेपालसरकारमा यो कुरा जाहेर हुँदा भोटसँग लेखापढी गरी चाडवाडका लागि साविकवमोजीम भेडाच्याङ्ग्रा आठने भयो भन्ने कुति अदालतको कार्तिक २८ गतेको खवर.

१९९५। मार्ग। २४। शुक्र.
गोरखापत्र. ३३ संख्या

केरुङबाट ज्यादा भेडाहरू नेपालमा उत्रन्छन् कुतिबाट प्रायः दसैमा मात्र आँउछन् .

९५ साल कार्तिकको लगभगदेखि आउने भेडामा फि भेडाच्याङ्ग्रा कालामोहर ४ रुपैयाका दरले भोटले कर लायो अगि फि भेडा १०।८ पैसा जति कर थियो। ९५ सालमा भेडाहरू निकै महगा भए।

९५ आषाढ १६ गते (३० जून) पटनाको जनतानामक साम्यवादी पत्रले नेपालका श्री ३ का खलकमा[११] वारेमा लेख लेखेमा[१२] नेपालले भारतको केन्द्रीय सरकारसँग लेखापढी गरी विहारका पुलिसद्वारा प्रेसको तलाशी गराए। जनताले नेपालका वारेमा कडा कडा लेख अरू पनि लेखेको थियो।

जर्मनीका अधिनायक हर हिटलरले जेकोस्लोवियाका सुटेडन प्रान्तका जर्मनको संरक्षणका वहानाले जेकोस्लोवियाको अंगभंगको प्रस्ताव गर्दा सन्धिवमोजीम फ्रान्सले जेकसरकारलाई सहायता दिदा महायुद्धको संभावना भएमा[१३] व्रिटेनका प्रधानमन्त्री नेवील चेम्वरलेन फ्रान्सका राष्ट्रपति दलालिया[१४] इटलिका अधिनायक मुसोलिनी र हर हिटलर वसी म्युनिचमा ९५ आश्विन १३ गते कचहरी गरी वलजफत जेकोस्लोवियाको अंगभंगको समर्थन गरी महायुद्धको संभावना हयए। यसवापतमा श्री ३

---

२. आर्डर हुनुपर्ने। ३. रेड हुनुपर्ने। ४. बोल्नुभएकोमा हुनुपर्ने। ५. गर्‍यौं हुनुपर्ने।
६. देखाएकोमा हुनुपर्ने। ७. दिएकोमा हुनुपर्ने। ८. महारानीबाट हुनुपर्ने। ९. गरेकोमा हुनुपर्ने। १०. सिंहदरवारमा हुनुपर्ने।
११. खलकका हुनुपर्ने। १२. लेखेकोमा हुनुपर्ने। १३. दलादिया हुनुपर्ने। १४. भएकोमा हुनुपर्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जुद्धले व्रिटेनका मन्त्री चेम्वरलेनलाई धन्यवादको तार पठाए। चेम्बरलेनले यस्तो संकटमा हाम्रो सहायता नेपालबाट होला भन्ने आशा छ भन्ने भावको तार पठाए। श्री ३ जुद्धले फूलपातिका दिन आश्विन १४ गते टुडिखेलमा पल्टनलाई जानुपर्थ्यो अहिले मिल्यो, पछि के हुने हो १६ पल्टनले तयार रहनुपर्दछ भन्ने भावको भाषण दिए।

(कोजाग्रत) १९९५ आश्विन २१ गते रोज ६ मा वेलुका ६ वजे जुवा फुक्यो। २२ र २३ गते अड्डा तातिल रह्यो। जुवा २३ गते वेलुका ६ वजे वन्द भयो.

२१ गते राति पशुपतिमा श्री ३ जुद्धकी साहिला रानीसाहेवको (किरणसंशेरकी मुमाको) मृत्यु भयो.

(पञ्चक) कार्तिक ५ गते रोज ६ मा ६ वजे वेलुका जूवा फुक्यो ८ गते राति ३ वजे वन्द भयो। ९ गते वाह्र वजे दिनमा फुक्यो १० गते वेहान ६ वजे वन्द भयो। ६-१० गते अड्डा तातिल रह्यो।

कार्तिक २१ गते श्री ३ जुद्धले टुडिखेलमा पल्टनलाई १६ पल्टनले हरदम रुजू रहनुपर्दछ। काजमा खटिएका अफिसरले पल्टनमा परेड खेल्नुपर्दछ भन्ने भाषण दिए।

९५। कार्तिक ६ गते ध्रुवसंशेरका महलमा जूवा खेल्न वसेका भोगेन्द्रराज, खगेन्द्रराज सुव्वा कृष्णदास इत्यादिहरूको नाउँ टिपेर हजुरिया जनरल वहादुरसंशेरले लगे।

कार्तिक १२ गते श्री ३ ले गरेको व्रतप्रतिष्ठाको काममा भोगेन्द्र र खगेन्द्र वोलाइएन्[१५]। कार्तिक १६ गते कृष्णदास खोसिए। अरू साहुहरूलाई दरवारको काम नदिने र ढोका बन्द इत्यादि भयो। बाबु छँदा छँदै छोराले जूवा नखेल्नु भन्ने जुद्धका विचारको यो काम हो रे। कार्तिक २० गते भोगेन्द्रराज, खगेन्द्रराज खजाञ्ची भरतराज मे. ज. समरसंशेरहरूले माफी पाए कार्तिक २६ गते बहादुरसंशेरका छोराको पास्निका दिन जुद्धले आफ्ना भाइभारदार आइमाईहरूलाई एक भाषण सुनाए त्यसको सार.

हामी हिन्दू हौं हामीले धर्मानुसार विदेशबाट आएको खाने पदार्थ खानु ठीक होइन।

ठूला ठूला घर बनाई विदेशी सामानले भरेर स्वदेशका कला लोप गराउनु योग्य होइन।

वँगैचामा विदेशी नङ्गा पुतली राख्नुभन्दा आफ्नै देशका वीरपुरुषको सालिक राख्नु बढिया हो।

स्वास्नीमानिसले पनि ढाँचा गरेर विदेश[१६] सिगारपटार गरी देशको पैसा उडाउनु राम्रो होइन।

मार्ग १ गते द.क.ज. केसरसंशेर बाबुका श्राद्धको दिन (श्राद्ध पनि नगरेर - हल्ला) (कलकत्ता) मधेशतर्फ गए। जिभ्राको ओखति गर्न गएका हुन् रे.

पौष २१ गते वेलुका ४ को करीवमा उनको सवारी भित्रियो

भद्रामा. आर्द्रामा.

उग्रैर्नृपो दारुणभे कुमारो राज्ञी विशाखासु विनाशमेति

९५ मार्ग १३ गते सोमवार १०।१७ वज्दा श्री ३ जुद्धको ठोरीतर्फ सवारी। छानिएका सिपाहीलाई ठीकसँग रहनु पू.क.ज.को आडर मान्नु भन्ने भाषण दिई सवारी

मार्ग ११ गते शनिवार वेलुका ६ वजे शुक्रराज जोशीले इन्द्रचोकमा घण्टाभर जति गीताविषयक व्याख्यान गरे गंगालालनामक विद्यार्थी (कलेज आइ.ए. प्रथम वर्ष)ले पनि केही भाषण गरे। भोलिपल्ट शुक्रराज र मुरली पक्रिए। शुक्रराज सिंहदरवारबाट क.इ. का गारतमा थुनिए। मुरली छोडिए। गंगालाल बेपत्ता। १५ गते बुधवार वेलुक[१७] ५ वजे शुक्रराजलाई नेल ठोकी क.इ का गारदवाट ल्याई जेल लगे। उनका पछि १०।१२ सिपाही थिए। ठानामा ल्याई सहरबाट लगेका हुन्। संभवतः शुक्रराज नै नेपालका प्रथम सक्रिय राजनैतिक कैदी हुनन्।

अदलका १ र २९ नं ऐनवमोजीम नया धर्म प्रचार गर्ने उद्योगवापत र गंगालालले भनेको 'नेपालका प्रजा भेडाबाखा हुन् मिले सबै कुरा हुन्छ' भन्ने कुरामा सहि थापेवापत शुक्रराजलाइ ३ वर्ष कैद भएको रे। क.इ.का इजलासमा ज्यो. रंगनाथ साक्षी भइ कारवाइ भएको हो। १९ गते फौजदारीमा निजलाइ सहिछाप गराउन लगेको थियो

---

१५. बोलाइएनन् हुनुपर्ने। १६. विदेशी हुनुपर्ने। १७. वेलुका हुनुपर्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मुरलीले रु ५०० को दोसल्ला पाए। यिनै जाहेरवाला हुनन् कि भन्ने हल्ला छ। गंगालालको पत्ता छैन। मुरली[१८] दोसल्ला पाएका कुराहरू हल्ला मात्र हुनन्। यसको उद्देश्य उनको वदनाम गर्नु होला

पछि गंगालालले माफि मागे. पाए.

पूर्व नं ४ का अरुण किनारमा बसेकी माई ९३ सालमा नेपालमा आएकी थिइन्। पशुपतिमा निजको डेरा थियो। धार्मिक सुधारको चर्चा उनका चेलीहरूका मुखवाट सुनिन्थ्यो। श्री ३ का साथमा पनि निजले भेट गरेकी हुन् धर्मविषयको केही सुधारको चर्चा उनले श्री ३ का हजुरमा पारिन्।

९५ साल कार्तिकमा १००।१५० चेलाचेली साथ लिई ठूलो यज्ञ गरी त्यसैमा होमिने निज माईले विचार गरिछन्। सुधार नभएको हुनाले होला। श्री ३ का हजुरमा जाहेर भई वडापत्रवमोजीम धनकूयका वडाहाकिम माधवसंशेरसमेत सिपाहीहरू साथ लिई मद्दत साथ आई निजका १०।२० चेलालाई धनकूय पुऱ्याए। माई र ५।७ चेलीहरू भोजपुरमा थुनिए। अरूहरूलाई आफ्ना आफ्ना घर पठाइदिए।

९५ पौषदेखि पल्टनलाई २।४ कोश मार्च गराउन लागे सिपाहीले झोलितुम्बा पनि भिरेका थिए।

९५ साल चैत्र ३० गतेदेखि १५ दिनसम्म ५ पाथीको भाउ र त्यसपछि ४।४ पाथीको भाउले बुझ्नू अगी बुझेका लागि ९६ सालमा ६ पाथीको भाउ दिने श्री ३ को त्यसै दिन आडर

९५ साल पौष महिनादेखि मालमा मोरु १ को ५ पाथीका दरले धान बुझ्ने गरिआएकोमा ४ पाथिका दरले बुझ्ने भयो.

९५ साल मार्ग १८ गते भारतका भाइसराय (राजप्रतिनिधि) आफ्ना पत्नी र ३ छोरीका साथमा ठोरीमा आए। श्री ३ र प क. ज. मोहन उ.क.ज. वहादुर ले.ज. सूर्य इत्यादि भारादारहरू ठोरिमा अगाडि नै पुगेका थिए। भाइसरायको ठूलो स्वागत भयो। मार्ग २६ गते भाइसराय कलकत्तातर्फ गए। उनको आगमनको खुशीयालीमा श्री ३ बाट तक्मा दोसल्ला चौसल्ला इत्यादि वाडियो।

९५ साल पौषदेखि डिठ्ठाखरदारहरूको पनि सुनको व्याज भयो

९५ पौष १२, १३ गतेदेखि टुडिखेलमा दिउँसो घाम लागेका बेलामा महाकालनिरबाट लुमडीनिर पानी जस्तो पदार्थ देखिन्छ भनि हेर्ने मानिसको हुल टमाटम हुन लाग्यो

९५ पौष २२ गते नेपालमा जापानी (भाइस. कन्सल जनरल. कलकत्ते +दृ[१९]) आए

१९९५ माघशुक्लपञ्चमी (श्रीपञ्चमी) माघ १२ गते

सवारीमा श्री ३ कान्छा रानीसाहेव (श्री ३ जुद्धकी) महारानी भूपध्वज सर्दार काजी रत्नमानलाई १००० थप

क.प वालकृष्ण ज.वा.रा मेक., क प्रकटमान मी.सु इत्यादि बढीबढाउ भयो

१९९५ फाल्गुन गते केशरसंशेरको औषधिका लागि वेलायतयात्रा

१९९५ फाल्गुन २८ गते श्री ३ को फिर्ती सवारी

१९९५ चैत्र १७ गते ज. सिंहसंशेरको तृतीय राजदूतकै हैसियतले वेलायतयात्रा

१९९५ चैत्र. २५ गते क. इ, प.क.ज. उ.क.ज हरूलाई त्रिशक्ति, प.क.जका दुइ छोराहरूलाइ गो.द.वा. इत्यादि तकमा

१९९६ वैशाख ५ गते थमौती

१९९६ साल वैशाखमा पूर्वपश्चिम सबैतिर अत्यन्त आगलागि भयो। मकवानपुरमा १११ घर अड्डाहरू पनि परे। आगलागि नभएका त जिल्लै छन्[२०] भने जस्तो पो थियो। नेपालमा ठामठाममा आगलागि भयो। डाडामा पनि चन्द्रागिरिमा फूलचोकीतिर पनि सहरबाट आगो देखिन्थ्यो।

यस साल पानी पनि बहुतै कम पऱ्यो।

नयी दिल्ली (डाकद्वारा)। गत फरवरी मे दिल्ली मे हिन्दू महासभा की वर्किङ्ग कमेटी ने नेपाल महाराजके संबन्ध मे निम्नलिखित प्रस्ताव पास किया था-

---

१८. मुरलीले हुनुपर्ने। १९. +दृको अर्थ बुझिएन। २०. छैनन् हुनुपर्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

"हिन्दू महासभा नैपाल महाराज से निवेदन करती है कि भारत के समस्त हिन्दू महाराज को अत्यन्त गौरव और प्रेम से देखते है, क्यो कि संसार मे नेपाल ही एक स्वतन[21] हिन्दू राज्य है। हिन्दू महासभा सुदूर पूर्व मे चीनजापानयुद्ध से उत्पन्न परिस्थिति की ओर महाराज का ध्यान आकर्षित करती हुई उन से निवेदन करती है कि नागरिकों को सैनिक शिक्षा देकर अपनी शक्ति वठयें[22] सामरिक हवाई जहाजों का संगठन कर के अपने सैनिकों का आधुनिक शस्त्रों से सुसज्जित करें। तथा अपनी हवाई शक्ति ऐसी वना लें कि भविष्य मे नैपाल विदेशी शक्ति के लिये अजेय हो जाय"

इस प्रस्तावको स्वीकार करते हुए नैपाल महाराज के प्रधानमन्त्री ने निम्नलिखित उत्तर भेजा हैं-

गत ६ मार्च १९३९ का लिखा हुआ पत्र महाराज को मिला। दिल्ली मे गत ३, ४ फरवरी को महाराज के संबन्ध मे हिन्दू महासभा की वर्किङ्ग कमेटी ने प्रस्ताव पास किया है, उस की नकल भी पत्र की साथ है। हिन्दू भाइयो ने जो प्रेम दिखाया है, उस से महाराज हृदय से प्रभावित हुए हैं। इस के लिये महाराज उन्हें हार्दिक धन्यवाद देते हैं और प्रस्ताव मे जो विचार प्रकट किये हैं उसकी प्रशंसा करते हैं "

१९९६ वैशाखकृ १० शुक्रवार
दैनिक विश्वमित्र

सं १९०४ सालमा भाद्रशुदिपूर्णिमामा ग्रहण हुनाले 'इन्द्रयात्रा ग्रहले'[23] १ दिन बढ्यो ४।५ मा रथ चल्यो'

सं १९०६ सालमा भ्राद्र[24]शुदिपूर्णिमामा ग्रहण हुनाले र आश्विनवदि १ मा भूकम्प गएको हुनाले अष्टमीका दिन इन्द्रध्वजविसर्जन भयो.

१९९६ सालमा आश्विन १५ गते भा. शु १३ मा दिनको घंय ११।४५ मा भूकम्प गएको हुनाले इन्द्रध्वज आश्विन २२ गते आ। व. १० मा विसर्जन भयो

आश्विन २२ गते कुमारीको रथ भेडासिङ्मा आइपुग्दा पाङ्ग्रा भाचियो वेलुका वल्लतल्ल चक्काको पाङ्ग्रा मिलाएर १० बजे कुमारीलाई स्थानमा पुऱ्याए

१९९७ वैशाख २४ गते वेहान १०।३० मा श्री ५ युवराजाधिराजको विवाहको स्वयंवर भयो। श्री ३ जुद्धकी नातिनी ज. हरिसंशेरकी छोरी कन्या हुन्।

वैशाख २६।२७ गते विवाह थियो। २७ गते वेहान १०।३० वजे कर्कटलग्न कन्यांशकमा विवाह भयो। साइपाय लाँदा एउय हाती मातिदा त्यसमा वसेका ६ जना सुब्बाहरूलाइ चोट लाग्यो। हिराचाँदसम्म अर्थात् सरदारकरनेलसम्मलाइ दोसल्ला मिलेको थियो।

१९९७ साल आश्विन ३१ आश्विनपूर्णिमाका दिन (पाटन नागबहालमा १९, १९ वर्षमा कराउने साढे कराएकोले दीपंखा योग पर्दा) करीव ७ हजार जना मानिस सतबीज छर्दै हिडेका थिए। उनीहरू नेपालका प्रसिद्ध प्रसिद्ध सबै देवदेवताकहाँ जान्थे। ९९ साल श्रावण २५ उ. क. ज बहादुरसंशेर हिन्दुस्थानबाट भारतमा आए कालीमाटीमा सुबासम्म सामेल। श्री ३ बाट उनलाई चौसल्ला मिल्यो।

---

२१. स्वतन्त्र हुनुपर्ने। २२. बढायें हुनुपर्ने। २३. ग्रहणले हुनुपर्ने। २४. भाद्र हुनुपर्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तेत्तीसौँ वर्षको आम्दानीखर्चको विवरण

आम्दानी

५३६२३५।२०

नेपालसरकार शिक्षामन्त्रालयबाट

श्री ५को सरकार मन्त्रिपरिषत्सचिवालयको २०५७।७।२४ को निर्णयअनुसार
आ.व. २०६५।६६ र आ.व. २०६६।६७ मा आएको

२०००००।-

मदनपुरस्कारपुस्तकालयबाट संशोधन-मण्डलले पाएको अर्थसहायता

१०००।-

वीर भक्ति थापा राष्ट्रिय एकताअध्ययनकेन्द्रले संशोधन-मण्डललाई
सम्मान गर्दा आएको

११०००।-

संशोधन-मण्डलमार्फत बिक्री हुँदा

इतिहास-संशोधनबाट

३५०।-

कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्याबाट

५०।-

नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्यबाट

५।-

पूर्णिमाबाट

३१८५३।५०

विद्या-रक्षाबाट

२०।-

सावधान-पत्रबाट

१००।-

दिनेशराज पन्तबाट संशोधन-मण्डलले पाएको अर्थसहायता

७५०।-

मुद्दती खाताको ब्याज

६८०४२।६१

बचत खाताको ब्याज

९४९२।७९

पोहोरको बाँकी (*पूर्णिमा* १३२ पूर्णाङ्कको ३६० पृष्ठमा प्रकाशित)

२१३५७१।३०

खर्च

१५५२६५।५०

पूर्णिमा १२९ पूर्णाङ्कमा

२८८१९।-

पूर्णिमा १३० पूर्णाङ्कमा

३४०३१।-

पूर्णिमा १३१ पूर्णाङ्कमा

२८२९४।-

पूर्णिमा १३२ पूर्णाङ्कमा

२५५०६।५०

सहायकलाई

३३७६१।-

इतिहास-संशोधन, कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या, पूर्णिमा,
*सावधान-पत्र*को बिक्रीको लागि फोटोकपी गर्दा

२१५६।-

अरू

२६९८।-

बाँकी

३८०९६९।७०

मुद्दतीमा रु. ७८२०००।- (*पूर्णिमा* १३२ पूर्णाङ्कको ३६० पृष्ठमा छापिएको)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शुद्धिपत्र

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
गाता	९	मल्लले	मल्लको लागि
३८६	३	महेशराज २०५५	महेशराज पन्त २०५५
३९७	१२	मल्लले लेखेका पत्रहरू यसै	मल्लले यसै
३९७ पृष्ठ			
१० टिप्पणी	३६६	३६६-३६७	
४०१	३	बाँसकोटा	बाँसकोटाको
४०४	२	कामो अद्यारभ्य	°कामो अद्यारभ्य
४०५	हेडर	मल्लले	मल्लको लागि
४०७	हेडर	मल्लले	मल्लको लागि
४०९	हेडर	मल्लले	मल्लको लागि
४११	हेडर	मल्लले	मल्लको लागि

४२५ पृष्ठ

३ टिप्पणी अशुद्ध भएकोले त्यसको सट्टा

संवत् १८६६ शाक १७३१

वैशाखशुक्ल:

	[गते]	[तिथि]	[वार]	[तिथिको घडी]	[पला]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[वैशाख]	१८	१३	शु	११।	१९	ह	१४	२३	ह	०।	५२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) *का.मे.अ.द.नं. १५५/२४९*

कार्यालय

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग

काठमाडौँ

नेपाल

फोन नं. ४६७०३८०

४३०१०२५

४४३५७४९

ई-मेल – samshodhanamandala@yahoo.com

पो.ब.नं. ४१६६, काठमाडौँ

वि.सं. २०६९ ज्येष्ठ

यस अङ्कको मूल्य रु. ३००।-

मुद्रक

श्री प्रेस

एकान्तकुना, जावलाखेल

ललितपुर

नेपाल

फोन नं. ५५३२८२२

ई-मेल – shreepress@wlink.com.np